
कथा-अङ्क-८
८६
ISSN 2362-1117

प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रियस्तरको (क) वर्गमा वर्गीकृत

# वैजयन्ती

वर्ष १६ अङ्क २ पूर्णाङ्क ८६ विधाकेन्द्रित साहित्यिक पत्रिका २०८० असार-साउन

**संस्थापक**
वसन्तकुमार शर्म्मा 'नेपाल'

**संरक्षक**
राधादेवी शर्मा

**निर्देशक**
विनयकुमार शर्मा नेपाल

**प्रधान सम्पादक**
ठाकुर शर्मा भण्डारी

**सम्पादक**
यादव भट्टराई

**सहयोगी**
कमला नेपाल
महेशप्रसाद रिजाल
भाभा शर्मा
आभा शर्मा
मातृका आचार्य
विभव नेपाल

**प्रकाशक**
**शब्दार्थ प्रकाशन**
चाबेल, काठमाडौं
**Shabdartha Prakashan**
Chabahil Ganeshthan, Kathmandu, Nepal
977-01-4497351 / 9841-496103
email : shabdarthaprakashan@gmail.com
nepal.vk@hotmail.com / nepal120@yahoo.com
web : http://nepalipublisher.com / http://shabdarthaprakashan.com

;'rgf M j}hoGtLdf k|sflzt /rgfsf] ;DkÚf{ lhDd]jf/ :jod\n]vs g}xg]5g\.

# सम्पादकीय

• कथा आख्यान विधाअन्तर्गतको एक विधा हो । यो नेपाली भाषा साहित्यको क्षेत्रमा अत्यन्त प्रचलित र पहिलेदेखि पौराणिक ग्रन्थहरूको प्रभावबाट प्रचलित लोककथा, दन्त्यकथा धार्मिक-सामाजिक-सांस्कृतिक रूपमा पनि प्रचलित कथाहरूको प्रभावबाट नेपाली साहित्यमा पनि अत्यन्त प्रभावपूर्ण ढङ्गबाट चर्चित छ । हामी अहिले वैजयन्तीको ८६ औं अङ्कमा केही स्वनामधन्य साहित्यकारका महत्त्वपूर्ण कथाहरू समावेश गर्न अग्रसर भएका छौं ।

• यसै क्रममा अति छोटो समय राखेर माग गरिएको भए पनि ४९ कथाहरू प्राप्त भए र ती कथामध्ये **दायित्व** साहित्यिक पत्रिकामा इन्द्रकुमार श्रेष्ठ-पर्दा पछाडि, खगेन्द्र खोल्साघरे-हितानन्द, गङ्गा कर्माचार्य-छोराको कमाई, गायत्रीकुमार चापागाईं-नेहा र नेहारिकाको संयोग, दुर्गाकिरण तिवारी क्षितिज-बच्चा त ठ्याक्कै बाउजस्तो, मुरारीराज मिश्र-कन्जुस छिमेकी, राममणि पोखरेल-सेवाको फल, सागरमणि थापा-चन्द्रागिरि डाँडोमा बदाम छोडाउँदै, असफल गौतम -परिवर्तन, आनन्द पौड्याल-गरिबीमा जकडिएको चक्रेको जीवन, कृष्णराज सर्वहारी-बरघरको हराएको सुँगुर, चन्द्रकान्त आचार्य-मनको साइनो, प्रभा बराल-छोरीहरू बलियो बन, रासा-एकदिन मात्र होइन, लक्ष्मण अर्याल-रूपान्तरणको कथा, श्रीरामसिंह बस्नेत-चर्केको आकाश, सुरेन्द्रलाल भुजु-अस्मिता, विष्णुप्रसाद पराजुली-मृत्युपत्र प्रकाशित हुँदै छन् भने **नवप्रज्ञापन** साहित्यिक पत्रिकामा डा. अमर कार्की-किन आयो त्यो रात, ओमप्रकाश अधिकारी-फल हो केको ?, डा. कुसुमाकर शर्मा गौतम-टोपीमा लुकेको भाग्य, गङ्गा लिगल-आमा, गोविन्दबहादुर कुँवर-मृगतृष्णा, जे.बी खत्री-विदेश मोह, टीकाराम वाग्ले-आँखाहरू, म्यामराज राई-जीवनदान, राजेन्द्रकुमार आचार्य-महँगो चिया, लता केसी-सपना, डा. विश्वदीप अधिकारी-न्यायिक अराजकता, शेखरकुमार श्रेष्ठ-दशा, सन्तोष बजगाई-जिउँदो लास, हरिप्रसाद अधिकारी-मालिक, हरिशरण ढुङ्गाना-आशङ्का प्रकाशित हुँदै छन् भने बाँकी यस अङ्कमा समावेश गरिएका छन् ।

• आफ्नो लक्ष्य अनुकूल वैजयन्तीले सम्बन्धित विधाको जानकारी **वैजयन्ती विधा केन्द्रित साहित्यिक पत्रिका** र **वैजयन्ती साहित्यिक पत्रिका** नामको फेसबुक भित्तोबाट दिइरहेको छ ।

• वैजयन्तीलाई माया गरेर रचना उपलब्ध गराउनुहुने सम्पूर्ण स्रष्टाहरूमा वैजयन्ती परिवार हार्दिक आभार प्रकट गर्दछ । यसका साथै आगामी दिनमा पनि सम्पूर्ण लेखक, साहित्यकार एवं पाठकहरूबाट स्नेह, सद्भाव र सहयोग प्राप्त हुनेछ भन्नेमा हामी विश्वस्त छौं ।

• **शब्दार्थ प्रकाशन**को **वेब साइट** http://shabdarthaprakashan.com वा http://nepalipublisher.com का साथै http://www.khabarinepal.com **को** Hotlink **मा वैजयन्ती**का सबै अङ्क '**डाउनलोड**' गर्न मिल्ने गरी राखिएका छन् ।

अन्तर्वार्ता-१, हाइकु-१, पूर्वस्मृति-१, गीत-१, चाड/पर्व/संस्कृति-२, लघुउपन्यास-२, नाटक/एकाङ्की-२, विदेशयात्रा-३, मुक्तक-४, गजल-४, लघुकथा-५, स्वदेशयात्रा-४, राष्ट्रिय-व्यक्तित्व-५, कथा-८, संस्मरण-७, गद्यकविता-७, निबन्ध-८ समीक्षा-८, छन्दकविता-१३ ओटा अङ्कहरू निकालिसकेको

साहित्यिक पत्रिका **वैजयन्ती**को

८७ औं अङ्क **संस्कृति-अङ्क ३** हुनेछ ।

## यस अङ्कमा


| क्रम. | कथा | कथाकार | पृष्ठ |
|---|---|---|---|
| १. | प्रायश्चित | अरुण नदी खत्री | ९६ |
| २. | एक्लो ऊ कि शहर ? | आत्माराम खरेल | ५ |
| ३. | फरियाको नाता र जल्किन पाखो | चन्द्रकान्त अधिकारी | १० |
| ४. | रहरबहादुरको कथा | जनकराज अधिकारी | १५ |
| ५. | चरित्र | देवकी के.सी. | १९ |
| ६. | अधैर्य | नवराज रिजाल | २२ |
| ७. | छोरीलाई शिक्षा | नारायणप्रसाद न्यौपाने | ३० |
| ८. | अलबिदा | पुष्प आर.जे | ३३ |
| ९. | अन्तिम भोज | बाँस्कोटा धनञ्जय | ४० |
| १०. | मसाज | बिनोद खड्का | ४७ |
| ११. | कथा | माधव पोखरेल गोज्याङ्ग्रे | ५७ |
| १२. | जिन्दगी घामछाया | राजेन्द्र श्रेष्ठ | ६१ |
| १३. | रापभित्र | रामप्रसाद पन्त | ७१ |
| १४. | गणतन्त्रको घाम | लीलाराज दाहाल | ७७ |
| १५. | पागलकी जोई | शिवप्रसाद जैशी | ८१ |
| १६. | आहट | हंसा कुर्मी | ९२ |


### स्थायी स्तम्भ


**पुछारको पातो** : कथाको सैद्धान्तिक स्वरूप -प्रा.डा. भागवत ढकाल १०१

**आवरण चित्र** : अनुभूति गुप्ता, उत्तरप्रदेश, भारत


### अब हाम्रो पालो

संस्कृति, नाटक, मुक्तक, गजल, लघुकथा, गीत आदि अङ्क ।

वैजयन्तीको लागि **रचनाहरू** शुद्ध टाइप गरी
shabdarthaprakashan@gmail.com
मा पठाउन सक्नुहुनेछ ।

## वैजयन्ती स्रष्टा सम्मानद्वारा सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| अङ्क १. प्रा.डा. कपिल अज्ञात (समीक्षा) | अङ्क २. राजेश्वर देवकोटा (पूर्वस्मृति) |
| अङ्क ३. बुनू लामिछाने (राष्ट्रिय व्यक्तित्व) | अङ्क ४. उर्मिला लामिछाने (नीतिकथा) |
| अङ्क ५. डा. शैलेन्द्रप्रकाश नेपाल (छन्दकविता) | अङ्क ६. भीष्म उप्रेती (स्वदेशयात्रा) |
| अङ्क ७. युवराज नयाँघरे (स्वदेशयात्रा) | अङ्क ८. डा.रामप्रसाद ज्ञवाली (छन्दकविता) |
| अङ्क ९. प्रा.डा. जयराज पन्त (चाडपर्व) | अङ्क १०. कन्हैया नासननी (विदेशयात्रा) |
| अङ्क ११. भुवनहरि सिग्देल (प्रणयकथा) | अङ्क १२. प्रा.डा.दुर्गाप्रसाद अर्याल (समीक्षा) |
| अङ्क १३. प्रा. गोपीकृष्ण शर्मा (समीक्षा) | अङ्क १४. रामेश्वर राउत 'मातृदास' (गद्यकविता) |
| अङ्क १५. डा. घनश्याम न्यौपाने (संस्मरण) | अङ्क १६. प्रदीप नेपाल (संस्मरण) |
| अङ्क १७. प्रा. शिवगोपाल रिसाल (छन्दकविता) | अङ्क १८. विजय चालिसे (निबन्ध) |
| अङ्क १९. प्रकाशमणि दाहाल (निबन्ध) | अङ्क २०. श्रीओम श्रेष्ठ रोदन (संस्मरण) |
| अङ्क २१. रामप्रसाद पन्त (स्वदेशयात्रा) | अङ्क २२. मञ्जुल (विदेशयात्रा) |
| अङ्क २३. नारायण निरासी (छन्दकविता) | अङ्क २४. शशी थापा 'पण्डित' (संस्कृति) |
| अङ्क २५. किशोर पहाडी (लघुकथा) | अङ्क २६. ललिता दोषी (एकाङ्की) |
| अङ्क २७. गीताकेशरी (लघुउपन्यास) | अङ्क २८. राधेश्याम लेकाली (गद्यकविता) |
| अङ्क २९. चन्द्रकान्त आचार्य (राष्ट्रियव्यक्तित्व) | अङ्क ३०. देवी नेपाल (छन्दकविता) |
| अङ्क ३१. अमरकुमार प्रधान (राष्ट्रियव्यक्तित्व) | अङ्क ३२. दिव्य गिरी (मुक्तक) |
| अङ्क ३३. सुषमा मानन्धर (कथा) | अङ्क ३४. बूँद राना (गजल) |
| अङ्क ३५. प्रा. राजेन्द्र सुवेदी (समीक्षा) | अङ्क ३६. नरेन्द्र पराशर (छन्दकविता) |
| अङ्क ३७. मेनुका पौडेल (निबन्ध) | अङ्क ३८. कृष्ण बजगाईं (कथा) |
| अङ्क ३९. धीरकुमार श्रेष्ठ (गद्यकविता) | अङ्क ४०. रामकाजी कोने (मुक्तक) |
| अङ्क ४१. प्रा.डा कृष्णप्रसाद दाहाल (समीक्षा) | अङ्क ४२. मुकुन्द शर्मा चालिसे (छन्दकविता) |
| अङ्क ४३. रोचक घिमिरे (संस्मरण) | अङ्क ४४. डा. विश्वदीप अधिकारी (निबन्ध) |
| अङ्क ४५. घनश्याम राजकर्णिकार (संस्मरण) | अङ्क ४६. खिमानन्द पोखरेल (गजल) |
| अङ्क ४७. मञ्जु काँचुली (लघुकथा) | अङ्क ४८. त्रिलोचन आचार्य (छन्दकविता) |
| अङ्क ४९. इन्द्रकुमार श्रेष्ठ सरित् (कथा) | अङ्क ५०. डा. लेखप्रसाद निरौला (समालोचना) |
| अङ्क ५१. भास्कर भण्डारी (निबन्ध) | अङ्क ५२. वासुदेव अधिकारी (गद्यकविता) |
| अङ्क ५३. वासुदेव पाण्डे (गजल) | अङ्क ५४. प्रभा भट्टराई (छन्दकविता) |
| अङ्क ५५. माधव पोखरेल गोज्याङ्ग्रे (लघुकथा) | अङ्क ५६. शीतल गिरी (निबन्ध) |
| अङ्क ५७. आत्माराम खरेल (निबन्ध) | अङ्क ५८. दुर्गाकिरण तिवारी (गद्यकविता) |
| अङ्क ५९. डा. रमेश शुभेच्छु (गद्यकविता) | अङ्क ६०. विनोद नेपाल (स्वदेशयात्रा) |
| अङ्क ६१. सूब सेन (नाटक) | अङ्क ६२. विष्णुप्रसाद शर्मा पराजुली (कथा) |
| अङ्क ६३. ज्ञान उदास (मुक्तक) | अङ्क ६४. डा. विष्णु केसी. (समीक्षा) |
| अङ्क ६५. लक्ष्मण अर्याल (लघुकथा) | अङ्क ६६. प्रह्लाद पोखरेल (छन्दकविता) |
| अङ्क ६७. हरि पाण्डे पथिक (राष्ट्रियव्यक्तित्व) | अङ्क ६८. बालकृष्ण भट्टराई (राष्ट्रियव्यक्तित्व) |
| अङ्क ६९. जनक वाग्ले (गीत) | अङ्क ७०. खगेन्द्र खोल्साघरे (संस्मरण) |
| अङ्क ७१. रासा (कथा) | अङ्क ७२. रुद्र ज्ञवाली (छन्दकविता) |



# एक्लो ऊ कि शहर ?

**आत्माराम खरेल**

सामाखुसीमा छु । 'एक्लो ऊ कि शहर ?' शीर्षकको रङ्गकला अवलोकन गरिरहेछु । रङ्गकलाको भावलाई मनमनै उतार्छु,- मेरो एउटा सपना छ । त्यो सपना यही शहरमा छ र यही शहरमा छ- सपना आयोग । यही आयोग वरिपरि यो मन भौंतारिएको छ । रङ्गकला कक्षबाट निस्किएको छु । यतिबेला गोंगबुमा स्थानीय बस प्रतीक्षा गरिरहेछु । मलाई असन बजार जानु छ । मेरो छेवैमा अर्का यात्रु पनि छन् । उनलाई सोध्छु- 'दाइ ! असनतिर जाने बस पनि यहाँ आउँछ ?'

अपरिचित- 'आउँछ तर तपाईं जमलमा ओर्लनुपर्छ । त्यहाँबाट करिब पाँच मिनेट हिंडेपछि असन बजार आउँछ ।'

जवाफ- 'सजिलै रहेछ, हजुर कहाँसम्म ?'

अपरिचित- 'जमलभन्दा दुई स्टप परसम्म ।'

प्रत्युत्तर- 'ए बाटो एउटै रहेछ ।'

अपरिचित- 'बस आयो, चढौं ।' म उनी छेवैको सिटमा बस्छु । कुराकानीको प्रसङ्गमा भन्छु- 'यस दुनियाँमा तपाईंका आफन्त कति छन् ?'

अपरिचित- 'खै, को छ भनूँ ।'

सोध्छु- 'कि एक्लो ?'

अपरिचित- 'अहँ ।'

फेरि सोध्छु- 'अनि को छ त ?'

अपरिचित- 'मेरा लागि म छु । अनि ... तपाईंका नातागोता इष्टमित्र कोही छैनन् कि कसो ?'

उनको जिज्ञासा मेटाउँदै भन्छु- 'नातो मान्छेको बोली र व्यवहारमा पनि हुन्छ । उसितको उठबसमा पनि हुन्छ । मुलुकको राष्ट्रियतामा हुन्छ । सबैभन्दा ठूलो नातो मानवतामा हुन्छ । भौतिक विकासले व्यक्तिवाद मौलाइरहेछ । ऊ प्राकृतभन्दा पनि चिडिया मानव बनिरहेछ । मनको नातोसमेत टाढिंदै गइरहेछ । अब त आफ्नै मन र विवेकलाई पनि बिर्सन थालिरहेछ ।

कति अचम्मको छ यो मन । सप्तरङ्गी प्लेट लिएर विविध जीवन हेर्ने गर्छ । कहिले ग्रामीण परिवेशमा शहरतिर घुमघाम गर्छ । कहिले शहरिया चस्मा

लगाएर ग्रामीण जीवन नियाल्ने गर्छ । पचास वर्षअघिको यही शहरलाई आजको गाउँसित तुलना गर्छ । त्यो शहरभन्दा यो गाउँ धेरै विकसित भइसकेको छ तर आजकोलाई आजकैले तुलना गर्दा गाउँ गाउँकै अवस्थामा छ । शहर झन् झन् विकसित हुँदो छ ।' भीड हेर्दै र छिचोल्दै गर्दा ममा विविध भावहरू छाए । हेर्दाहेर्दै सामाजिक जीवन शैलीमा कति परिवर्तन आएछ । ऐना हेर्छु- आफ्नै मुहार पनि कति बदलिएछ । अब त पहिलेको शहरमा भन्दा अहिलेको गाउँमा हतारोले एकदमै छाएछ । यतिबेला म आफ्नो युवाकालीन स्मृतिले घेरिएको छु । कहिले जनसेवा तरकारी बजार, वसन्तपुर डबली र असन बजार चियाउँछु । कहिले इन्द्रचोक, काठमाडौं गणेशस्थान र काष्ठमण्डप वरपर नियाल्छु ।

यो शहरमा एकदमै हतारो छ अनि छ एकदमै भीडभाड तैपनि यो शहर एकदमै एक्लो छ अनि यहाँ व्याप्त छ- एकदमै सुनसान । हर रोज देखिने मानिस पनि भोलिपल्ट नौला लाग्छन् । म तिनका आँखामा आफ्ना आँखा मिलाउन चाहन्छु तर के हुन्छ कुन्नि थाहा छैन । मैले तिनलाई देख्ने तर तिनले मलाई नदेख्ने । तीसित आँखा जुध्दा मुस्कुराउँछु तर जवाफ भने नास्ति । म दिलैदेखि हाँस्ने जवाफ भने- ओठे हाँसो । म एकदमै बोल्न चाहने, उचाहिँ बोल्नै नचाहने । मचाहिँ केही भन्न खोज्ने, उचाहिँ सुन्नै नचाहने । सुनिहाले पनि केही भन्नै नचाहने, भनिहाले पनि एकदमै काइते शैली । शहरका पीडा र आनन्द भोग्नेलाई थाहा हुन्छ न कि सुखसयलको बर्को ओढ्नेलाई ।

असन चोकको एकछेमा उभिएको छु । वरिपरिको माहोल एक तमासले हेरिरहेछु । ठाउँ ठाउँमा मानिसका हुल थुप्रै रहेछन् । एउटा हुलका मानिस नियाल्छु । तिनका मुहारमा कान्ति छैन, मनमा शान्ति छैन । तिनको हिँडाइ शान्तपूर्ण छैन । तिनको खुसी न घरभित्र छ न घरबाहिर । न मनभित्र छ न मनबाहिर । उमेरले काँध पनि झुकेको छ । अघि म बोलिरहेको थिइनँ किनकि म कुनै व्यक्तिको साथमा थिइनँ तर मनमनै बोलिरहेको म चुपचाप पनि थिइनँ ।

अचम्मको लाग्छ- त्यो व्यस्त बजार । त्यहाँ रङ्गीबिरङ्गी घरपसले छन् । थरिथरिका सडकपसले छन् । ग्राहक र बटुवा पनि कति हुन् कति । हुलमूलमै पनि ती ओहोर दोहोर गरिरहेछन् । गोलाकारझैं देखिने असन बजार आफैमा एक खुला मञ्च हो । त्यहाँ हुन्छन् अनेक पात्रका अनेक गतिविधि अनि देखिन्छन्- कसैलाई अफिस जाने हतारो छ, कसैलाई किनमेलको चटारो छ ।

आँखाले भ्याएसम्म हेर्छु देखिन्छन्- एकातिर मन फुकाएर किन्नेहरू, अर्कातिर मन खटाएर किन्नेहरू । हर वस्तुको खरिदीमा क्रेताको थैलीले नापेको हुन्छ । हर वस्तुलाई क्रेताले आँखा गाडी गाडी हेरेको हुन्छ- सक्कली हो कि नक्कली । पहिलेको र अहिलेको भाउ तुलना गर्छन् । थोरै किनिएकोमा बाध्यात्मक चित्त बुझाई गर्ने पनि छन् । चाहेजति किन्न नसकिए पनि सन्तुष्ट हुँदै फर्किरहेका

पनि छन् । अर्को हुलमा देख्छु- पुगीसरी आएका र पुगेस पुगेसका क्रेताहरू । झिसमिसे उज्यालोदेखि साँझसम्मै देखिन्छन् ती बजारिया दृश्यहरू । केही घन्टाको अन्तरालमा दृश्य परिवर्तन हुन्थे नाट्यशालामा झैँ र त्यहाँ क्रेता र विक्रेता एक थरी हैन अनेक थरी छन् । गतिविधि पनि केही थरी हैन विविध थरी छन् ।

चोकको उत्तरतर्फ, अलिक कुनातिर फोटो हाउस छ । त्यहाँ केही रङ्गीन चित्र झुन्डिएका छन् । आँसु नै आँसुले भरिएको त्यो रङ्गचित्रमा दुःखैदुःखका रङ्ग छन् । ती रङ्गभित्रका मानव नयन एकदमै आकर्षक छन् । दुवै गाला भिजेका छन् । एकछिन हेरिरहन्छु ती गाला भिजाउने आँसुका थोपाहरू । अश्रुथोपा कहिले सुखिलो रङ्ग भएर आउँछ हर्षाश्रुको रूपमा । अन्यथा त्यो दुखिलो भएर आउँछ दुखाश्रुको रूपमा । जीवनमा सुखिलो भन्दा दुःखिलो रङ्ग धेरै ओइरिने गरेको छ । दैनिक मुस्कानले भन्दा आँसुले भिजाउने गरेको छ ।

पुरानो टोलतिर लम्किरहेको हुन्छु । पुरानो पाटी देखिँदा टक्क अड्छु । अलिक उता रहेका ठिटाहरू पनि पाटीतिरै हेरिरहेका छन् । तीमध्ये एउटाले भन्छ- 'ए ! हेर हेर सुकुल ओढेर सुतेका ।' अर्कोले हाँस्दै भन्छ- 'आम्मै ! सुकुलले सिरक र डस्नाको समेत काम गर्दो रहेछ ।' ती पाटीवाल मान्छेसित लगाउने न्यानो कपडा छैन । सुत्न सहज हुने ओछ्यान पनि छैन । परालको जोहो गरेर साँझ पर्नासाथ पाटीमा उक्लन्छन् । साँझ-बिहान परालको आगो तापेर जाडो टार्छन् । चिसो बढेपछि त तिनलाई निमोनियाले समेत गाँज्छन् ।

आइपुगेको छु कान्तिपथ, यतातिर पनि भीडैभीड देख्छु । पत्तो पाउन्नँ सडकमा हिँडिरहेछु कि फुटपाथमा । जमिनतिर नियाल्छु म त फुटपाथदेखि ठीक मुन्तिर हिँडिरहेछु । फुटपाथको पल्लोछेउमा अर्को एउटा भीड रहेछ पत्रपत्रिकाको । त्यसभित्र पनि भीड रहेछ लेख-रचनाको । समाचारको भीड पनि त्यत्तिकै छ, कतै राजनीतिका त कतै कक्टेल डिनरका । यताको पृष्ठमा दोहोरी गायन र कविता वाचनका थुप्रै समाचार छन् । उताको पृष्ठमा पुस्तक विमोचन, सम्मान र पुरस्कारका लामै समाचार छन् ।

इन्द्रचोक आइपुगेको छु । चोकाछेउँ गल्लीतिर लाग्छु र एउटा रेस्टुरेन्ट एण्ड बारमा छिर्छु । मभन्दा पहिले एउटा साथी छिरेथे । त्यो परिचित साथी मेरो छेवैमा बस्छन् । उनी मदिरा पिउँछन् । म सुदिरा पिउँछु । साथी गनगन गरिरहेका हुन्छन् । म ध्यान दिएर सुन्छु, उनको अन्तर वेदना । साथी रुन खोज्छन्, म उनको काँधमा हात राख्छु । मैले ती साथीलाई बुझ्न सकिरहेको छैन, ती अल्कोहलका 'एडिक्ट' हुन् वा 'ननएडिक्ट' । यसखाले गतिविधि तिनको 'कमनसेन्स' हो वा 'ननसेन्स' । यतिबेला अन्य केही साथीका झल्का पनि आउँछन् । तिनले मेरा केही काम चाँडै गरिदिन्छु भन्छन् । खुसी हुँदै औंला भाँच्न थाल्छु तर जति नै गन्ती गरे पनि दिन चिप्लिरहेको मात्र हुन्छ । त्यता

आउँछु भन्छन् तर आइदिँदैनन् । आएका बखत खाऔं न भन्छु तर खाइदिँदैनन् । जगेडामा रहेका यी भेष्टहरू न्यानो छ भन्छु तर लगाइदिँदैनन् । समस्या पर्दा हेर्छौं भन्छन् तर हेरिदिँदैनन् । त्यो पुरानो सापटी दिन्छौं भन्छन् दिँदैनन् । जुन पाउन सजिलो ठान्छु त्यही गाह्रो भैदिन्छ । जसलाई नजिकका ठानिरहेथें ती त टाढाका रहेछन् । जसलाई टाढाका ठानिरहेथें ती पो नजिकका भएछन् । कुनै दिन मेरो आर्थिक हालत राम्रो भयो । वर्षौंदेखि पश्चिमतिर फर्केका मित्र पनि खोजीखोजी आए । हाँस्दैहाँस्दै आए र हाँस्दैहाँस्दै गए । हालत बिग्रेको थाहापाउँदा ढाड फर्काइ फर्काइ हिँड्न थाले ।

कमलाछी हुँदै पुरानो बसपार्कतर्फ लाग्छु । बजारबाट टाढिँदै जाँदा सास फेर्न सहज हुँदै जान्छ र यो मनले पनि गम्न थाल्छ- म शहरले मानिसलाई किन एक्लो बनाउँछ ? शहर ? ऊ एक्लो छैन । ऊसित विविध सम्बन्धहरू गाँसिएका छन् । म- ती बाध्यात्मक सम्बन्धहरूमा आत्मीयता छैन । शहर- यहाँ सधैं जो कोहीलाई नरम फूलका आँखाले हेरिन्छ ।

एकातिर म ऐना हेरेर 'विपिङ्ग थेरापी' गर्छु । शहरचाहिँ 'बिजुलीको लोडसेडिङ्ग' गर्दै 'नो लाइट थेरापी' गर्छ । म ऐना हेरेर 'लाफिङ्ग थेरापी' गरिरहेको हुन्छु । शहरले बिजुली मिटरमा अक्कल गर्दै 'झिलिमिली' थेरापी गरिरहेको सुन्छु । अलिक उता कान थाप्दा 'यताको मान्छे' र 'उताको मान्छे' भनिरहेको सुन्छु । अब म घरघरका छततिर हेर्छु- शहरले 'यो' र 'त्यो' जस्ता हजारौंका सपनालाई डढाइरहेछ । ती धुवाँ बन्दै चिम्नीबाट उडिरहेछ ।

यो शहरसित बाँच्नेकला सिक्ने र जान्ने फुर्सद नै छैन । उसित हतारो मात्र छ । ती कवि जो सुन्दरी हेर्न भ्याउँदैनन् कसरी चन्द्रमाको वर्णन गर्छन् ? ती मानिस जो साथी-सखिनीको साथ पाउँदैनन् कसरी सुखको व्याख्या गर्छन् ? त्यो मानिस कति दुःखी छ । कति अभागी छ । सामाजिक रूपमा ऊ कति एक्लो छ । उमेर ढल्कँदै जाँदा अनुभव गर्दै जान्छ । महँगीको मारमा परेका छन् उपभोक्ता । बाँच्नका लागि खोजिने न्यूनतम आधार नै सामाजिक न्यायका लागि हो । उत्पादकलाई श्रम-सम्मानको खाँचो छ । उपभोक्तालाई स्वभाविक मूल्य-वस्तुको खाँचो छ । तब न ती दुवै पक्षले मानवीय मूल्यको अनुभव गर्न पाउँछन् । भनाइ र गराइमा एकरूपता हुन्छन् । जब अनुगमन पक्ष गौण रहन्छ तब मानवीय पक्ष धमिलिन्छ । यसले गरिबी उत्पादनमा झनै सघाउँछ ।

शहरिया वितरण प्रणाली नियाल्छु- 'काखा र पाखा' तथा 'हाम्रा र उसका' । स्थापित झैं यी प्रणालीमा अग्रसर हुनमै यी शहर हतारिन्छन् । यही माहोलमा कतिपय मानवीय पक्ष लतारिन्छन् । न्यायोचित वितरण र समान अवसर नै सामाजिक खाँचो हो । 'पैसा नै सबै थोक होइन' भन्नु आदर्श हो । 'सामाजिक न्याय'को प्रणाली अर्थसित जोडिएको छ भन्नु यथार्थ हो ।

उसले नङ्ग्रा खियाउँछु भन्थ्यो तर मौकै मिल्दैनथ्यो । अब त ऊ भीड र ताँतीबीच जकडिएको छ । नचाहेर पनि के गर्नू ? उसले विविध प्रदूषणबीच पनि नहिँडी नहुने । त्यसमाथि यहाँ कहिले रोगले गलाउँछ । कहिले जैविक भोकले सताउँछ । मानिसले सहन नसक्दाको भोको पेटले जिउने कला सिकाउँछ । बाँच्नुको उपासना जीवन हो, यसको विपरीत अन्त्य । हर जीवमा पेट पनि झुन्डिएको हुन्छ । हर पेटमा आन्द्रा गुजुल्टिएको हुन्छ ।  त्यही गुजुल्टोले हर जीवलाई सङ्घर्षशील बनाउँछ । भोककै कारण मोह, ईर्ष्या र इख पनि जगाउँछ । जहाँ भोका पेट कराउन्नन् त्यहाँ विकासका गतिले पछ्याउन्नन् ।

उत्पादकले भीडमय बजार खोज्छ । बजारले टिकाउ होइन, बिकाउ राख्छ । उपभोक्ताले महँगो होइन सस्तो खोज्छ । उसले नक्कली होइन असली खोज्छ तर के गर्नु ? उत्पादकले जताततै गरिबी देख्छ । अधिकांश खल्ती हल्का र पातला देख्छ । फलतः उसले हल्का र पातला वस्तु उत्पादन गर्छ तर मूल्य भने साविककै वा नयाँ हुने गर्छ । म टोलाइरहेछु । एकाएक अघिकै सवाल सम्झन्छु अनि के त ? बिजुली छैन, पानी छैन । पेट्रोलको अभाव छ । महँगी त्यत्तिकै छ तर पनि यो शहर एकदमै प्यारो छ । यही शहर हर 'आउटसाइडर'को सपना बनेको छ । अब म उसलाई हेर्छु भाव शून्यतामा  लेखिरहेछ । शहर नियालिरहेछ । एक्लो आफूमै रमाइरहेछ । अझै पनि रमाइरहेछ । निरन्तर रमाइरहेछ ।

ä ã

## साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

१. **'वसन्त-राधा पद्यकाव्य पुरस्कार-२०६५'**

२०६८ डिल्लीरमण शर्मा अर्ज्याल
२०६९ पुरुषोत्तम सिग्देल तथा गोविन्दराज विनोदी
२०७० बुनू लामिछाने
२०७१ भुवनहरि सिग्देल
२०७२ लक्ष्मीकुमार कोइराला
२०७३ बाजुराम पौडेल तथा गणेश घिमिरे मार्मिक
२०७४ मोदनाथ शास्त्री तथा नरेन्द्र पराशर
२०७५ गोविन्द घिमिरे वेदमणि तथा नीलमकुमार न्यौपाने
२०७७ प्रा.डा. रामप्रसाद ज्ञवाली
२०७८ शैलेन्दुप्रकाश नेपाल
२०७९ डा. हरिहर अर्याल

२. **'हेमकुमारी-दिवाकर समाजसेवा सम्मान-२०६५'**

२०६८ प्रणवानन्द आश्रम, गुह्येश्वरी, काठमाडौँ
२०६९ चिसाखोला आश्रम, पोखरा
२०७० भागवत् सन्न्यास आश्रम, पशुपति, काठमाडौँ
२०७१ पवित्र समाज सेवा नेपाल, धापासी, काठमाडौँ
२०७२ त्रिफला राष्ट्रिय पुस्तकालय, झापा
२०७३ संस्कृत विद्या संवर्द्धिनी समिति, धरान
२०७४ हाम्रो बाल संरक्षण धरोहर, धापासी, काठमाडौँ
२०७५ द ओरफान होम, बाजुरा
२०७७ नेपाली शिक्षा परिषद्, सोह्रखुट्टे, काठमाडौँ
२०७८ ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठान, नुवाकोट
२०७९ द्वन्द्व पीडित तथा अपाङ्ग समाज, साँखु



# फरियाको नाता र जल्किनी पाखो

**चन्द्रकान्त अधिकारी**

जल्किनी पाखाको तल्लो भाग, दमाढुङ्गा माथिबाट गाडी चल्दछ । पानीको धारो डाँडामा केरा बगैंचामाथि थियो- भुइँचालोपछि दबियो, फेरि छ महिनापछि निस्कियो । सल्लेरी कान्छाका दुईजना पारि जाँदा विशे ठाँहिलो धेरैले भन्छन् माने ठाहिँलो । बूढापाकाको मुखमा भुन्डिएको छ- खत्री ठाहिँलो । ऊ दाउरा काट्दै थियो । कोही छिमल्दै थिए, कोही गिँड्नमा तल्लीन देखिन्थे । एक जोडी मुढा चिर्दै थिए- कटुस र चिलाउने भीरमाथिबाट झारेका रहेछन् । बखरेल कान्छो पनि थियो खेतालो- दाउरा काट्नेमा, कतै दाउरा मार्ने भन्छन् त कतै दाउरा तुल्याउने । सल्लेरीका दुईजना गए । एकछिन बाटैबाट उभिएर कुरा गरे सल्लेरी कान्छाले र बढे अगाडि । अलिपर पुगेपछि त्रिपेनी फाँटको पुल तर्न सोझरी जानलाई उत्तिसिनी पाखोमा ठाडो-उकाली बाटो ओह्राली थोरै झरेर सिमखेत पार गरेपछि साँघुको मुखमा पुगिन्छ । एउटा ढुम्रे धारोमा मूलको पानी तिरीरी गर्दै थियो । पुलको जीप सँगैको समीको चौतारीमा दुई/चारजना शीतल बस्तै सुस्ताउँदै थिए । सल्लेरी कान्छाका दुई जना पारि पुगे । साँझ-बिहान खाई पिई भलाकुसारी गरे इष्टमित्रसँग । फर्किए भोलिपल्ट उही बाटो उसरी नै ।

सन्केको छोरा कान्छा हुन् वा अरू, एक भाइ युवालाई साथ लिएर खाजा खाँदै रहेछन् खत्री ठाहिँला जल्किनी पाखाको बाटो किनारमा । ठाउँ शीतल रहेछ, खाजा तरकारी-भात गोलभेँडाको चटनीसित खाइरहेका । मुखै रसायो सल्लेरी कान्छाको अर्कोतिर फर्किएर पातलो थुक पिच्च पारे । उनीहरूसँग तल खोलाबाट सँगै आएका एकाघरका दाजुबहिनी थिए- तिनीहरू पनि सँगै बसे सल्लेरीका दुईजना सँगै । खत्री ठाहिँला पण्डित बने यतिखेर । सल्लेरीका दुईजना खासगरी श्रोता बने बडो अनुशासितसित । सल्लेरीले कुरा उप्काए- 'जल्किनी पाखो सामुदायिक पाखो, निजी पाखो वा कस्तो हो ? अथवा हो के सरकारी पाखो ? साँध-सीमा कहाँदेखि कहाँसम्म हो ?'

कुरा चुहिन पाएको थिएन, उनले खाजा खानै सुस्तरी गर्दै सविस्तार कहे । गथासो चाखलाग्दो रहेछ- 'फरिया नाताको ।' ठाहिँला भन्छन्- 'जे गर्छ त्यो सबै फरियाले गर्छ, फरियाको नाता जति बलियो अरू यो द्वीपैमा पाइँदैन । मरिजानु म्लेइ, भुजेर आइयो, रहँदा- बस्ता यी यो उमेर भइसक्यो । आँखाले हेरी हेरी के

के भोगियो, के के देखियो। बिजात्रा ! सबै कुराको बयान गरेर साध्ये भए मरिजानु। जे गर्छ सबै कुरा फरियाले गर्दो रहेछ। फरियाले समाएपछि त्यसले छाड्दै छाड्दैन। कालले छाड्ला अँ त नि - फरियाको गाँठो परेपछि मार्दिनु फुकाउन सके गाँठे, यसले किमार्थ छाड्दैन। तपाईं जस्तो देश खाई शेष भएर बुझ्या मान्छेलाई हामीले के भनौं- कुरामा कुरा पर्दा भन्नै पर्ने, यही फरियाले तानेर होइन तपाईं सकी नसकी हिजो पारि जानु भो, आज लुरुलुरु आउँदै हुनुहुन्छ। भन्दाखेरि छोरा न छोरी यसले कसरी तान्दो रहेछ, देख्नु भयो नि ? माया न दया दाम्लो लाग्यो बोका झैं जता भन्यो उतै खाई न पाई हेर चौपट्ट। इतिहास बोल्छ- महाभारत। एउटाले सके अर्को अर्कोले सके अर्को कतै नसके घरघरै चटाचट। तपाईं जस्तो इतिहास खारेकालाई के पुराण सुनाउनु।' साँच्ची नै उनको एकोहोरो एकतर्फीको पुराण सासै नबिसाई रोके।

'हाम्रो बूढालाई यस्तै फुँदा गाँस्ने मान्छे चाहिएको, क्यारि ठ्याक्कै जुराको !' फरियाको फुर्कोले पसिना पुछ्दै त्यो खित्का छाडेर हाँस्न थाली सल्लेरी कान्छी र सकेसम्म उसको बर्कतले फिसोलेर कुराको प्रसङ्गलाई अर्कोतिर मोड्न चाही तर सकिन। खत्री ठाहिँलो समाजरूपी निलो रहमा खेलेर खप्पिस बन्दै आएका हुन् भन्ने उनको जीवन क्यानभासलाई बुझ्न त्यसको कुनै तागतले छुनै सक्तैनथ्यो भन्ने कुराको इन्तिजाम उसको पछिपछिको चेहरा भावले बताइरहन्थ्यो। खत्री ठाहिँलाले जीवनको सर्वोत्तम मार्मिक खण्डलाई पोख्ने भरपर्दो श्रोता फेला पारेका किन छोड्थे, भन्दै गए- जति भन्दै जान्थे उनी व्यथा घट्दै गएर आरामको अनुभव गरिरहेको जिउको हलुको फुर्ती चेहरामा देखापर्थ्यो। उनको मानसिक दशालाई अलिकति भए पनि नजिकबाट हेर्ने सुन्दर मौका छोप्तै भावभङ्गी व्यक्त गर्ने बाटोमा कुनै अवरोध खडा नहोस् भन्ने ताकमा सल्लेरी कान्छा सक्दो मानसिक स्वास्थ्योपचारमा निरन्तर एक सुरले लागिरहे। सुन्दै गए, 'अँ, यो कस्तो पाखो अरे ठाहिँलादाइ ? सल्लेरीले उनीतिर हेर्दै कुराको घान लगाए।

'जल्किनी पाखो गल्लीमुनिसँग किनेको। त्यतिबेलाको समयमा पनि सात सात बीस मुन्द्राबली गनेर लिएका गाँठे बाह्र भाइ बाहरू मिलेर।' तल खोलाबाट सल्लेरी कान्छाका दुईजनासँग आएका ती दाजुबहिनी झिँजो लागेछ क्यारे उठेर बाटो लागे।

'ती बाह्र भाइ को को हुन् त ठाहिँला दाइ ?'

'अँ भन्यासी, मनबहादुरको बाउ, बखरेल बूढा, चक्रपाणिका बा, मेरा बा झ्याल्टुङ बूढा (भन्थे), गैराबारी जेठा, जन्तरे बूढा, झाँक्री साहिँला, डल्लेका बाउ, डाँडाघरे माहिँला, डिल्लीरामका बाउ, सानाकान्छाका बाउ ! कति भो ?'

एकजना पुगेन ? 'अँ, द्वारे साहिँलो ! यति बाह्र भाइले मोतो गरेर लिएका

रहेछन् र अहिले चरी चरन, दाउरा-घाँस सजिलो भा' छ ।'

'नापी गरेर राख्नुभएको छ कि ? बाह्र भाइको सामुदायिकमा छ ?'

'हो सल्लेरी लाहुरेले ठीक कुरा गर्नु भो । अठतीस सालमा नापी आयो । परको केराघारीबाट डुँढ जाने बाटो यता, सडक माथिको सालथुम्की तल र माथिबाट झर्ने गोरेटोभित्र सडकमाथि चार किल्लाको जल्किनी पाखो बाह्र चिरा लगाएर बाह्र भाइलाई नापेछन् । सडक तल चेपेको किनारसम्मको समुच्च भागचाहिँ बाह्रै भाइको साझा नाममा अहिलेसम्म छँदै छ ।'

'सुक्री-बिक्री पनि चल्छ कि ?'

'जल्किनी पाखा सडकमाथि नापी भएको आफू खुसी आआफ्नो हिस्सा चल्छ । तलको चाहिँ बाह्र भाइ विवर्जित हुन सक्तैन । यत्रा जनताको नेपाल राज्य त जनताका हातमा हुँदो रहेछ, बहुदल आओस् कि गणतन्त्र आओस् । नुन, तेल, फलाम, मल-बिउ, लत्ताकपडा लिनु खानु छैन । भारतले मुत भने मुत, हग् भने हग् ! के हो यो ? आसर्जे । सल्लेरी लाहुरेको अगाडि खत्री ठाहिँलो । हेर छँटाको, मनभित्र गुम्सेर बसेको अथाह वेदना छ मौका पाउनासाथ छाँटिहाल्छ ।' उनी यति भन्दै खित्का छाडेर हाँसे ।

सल्लेरी उनका कुराले स्तब्ध बने । जल्किनीपाखो जस्तै भयो त अहिले देश । मनमा सोचे- 'कता नेपालसँग पनि कसैको फरियाको नाता त जोडिएको छैन नि ? धत् यति सानो सीमित क्षेत्रीय पाखोसँग देशलाई दाँज्न मिल्छ । बरु यो पाखोसँग फरियाको कुनै नाता जोडिएको छ कि ?' सल्लेरीले कौतूहलवश मनमा देशसँगको कुरा दबाएर राखे र अर्को मानसिक लहरो तान्दै सोचे र सही थापे- 'अँ अँ भन्नोस् ! मलाई कत्ति पट्यार लागेको छैन ।' अँ, उनको धारा-प्रवाह मूल फुट्यो । सल्लेरी एकाग्र सुनिरहे- 'गल्लीमुनिकी छोरी कुँडारे कान्छालाई दिएको थियो । गल्लीमुनिको घर जल्किनीपाखाको मध्यस्वाँरा केराघारीको पाटामा थियो । जल्किनीपाखाको त्यो पाटो बेचेर पछि सल्यानी स्वाँरा अहिले बसाइँ गएका रे ! त्यतिबेलै फरियाको नाताले खत्री ठाहिँलाका बाउ-बाजे बाह्र भाइ मिलेर पाखो होलो-खुकुलोमा किनेका थिए । अहिले आएर छोरा-भतिजालाई राम्रै भयो । राम्रै भनौं न, हुन त विदेसिएर गाउँ खाली हुन लाग्या छ तैपनि नराम्रो त भएन नि ! जे भए पनि बाह्र भाइका शाखा-सन्तानले अहिलेसम्म काठ-दाउरा, घाँसपातको सुविधा पाइरहेका छन् ।'

'अँ सुन्नोस् कुरा गरे धेर, बसे बेर' उनी भन्दै अघि बढे- 'ल, सुन्नोस् ! जिम्माल माहिलाको जेठीपट्टि बच्चा भएनन् । बखरेल साहिँलाकी छोरी सौतामाथि हालेर बिहा गरे । त्यही फरियाको नाताले बखरेलहरूले केराघारी बगैंचासहितको खेतपाखो होलोखुकुलोमा किने । अहिले पो छोरानाति सात समुद्र तरेर डलर खेती गर्न लागे, नत्र यसले ठुलै गर्जो टारेको थियो, छँदै छ । रहँदाबस्ता त बखरेल

जेठाको छोरा वल्लभको खेत, भागमा त जौहरी कान्छो फेरि भकुन्डेथोकबाट फर्केर आयो । उनकै खेत किन्यो, बस्यो- घरगाउँ जन्मेको ठाउँको मायाले । सयमा यही एउटा कुन दशाले हो फर्क्यो भनौँ न । यस्तो हुन्छ घरको माया तर अहिले त छोड्दै-हिँड्दै गाउँ शून्य पार्न लागिसके, के भन्या तपाईंले ।'

'अँ ! नआत्तिनोस् है ! अर्को एउटा दुःखलाग्दो व्यथा कहन्छु, यो पनि यही पाखो र फरियासँगको नाता गाँसिएको छ क्या !' यति भन्दा नभन्दा खाजा-भात खाईवरी अरू काममा दाउरा चिर्न अघि नै लागिसकेका । अर्को दाउरा काट्ने पर्मेली साथीलाई भने- 'उठ उठ माथि गएर सबै हाँगाबिँगा काटेर झारेको जति तल सडकमा फाल, खसाल, उनले अर्को खाजा खाएर उठ्तै पटुका कस्न लागेको युवा खेतलालाई सङ्केत गर्दै भने । पानी खाए सिल्भरको अङ्खरा उचालेर । उनले अनि खाएका भाँडा-वर्तन एकातिर बोरामा राखे अनि बाँकी उनको व्यथाको प्रसङ्गका लागि हामीतिर आकर्षित भए ।

'अँ सुन्नोस् ! एउटा गोप्य फरियाको गथासो ।' उनले मेलातिर फर्केर हेरेर भने- 'गथासो थाती राख्नुपऱ्यो ऐलेलाई । मेलामा चिलाउनेका हाँगाबिँगा डङ्गुर लागिसक्यो । यो फरियाको नातासम्बन्धी कथा धेरै जनालाई मैले सुनाइसकेको छु । खास गरी यसका नायक दुल्लभ त मरिसके । यसका मुख्य व्यवस्थापक पनि अहिले यस संसारमा छैनन् । यसका प्रमुख लमी झल्लीरी कान्छो भने अहिले बुढा जीवितै छन् भनुम् न, आज कि भोलि भएका छन् । मैले उनलाई मात्र होइन, तपाईंलाई पनि पर जोरसिमलतिर बाख्रा चराएको बेला गढीजात्रा गएर आउँदा परेवाको मासु-भात पाकुन्जेल सुनाइसकेको छु । यसो मन खोतल्नोस् त । बिर्सेको भए फुर्सदमा कहुँला ।' यति भन्दै उनी कामतिर लागे । सल्लेरीका दुईजनाले पनि बाटो समाते ।

हो त ! वल्लभ भाइ अलि जल्दोबल्दो थियो । घरमा तीनौटी श्रीमती छँदै थिए । अँ एउटा छाडेर भागिछन्, अर्की एउटी मरिछन् । घरकी सोझी, घर धन्दामा सधैँ लागिरहने, ज्यादै सुशील । बल्लभे मौका पाए, कोदोको पसिना पनि सन्काउँथे । रहँदाबस्दा एक दिन ऊ त बरबोटे साहिँलाकी थारी स्वास्नीतिर सल्केछ । उसले भुँडी बोकिछ पत्तो भएन । उसको जेठाजुले थाहा पाएछ । माहिलो मरिसकेको तर माहिली एक्ली । बित्यास पर्ने भयो । मोतोजोतो जुट्यो । मङ्गलेकी दिदी पारि झाँक्री बूढाकी स्वास्नी चतुरेकी ठूली आमा पाठो फाल्न खटिइछ । तल बेसी गाउँको खुन्तुरे लामाको घरको तलामा लगेर व्यथा लागेपछि राखेको ठाउँमै बच्चा जन्मेछ । खाइलाग्दो छोरो पाइछ थारीले । केही दिनपछि म गाउँ नफर्कने गरी विदेसिन्छु बच्चा लिएर भन्दा पनि सुख पाइनछ । अर्कैलाई पाल्न दिनोस् कहीँ-कतै सुइँकोसम्म नदिने भन्दा पनि कसैले सुन्ने कान लगाएनछ । वल्लभे विलखबन्दमा परेछ । एउटा अक्कल गरेछन्, बच्चा फ्याक्ने उपाय ।

त्यस घरसँगै माथिल्लो घरको आँखी झ्यालमा चियो गरी बसेको रहेछ उसको जेठाजु । उता वल्लभेको घरपरिवारमा खैलाबैला भित्रभित्र मच्चिएछ र ठूलाठालु आफ्ना जति जम्मा गरिएछ । बहसले टुङ्गो लगाएछ । एक जना बलियो र विश्वासीलाई अर्को घरमा चियो बसेको केटीको जेठाजुलाई लिन आधारातमा पठाएछन् । केटीको सम्पूर्ण जायज्येथा उसलाई दिने भनेर कागज गराएछन् तर जल्किनी पाखोको उसको भागको खेत र पाखो मात्र कागजमा पारेछन् । बाँकी अरू जग्गा यथावत् । 'कालो अक्षर भैँसी बराबर' उसलाई लेखापढी थिएन । कागज खोकिलामा हालेर राती नै घर फर्किएछ । सम्पत्ति पाउने लोभले अरू सबै कुरा बिर्सिएछ ।

उता एकजनालाई लिएर तल लाङ्दी माथिको घर नजिकको पाखोमा दमाको रूखखुनि खाल्डो खनेर बच्चालाई गाडेछन् र फर्केछन् । अर्को एक टोलीले त्यहाँबाट निकालेर तल चेपेमा कि मर्स्याङ्दीमा भने कुन्नि लगेर बर्खे भेलमा फ्याँकिदिएछन् पहरे भीरको थाप्लोबाट । भेलले चन्दन घोट्दै कता पुऱ्यायो बच्चाको लास केही थाहा लागेनछ । सबै आआफ्नो घर धन्दामा लागेछन् । कसैलाई केही पत्तो भएनछ । जल्किनीको एक भाग पाखो र कुँडारे कान्छाले बेचेको खेत मात्र कागजमा लेखेर दिएका रहेछन् । उता पाठो फाल्न कस्सिएर लागेकी आइमाईलाई दिउँला भनेको कबोलेको पैसा पनि सबुद पाइनछ । त्यसैले उसले खत्री ठाहिँलो कहाँ आएर यथार्थ कुरा सबै कहिछ । पचास हजार लिनेदिने कुरामा उसले यथार्थ कुरा खत्रीलाई भनिछ । उसले खत्रीलाई लिएर तल जङ्गलको दमा रूखको फेदमा लगेर चिहान देखाइदिई । खत्री अब परिस् फेला भन्दै खोतल्न थाल्यो तर बच्चा रातमा नै त्यहाँबाट निकालेर चन्दनपारी बर्खे भेलमा बगाइसकिएको; यादव कुलले मुसल घोटेर फ्याँके जसरी नै ।

खत्री ठाहिँलो खोजखाज गरेर हिँड्दा सुइँको पायो, तर मुख्य प्रमाण नभेटेपछि चुइँकिएर बाँधिएर बसेछ । गुपचुप रहनुबाहेक उसको दिमागमा केही चढेनछ । अहिले दाउरा काट्तै छ त्यही काण्डको कागतमा परेको पाखोमा, फरियाको नातामा । उसले यसरी आफ्नो मनको बह पोखेको पूर्व सम्झना जुन उसले बताएको थियो, त्यसलाई पुनः सम्झँदै बाटो काटे सल्लेरीले । फरियाको नाता त्यसैले कडा हुन्छ । होशियार बनेर काम गर्नुपर्छ । जल्किनी पाखो र यससँग सम्बन्धित फरियाको नाताको व्यथा जब सम्झिन्छ, तब हृदय ढक्क फुल्दछ । खत्रीको जीवनको त्यस खालको दर्दनाक व्यथाको घटना सम्झिँदै अघि बढे सल्लेरी । आइँ ... गरेर भकारोमा बाँधिराखेको लैनुपाडी कराउँदा पो उनी फुरुङ्ङ बन्दै पिँढीमा उक्लिए आफ्नो घरको ।

काफलडाँडा, गोरखा ।

ä ã



# रहरबहादुरको कथा

**जनकराज अधिकारी**

जनतालाई आश्वासनका पुलिन्दा थुपारेर निर्वाचनमा मत बटुल्न सफल मैमत्तराज आफ्नो जीवनको सबैभन्दा ठूलो सफलता ठानेको छ। विजयपछि ऊ माला र अबिर जात्राले नचिनिने भएको छ। उसलाई मत दिने निम्सरो, निमुखो रहरबहादुर सायद आज जीवनमा पहिलो पल्ट दिल खोलेर रमाएको छ। आफ्नो मत सही ठाउँमा गएकोमा भित्रभित्रै औधि खुसी छ। मैमत्तराजको राजनीतिक जगलाई बलियो पार्ने काम उसको कान्छो छोरोले गरेको थियो। सशस्त्र क्रान्ति गर्दै उसकै साथमा हिंडेको थियो। यस कारणले पनि मैमत्तको विजयमा यस पटक चाहिं ऊ अल्लि बढी नै खुसी छ। हुन त रहरबहादुर पाँच वर्ष अगाडि यसरी नै हाँसेको थियो, विजय जुलुसमा रमाएको थियो, विजयऱ्यालीमा धीत मरूञ्जेल नाचेको थियो। ऊ आफैं पनि अबिर जात्राको उमङ्गमा हराएको थियो तर पाँच वर्ष आशे रहरमा बितायो। रहर रहरैमा सीमित भए उसका सबै आवश्यकताहरू। रहरबहादुरले राज्यबाट प्राप्त गर्ने निम्नतम सेवासुविधाको अनुभूतिसम्म पनि गर्न पाएन। अझ दुई छोराहरू बेपत्ता छन्। आजसम्म अत्तोपत्तो छैन। कहाँ कस्तो अवस्थामा छन् ? रोजगारको खोजीमा हिंडेको एउटा र सशस्त्र युद्धमा होमिएको अर्को दुवै मरेकी बाँचे थाहा छैन उसलाई। खोज्नसम्म खोज्यो आफ्नो क्षमताले भ्याइञ्जेल। अहिले त ऊ आर्थिक रूपले पनि त जर्जर भइसक्यो अनि शारीरिक रूपले डाँडामाथिको अस्ताउन लाग्दो जून जस्तो। उसको मनले चाहिं साहस बटुल्छ तर तन र धनले निराशाबाहेक केही बटुल्दैन। सास छउञ्जेल आश हुन्छ। आशैआशाको भारी लिएर बाँचिरहेको छ रहरबहादुर।

ठूला काजी सा'पको पजेरो, प्राडो, क्रुजर के हो कुन्नि गाउँ आउँदा चाहिं साँगुरो सडकमा रहरबहादुरलाई पेलुँला झैं गरी हुइँकिँदा झुलुक्क आफ्नो अनुहार गाडीको ऐनामा देख्दा आफू हो कि अर्को कुनै व्यक्ति हो चिन्न सकेन। पाँच वर्षको अन्तरालपछि आफ्नो अनुहारले पूरै बुढ्यौलीपन लिएछ। हात अनुहारमा पुऱ्याउँछ। छुस्स दारीले बिझाउँछ, टाउकातिर हात पुऱ्याउँछ कपालको लट्टामा औंला अल्झिन्छ। सुइँय सुस्केरा सुसाउँछ। उसको जेठो छोरो बेपत्ता भएको सम्झनाले पुर्पुरोमा दुवै हात राखेर आफ्नो भाग्य नै यस्तै भन्दै स्मृतिमा

हराउँछ- छिमेकी ठूला काजी सा'पको छोरोले राजधानीबाट फर्केपछि एक दिन भनेको थियो- 'तिम्रो जेठे मैले सिंहदरबार नजिकै रहेको धोबी खोलाको पुलमुनि 'दरबार'मा बसेको देखेको थिएँ, किन चिन्ता गर्छौ उसको । तिम्रा परिवार कोही भोकै मर्दैनन् । चुहिने छाप्रोमा बस्नुपर्दैन । अब तिम्रा दिन फिरे ! हाम्रो घरभन्दा पनि ठूलो आलिसान महलमा बस्नेछौ ।'

रहरबहादुर उसलाई पुलुक्क हेर्छ र नजानिँदो मुस्कान छोड्दै भन्छ- 'होइन हो, काजी सा'प के तपाईंले भनेको कुरा साँचो हो ? दुई दशक भइसक्यो गाउँमा पनि आ'छैन । खबर पनि छोड्या छैन । तपाईंले त्यसलाई भेटेर सम्झाइदिनुस् न । मान्छ कि ? हामीलाई पनि राजाको गाउँ लान्छ कि ?'

'राजा त छैनन्, केको राजाको गाउँ ?' प्रतिउत्तरमा सानो काजीले हाँस्दै भन्यो र अरू केही नभनी आफ्नो बाटो लाग्यो ।

रहरबहादुरको रहर चुलिँदै शिखरमा पुग्यो अनि सानो काजीले एकदुई वर्ष अगाडि भनेको कुरा सम्झ्यो- 'तिम्रो छोरो त शहरमा सुकुम्बासीको नेता पो भएको छ ? भोलि सांसद मन्त्री भएर यही गाडी लिएर तिमीलाई लिन आउँछ' तर आजसम्म पनि आएन । गाउँ फर्केन, खबरसमेत पठाएन । कस्तो सन्तान जन्मिएछ कुपुत्र ! आफूलाई जन्माउने, हुर्काउने, खुट्टा लगाइदिने र आँखा देखाइदिने देवतासरहका बाउ-आमा बिर्सने कुलाङ्गारै रहेछ । अर्को कान्छो युगौंदेखि विभेद, दमन र उत्पीडनको मारमा पिल्सिएका वर्गलाई न्याय र समानता दिन माओवादी विद्रोहमा लागेर आजसम्म बेपत्ता छ । उसको त आउँछ भन्ने आशसम्म पनि छैन ।'

रहरबहादुरलाई के थाहा ? उसको जेठो छोरोको पुलमुनि ओढारको बास, उसको शरीरको मैलोधैलो दशतिर फाटेको लुगा, हिउँदको चिसो सिरेटोको सेकाइ, गर्मी यममा खोलाको नालीको गन्ध र लामखुट्टेको टोकाइ, उसको अटेरी भोक, त्यही भोकको विवशतामा झिसमिसेदेखि उठेर साँझसम्म फ्याँकेका कवाडी सामान बटुल्ने कुरा अनि त्यही बेचेर सास धानेको कुरा, कहिले त कबाडी नपाएपछि माग्दै हिंड्दा चोरको दोषमा उच्छृङ्खल केटाहरूको मरासन्न हुने गरी पिटाइ खाएको घटना । खान नपाएर सडक किनारा वा खोला तीरमा मरेको मानिसको बेवारिसे लास फेला परेको समाचार, टाठाबाठा र ठूलाबडाका छोराहरू जनताको नाममा नाराजुलुसमा हिंड्दाहिंड्दै संसद भवन छिरेको कुरा, मन्त्री, प्रधानमन्त्री भई पेजेरो/प्राडो चढेर राज्यको अनेकौं किसिमका सेवासुविधा उपभोग गरेका खबर र देशविदेश सैर गरेका कुरा र साहु महाजनका घरमा हरुवा-चरुवा बसेर भोकै मरिरहेका हालखबरबाट ऊ नितान्त बेखबर छ । केवल रहरबहादुरलाई त एउटै मात्र चाहना छ, आफ्ना विगतका सबै किसिमका दुःखपीडा अब वर्तमानमा सुखमा परिणत होओस् अर्थात् दुवै छोराहरू आऊन्, भेटियून् र साथ रहून् । सम्झँदासम्झँदै के के मनले अचानक

फिस्स हाँस्छ, सायद सुखानुभूतिको विशाल संसारको शिखरमा पुग्यो ऊ ।

दुई शताब्दी लामो राजतन्त्रको अवसान र समाजवाद उन्मुखताको मुद्दाले युगौंदेखि शोषणमा परेका वर्गमा माओवादी विद्रोहको शान्तिपूर्ण अवतरण, २०६२/६३ को जनआन्दोलनको सफलता, गणतन्त्र स्थापना, समाजवाद उन्मुख संविधानको घोषणा, धर्मनिरपेक्षता र संघीयताजस्ता अनेकौं कुराले उत्साह र आशा पलाएको थियो । रहरबहादुर पनि झनै यसबाट अछुतो थिएन तर समय-क्रममा उसले आफूले देखेका सबै सपना रित्तो भयो । सपना र उत्साहमाथि राजनीतिक नेतृत्वको रित्तो आश्वासन र अनेक कुठाराघातले रहरबहादुरमा गहिरो निराशा र आक्रोश पैदा गराइरहेछ ।

ऊ मनमनै सम्झन्छ – 'कान्छो छोरो बुर्जुवा शिक्षा भन्दै बिचैमा पढाइ छोडेर कलिलै उमेरमा आशा र सपनाले भरिएको सङ्घर्षमा होमियो । माओवादी विद्रोहमा संलग्न हुन लाग्दा मैले भनेकै थिएँ– 'बाबु, यो हामी गरीबहरूका लागि ठीक बाटो होइन ।' ऊ अटेरी बन्यो । हामीलाई हिँड्ने बेला उसले सुनाउँदै थियो– 'आमाबाबुको कर्तव्य भनेको आफ्ना छोराछोरीलाई सुमार्गमा लैजानु हो । स्वतन्त्रता र मुक्तिका लागि हिँड्न लागेको छोरालाई आशीर्वाद दिनुको सट्टा सुमार्गमा जान रोक्नु आमाबाबुको किमार्थ कर्तव्य होइन, मलाई नरोक्नुहोस् । बाँचे भेटुँला, मरे राष्ट्रको लागि शहीद हुँला ।' उसको जिद्दीका अगाडि हाम्रो केही लागेन । हाम्रो आशा र विश्वासको धरोहर ऊ आज बेपत्ता छ । हामी बाँचेकाहरूको चिन्तैचिन्ताले सुकेको ज्यान छ तर जीवन छैन । यस्तो ज्यान के ज्यान ? अब जीवन खोज्न कहाँ जाने खै ? आफूहरू वृद्ध अवस्थामा पुगिसकेको र दुई सन्तानका रूपमा रहेका छोराहरूसमेत बेपत्ता हुँदा बाँकी बेसाहा जिन्दगी काट्न पनि गाह्रो भएको छ । गाउँ रित्तो छ, खेतबारी बाँझै छन् । जनताका नाममा नेतृत्व गर्ने र हुने खानेहरू शहर पसेका छन् । समाज रूपान्तरणमा हिँडेकाहरू आज आफैं रूपान्तरण भएका छन् । शहरमा आलिशान दरबार बनाएका छन् । नेपाली नागरिकलाई सङ्गठित रूपमा नक्कली शरणार्थी बनाएर मानव तस्करी समेत गरेछन् । सत्तामा बसेर हिसाब बेहिसाबमा रमाइरहेछन् । हुँदा खानेहरू चाहिं श्रम बेच्न विदेसिन बाध्य छन् ऋण काटेर । कतिपय त बाकसमा आएका छन् । परिवार र आफन्त असह्य पीडानुभूतिमा चुर्लुम्म डुबेरहेछन् ।'

सुइँय सुस्केरा हाल्दै आफ्नै पुर्पुरोलाई दोष दिंदै राजनीतिक-सामाजिक रूपले कठोरता, विवेकशून्यता र भयपूर्ण वातावरणमै रहरबहादुरले दिनचर्या व्यतीत गरिरहेछ ।

मैमत्तराजले चुनाव जितेर गएको पनि दुई वर्ष भइसक्यो तर रहरबहादुर र उसका गाउँले मतदातालाई समेत भेट्न आएको छैन । ऊ शहरमै हराएको छ । आजीवन स्वाधीनता, स्वतन्त्रता र समाजसेवालाई केन्द्रमा राखेर दुःखी, निसहाय, अनाथ, अवहेलित र तिरस्कृत रूपमा रहेका जुनसुकै वर्ग, समुदाय, क्षेत्र,

लिङ्ग, जात आदिका मानिसलाई विभेदरहित व्यवहार गर्ने सङ्कल्प गरेको मैमत्तराज पनि नाम अनुसारकै काम देखाइरहेछ । विचार, सिद्धान्तलाई पाखा लगाइरहेछ । समाजसेवाका नाउँमा स्वार्थप्रेरित कर्म गरिरहेछ । उसले पनि शहरको रहर पूरा गरिरहेछ ।

सत्यनिरूपण आयोग गठन भएपछि पलाएको झिनो आशा पनि तुषारापात भइरहेछ जिम्मेवार राजनीतिक दल र तिनका नेताका क्रियाकलापले । सासविनाको शरीरजस्तो अर्थहीन जिन्दगी भइरहेछ रहरबहादुरको । राज्यको नेतृत्वले आफ्ना नागरिकहरूको विश्वास जित्नुपर्छ तर नेतृत्व लिने दल र नेता सत्ताको दलदलमा फसिरहेछन् । दलका कार्यकर्तादेखि नेतासम्म स्वार्थको खेलमा रमाइरहेछन्, आ-आफ्नै स्वार्थ र सेटिङमा लिप्त भइरहेछन् । लोभ-लालच, अहङ्कार र घमण्डले गर्दा देशमा अस्थिर राजनीतिक छ, सरकार अस्थिर छ, आर्थिक सङ्कट गहिरिँदो छ र दिनानुदिन जनतामा राजनीतिप्रति वितृष्णा फैलँदो छ ।

हिजो सर्वसाधारण जनताले सामन्तवादी शासकीय आदेश र निगाहअनुसार चल्नुपर्थ्यो, आज कानूनी रूपमा नागरिक अधिकार छ तर अप्रत्यक्ष राजनीतिक रूपमा दबदबा छ, हस्तक्षेप छ, हरक्षेत्रमा बेथिति छ र संवेदना हराएको छ । शासक र शासकवर्गका अन्य ठालुहरूको आदेश र इच्छाअनुसारको व्यवहार गर्नुपर्छ । यी र यस्तै यस्तै विकृतिको दलदलमा बाँच्न विवश रहरबहादुरको सपना खोसिएको जीवनले यस्तै विकृति, विसङ्गति र बेथितिपूर्ण परिस्थितिको अभिव्यक्त गरिरहेछ ।

पतेनीटार, तनहुँ, हाल : काठमाडौं ।

ä ã

## साहित्य संबर्द्धन केन्द्र, नेपालद्वारा प्रदान गरिने सम्मानहरू

**३. 'साहित्य संबर्द्धन द्रष्टा सम्मान-२०७०'**

२०७० प्रा.डा. केशवप्रसाद उपाध्याय
२०७१ प्रा. शिवगोपाल रिसाल
२०७२ प्रा. मोहनराज शर्मा
२०७३ प्रा. ठाकुर पराजुली
२०७४ प्रा. दयाराम श्रेष्ठ
२०७५ दधिराज सुवेदी
२०७७ कृष्णहरि बराल
२०७८ डा. घनश्याम न्यौपाने 'परिश्रमी'
२०७९ प्रा. केशव सुवेदी

**४. 'हरिहर शास्त्री सावित्रीदेवी साहित्य पुरस्कार-२०४५'**

२०७० प्रा.डा. वासुदेव त्रिपाठी (२६ औं)
२०७१ प्रा. कृष्ण गौतम
२०७२ कुन्ता शर्मा
२०७३ पुण्य खरेल
२०७४ तारानाथ शर्मा
२०७५ भाउपन्थी
२०७७ नरेन्द्रराज शर्मा
२०७८ प्राडा. चूडामणि बन्धु
२०७९ प्राडा. माधवप्रसाद पोखरेल



# चरित्र

**देवकी के.सी.**

हंसमान साहु गाउँकै वरिष्ठ गन्यमान्य व्यक्ति । गाउँमा उसको हाइफाइ र शान नै बेग्लै थियो । गाउँमा कसैलाई ऋण चाहे हंसमान साहुकै पाउ पर्नुपर्ने । हंसमान साहुको जिउज्यान हेर्दा खाइलाग्दो चिटिक्क परेको मात्र कहाँ हो र ? चलाख पनि उत्तिकै । सोझा गाउँलेहरूलाई ऋणको ब्याज थोपरेर कुम्ल्याउनुसम्म धन कुम्ल्याएर साहु बनेको थियो हंसमान ।

हंसमानका दुई श्रीमती थिए । जेठी ब्याइते, अर्की ल्याइते । दुई श्रीमतीबाट गरेर जम्मा पाँच छोराहरूको जन्म भएको थियो । आफ्नो क्षमता देखाएर भनसुनकै भरमा हंसमानले पाँचै छोराहरूलाई सरकारी नोकरीमा अल्झाएको थियो । पाँच छोराहरूमध्ये दुई छोराहरू सरकारी स्कुलका मास्टर थिए भने बाँकी तीन छोराहरू पनि मालपोत कार्यालय, विद्युत् प्राधिकरण र खानेपानी संस्थानमा नोकरी गर्दथे । बुहारीहरू पनि सबै पढेलेखेका जागिरे नै । हंसमानको धन सम्पत्ति र छोराबुहारीको दाँजोमा पुग्न सक्ने कोही उदय भएको नै थिएन भन्दा पनि हुन्छ गाउँमा ।

हंसमान आफू सधैं चिटिक्क परेको घोडा चढेर गाउँ डुल्थ्यो । ऊ घोडा चढ्न निकै सौखिन थियो । उसले चढ्ने घोडा पनि भारतको पन्जावबाट किनेर ल्याएको थियो । हंसमानको उमेर ढल्के पनि घोडा चढेर वैशालु झैं शानसँग गाउँमा घुम्थ्यो । बैंशमा त ऊसित घोडा दौड गर्नमा कोही प्रतिस्पर्धा गर्न सक्तैनथे रे ? अहिले बुढ्यौली लाग्दा पनि, घोडा चढ्न ऊ निकै अब्बल देखिन्थ्यो । हंसमान साहु घोडा चढेर शानले गाउँ डुल्दा सबैले खुब हेर्दथे र भन्ने गर्थे जिन्दगी त हंसमान साहुको जस्तो पो हुनु त । दौलत, ऐश, आराम, छोराहरू, अहो ! हंसमान कति भाग्यमानी ।

गाउँघरमा कसैसित गफ गर्नुपरे हंसमान साहु खुब ठाँटिएर गफ चुट्थ्यो । आफ्ना छोराहरूको, ऐश आराम, दौलतको र भारतबाट खरिद गरेको आफ्नो घोडाको । आफूजस्तो घोडचढीमा अब्बल यो गाउँमा कोही पनि छैन भनेर ऊ नकै फूर्ती गर्थ्यौ । ऊ जतिसुकै सुन्दर र सम्पन्न भए पनि उसको अत्यन्तै खराब बानी थियो स्त्रीलम्पट बानी । हंसमान गाउँका छोरी बुहारीमाथि आँखा गाड्थ्यो । गाउँमा विदेश गएकाहरूका श्रीमतीहरूलाई फकाउँदै भन्थ्यो कसैले पत्तो नपाउने गरी मतिर आउनु है ! उसको यस्तो बानी कसैलाई मन पर्दैनथ्यो गाउँमा ।

एकपटक गाउँमा एउटी बुहारी पर्नेले लगातार चार छोरी जन्माएकी थिइन् । एक दिन कसैले पत्तो नपाउने गरी हंसमानले त्यो बुहारीसित गएर भन्यो बुहारी तिमीले छोरी मात्र जन्मायौ । म तिमीलाई छोरा पाउने बनाइदिन्छु । तिमी हुन्छ मात्र भन न । त्यो बुहारी पर्नेले हंसमानलाई उल्टै बेस्सरी हकार्न थालेपछि हंसमानले उल्टै हातपात गर्न खोजे छ उनीमाथि । त्यस घटनाले त गाउँमा हंसमानको मात्र कहाँ हो र ? छोराबुहारीहरू त लाजले मुख देखाउन नसक्ने भएका थिए गाउँमा । गाउँमा कसैको छोरी बुहारी घर बिग्रेर माइत बसेकी चेली हंसमानलाई त देख्नै नहुने । हंसमानको चर्तिकला देखेर गाउँलेहरू भन्ने गर्दथे मान र शान भएर के गर्नु हंसमान त पातकी पो रै'छ ? यसलाई त नर्कमा पनि बास नमिलोस् भन्दै सत्तोसराप गर्दथे । जति सत्तोसराप गरे पनि के गर्नु ठूलाबडाको गल्ती त गाउँमा गल्ती नै नहुने । हंसमान साहुको गल्ती त गाउँमा त्यसै सेलाउँथ्यो ।

गाउँमा आफ्नो जति बेइज्जत हुँदा पनि हंसमान साहुले कहिल्यै बेइज्जत महसुस गरेन । उल्टै ऊ गाउँका आफू निकटका दौतरीहरूसित बेजोडको गफ हाँक्थ्यो । आफूलाई त घोडा चढ्ने बानी परेको छ । दिनको एकपल्ट घोडा नचढे त आङ नै भारी हुन्छ । हुन त यो घोडा र स्वास्नी भन्ने जात जति चढ्यो त्यति नै हलुङ्गो पो हुने रै'छ त ? उसका दौतरीहरू उसका गफ सुन्थे र खितित्त हाँस्थे । ऊ पनि हाँसोमा हाँसो मिलाउँदै खित्का छोड्थ्यो र अझै बढी गफिन्थ्यो ।

हंसमान आफैले मन पराएर ल्याएकी ल्याइते कान्छी स्वास्नी सधैंभरि उसको पछि पछि लागिरहन्थी तर पनि हंसमानको चाला गाउँमा उस्तै । बिस्तारै उमेर ढल्कन थालेर पो हो कि । हंसमान धर्मकर्मतिर पनि निकै विश्वास गर्न थालेको थियो । साधुको झैं पोसाक पहिरिएर गाउँमा ऊ धर्म दर्शनको कुरा सुनाउँथ्यो । गलामा निकै मोटो रुद्राक्षको माला पनि लगाएको थियो उसले । बेलाबखत ऊ तीर्थस्थल पनि पुग्थ्यो । कुनै बेला त ऊ घरमै साधुसन्त बोलाएर सत्सङ्गत पनि गराउँथ्यो तर के गर्नु मौका परे उसले गाउँका छोरीचेलीको इज्जतमा गिद्धे नजर लगाउन भने छाडेको थिएन । बाऊको कारण गाउँमा मुख देखाउन लाज भएपछि पाँचै जना छोराहरू मिलेर उसलाई नसम्झाएको पनि होइनन् तर उसको कानमा बतास लागे पो । क्यान्सरले थलिएर ल्याइते श्रीमती पनि बितिन् र ब्याइते श्रीमती पनि रोगले थलिएर मरिन् । पाँच छोराहरूका नाति नातिना पनि लक्का जवान भइसके तर पनि हंसमानको आचरणमा केही सुधार आएन । छोराहरूले सम्झाउनु पनि व्यर्थ साबित भयो । त्यसपछि त छोरा-बुहारीले पनि हंसमानको आचरणको कारण खेदो गर्न थाले ।

छोराबुहारीको खेदो के सहन्थ्यो र ? उसले टुप्पी फाल्यो । घरपरिवार छोड्यो । दौलत त्याग्यो र सन्न्यासी रूप धारण गरेर आफ्नो दुनियाँमा लाग्यो । हंसमानले सन्न्यासी रूप धारण गरेर घर छाडेको दिन पाँचै छोराहरूले भने तपाईंको लागि यो घर र हामीहरू मरेतुल्य भयौं । यो घर सम्झेर फर्केर नआउनु ।

हाम्रा आमाहरूको सतमा सधैं रहनु । त्यसपछि हंसमान आफ्नो सारा दौलत र परिवार त्यागेर अर्को दुनियाँमा लाग्यो । हुन त यो पातकीको नौटङ्की पनि हुन सक्छ यो सन्न्यासी रूप धारण । साँच्चै भगवान्को अनुसरण गरे त राम्रै हुन्थ्यो । गाउँका छोरी बुहारीलाई आँखा मात्र लाउने । छोराबुहारीले बेस्सरी हपारे क्यारे त्यही भएर यो साधुको अवतार बनेको हिंडेको नि ? केको साँच्चैको सन्न्यासी हुनु र यो पातकी कहीं नभाको स्त्रीलम्पट ? सन्न्यासी रूप धारण गरेर कसको इज्जतमा दाग लगाउने हो फेरि पनि यो हंसमान साहुले थाहा छैन । हंसमान सन्न्यासी बनेर हिंडेको चार पाँच महिनासम्म पनि गाउँलेहरूले कुरा काट्न छाडेनन् ।

हंसमान साहु सन्न्यासी बनेर हिंडेको पाँच वर्ष बितिसकेको थियो । गाउँमा बेला बेलामा हंसमान साहु सन्न्यासी बनेर कहिले कुन मठमा त कहिले कुन मठमा बसेको छ रे ? स्वामी महाराज भन्छन् रे ? प्रवचन दिन्छ रे ? मान्छेहरू धेरै उसलाई स्वामी महाराज भनेर दण्डवत् गर्छन् रे भनेर गाउँमा हल्ला फिजिन्थ्यो । साँच्चै हंसमानले विगतको कर्तुत फ्यालेर धर्मको अनुसरण गरेर भगवान्को उपासना गर्न थालेछ भनेर गाउँलेहरू निकै खुसी भए ।

हंसमान साहुले सन्न्यासी रूप धारण गरेको पनि अब त दश वर्ष बितिसकेको थियो । ऊ सन्न्यासी बनेर गाउँ छाडेर हिंडेको दिन गाउँका छोरी बुहारीहरूले पनि सुरक्षित भएको महसुस गरेका थिए । अब हामी माथि गिद्धे नजर लगाउने कोही छैन गाउँमा भन्दै उनीहरू खुसीले नाचेका थिए । बाउको चर्तिकलाले गाउँमा मुख देखाउन लाज भएका छोराहरू पनि बाबुले सन्न्यासी रूप धारण गरेर गाउँ छाडेर गएका दिन खुसी भएका थिए ।

एक दिन अचानक गाउँमा हल्ला सुनियो गाउँमा हंसमान त कुनै एउटा मन्दिरको कुटीमा सन्न्यासी रूप धारण गरेकी महिलासित पो रासलीला मच्चाएर बसेको छ रे ! स्त्रीलम्पट चरित्र हंसमानको कहिल्यै पनि नजाने भो । फेरि गाउँकै नाकमा हिलो पोत्ने भो हंसमानले त । नभन्दै एक दिन रेडियो, टलिभिजन, सामाजिक सन्जाल फेसबुक, पत्रपत्रिका जताततै एउटा समाचारले तहल्का मच्चायो । वास्तविक नाउँ हंसमान गरेका एकजना सन्न्यासीले एउटी दश वर्षे बालिकालाई करणी गरेका छन् । हाल सन्न्यासी हंसमानलाई प्रहरीले पक्राउ गरिसकेको छ । प्रहरीद्वारा घटनाको थप अनुसन्धान भइरहेको छ । समाचारमा साधुको रूपधारी हंसमानको तस्वीर देखेर गाउँलेहरू छक्क परे । हंसमानको आचरण बुढ्यौली लाग्दा पनि र सन्न्यासी हुँदा पनि सुध्रिएन । गाउँ छाडेर भगवान्को शरणमा सन्न्यासी बनेर हिंड्यो भनेको त आज यो उपद्रो मच्चाएर गाउँकै नाक काट्यो भन्दै गाउँभरि हंसमानकै चर्चा चल्यो । विचरा हंसमानका पाँचैजना छोराहरू गाउँमा बाउकै कारण शिर निहुर्‍याएर हिंड्न थालेका थिए ।

ä ã



# अधैर्य

नवराज रिजाल

परमानन्दको आँखा खुल्दा बाहिरी वातावरण झलमल्ल थियो । कोठासम्म आइपुगेका चराचुरूङ्गीका चिरबिर चिरबिर ध्वनि कानमा प्रतिविम्बित बन्न खोजिरहेका थिए । आफू ओछ्यानमा गुटुमुटु परेर सुतिरहेको भए पनि घरभित्रको ध्वनिले परिवार सदस्यहरू यथा यथा काममा जुटिसकेको आभास गराउँथ्यो ।

घामका बाछिटा कोठाभित्र पस्न झ्याल ढोकाका काप-कापबाट चियाइरहेका थिए तर धक वा डर केले हो कुन्नि छिरिहाल्नसकेका थिएनन् । यी सब परिदृश्य परमानन्दको आँखामा परे तर मन अत्यन्तै भारी बनिरहेका कारण ओछ्यानबाट उठ्नेतिर सोच पटक्कै जान सकिरहेको थिएन ।

बेलुका एक समयमा सुतेको थिएँ र बिहान अर्को समयमा उठ्नुपर्छ भन्ने हेक्का पनि मनमा आउन सकिरहेको थिएन । जीउ एकतमास थियो । छातीमा तरङ्ग र विचारहरू लुकामारी खेलिरहेका थिए । मनको परिदृश्यमा तनको एकछत्र राज थियो । ऊ सुतेरै ती क्रियाकलाप चुपचाप हेरिरहेको थियो ।

शरीरमा आलस्यले आसन जमाए पनि आँखा विविध रङमा छरिएर परिवेश नियाल्न व्यस्त देखिन्थे । खिन्नताका कारण धेरै जान्न वा बुझ्न नखोजेको होला सजिलै अनुमान गर्न सकिन्थ्यो । विश्वासमा उत्साह नभएका कारण विचार छरिने क्रम रोकिन सकिरहेको थिएन । त्यसो त ऊ आज हिजो अस्तिभन्दा झन् ढिलो बिउँझिएको हो । बदलिँदै गएको दैनिकीमा आफूलाई ढालिरहेको छ । मन स्थिर बनाउन नखोजेको हैन तर सकिरहेको छैन ।

'त्यो कहिलेसम्म अस्थिर बनिरहन्छ त ?' उसले कुनै हेक्का राखरहेको छैन । 'किन उठ्नु त चाँडै, आखिर काम के नै छ र ?' तरङ्गित भावलाई मनको एक पाटोले सम्झ्यो । 'हो नि, जति चाँडो उठे पनि क्यै हुने हैन' मनको अर्को पाटोले प्रत्युत्तरमा भन्यो ।

हिँड्नका निम्ति गरिएका अधिकांश प्रयास विफल बनेपछि उसको मन खिन्न बनेको हो । खोजिएको बाटो नभेट्दासम्म जो कसैलाई केही गरिएको थियो वा गतिशील थिएँ भन्न अप्ठेरो लाग्छ ।

उसको दैनिकी देखिने नै गरी फेरिँदै गएको छ । मनमा सम्झनाका तरङ्ग डुब्दै र उत्रँदै छन् । किनारासम्म ल्याउने प्रयत्न कुनै हालतमा सफल हुन

सकिरहेको छैन । प्रयास व्यर्थ बन्न लागेपछि सोच एक तमास बन्दै गइरहेको छ । भाव पोखिने स्थानको खोजीमा छन् । आँखामा खिन्नताको मात्रा दिनप्रतिदिन बढ्दै गइरहेछ । विश्वास थरमराउने चिन्तनको बाटो पछ्याउने सुरसारमा छ । त्यही विविधतामा डुबुल्की मार्दै ओछ्यान छाड्न सकिरहेको छैन ।

'किन त ?' स्पष्ट कारण पनि छैन । यति चाहिँ हो, केही समयदेखि उसको सुताई बाक्लिँदै गएको छ । मनले छटपटाउने क्रमलाई बढावा दिइरहेछ । विश्वास पातलिँदै गएको महसुस सजिलै हुन थालेको छ ।

मनले शरीरको साथ छाडेको छैन । सोच उठ्न नसकेका कारण शरीरमा आलस्यले घर बनाएको हो । त्यो कहिले समातिन्छ वा समातिन्न आँखा बारम्बार सोध्न बिर्संदैनन् । छातीभित्रका जटिलताबाट उम्कन कठिन लाग्छ । गरेका प्रयत्न बेकाम बन्दै गएका छन् । विश्वासले गिज्याउने आँट र हिम्मत छाडेको छैन तर विचारको जालो फनफनी घुमिरहेको जो कसैको आँखाबाट लुक्न सकिरहेको छैन । उपल्लो स्थानमा आफन्त नहुनुको पीडाले मुटु घरिघरि घोच्छ र छियाछिया बनाउँछ । बाँच्न गरेका क्रियाकलाप अर्थहीन लाग्छन् ।

'किन पढ्नुपरेको होला ?' नचाहँदा नचाहँदै पनि आक्रोशको एउटा मुस्लो मनमा जर्बजस्ती जन्मन्छ । ऊ किंकर्तव्य बन्छ । त्यो दह्रो गरेर मुटुमा बस्छ । कहिले काहीँ त थुमथुम्याउनसमेत अप्ठेरो पर्छ । ऊ सोच्नुभन्दा बढी केही गर्न सकिरहेको छैन । नसोच्ने बाटोमा मन जान पटक्कै मान्दैन अर्थात् ऊ त्यो बाटोबाट विमुख हुन पनि सकिरहेको छैन ।

जीवनका प्रारम्भिक दिनहरूमा रोजगारीका निम्ति विदेसिन उसलाई पटक्कै मन लागेन । आदर्श आँखा अगाडि उभियो । छातीमा तिनीहरूले परेड खेले । अघि बढिसकेका पाइलाहरूलाई पटक पटक रोक्यो ।

अत्यन्तै विषम परिस्थितिका समयमा पनि आर्जन गरेका शैक्षिक प्रमाणपत्र बाधकका रूपमा उपस्थित भए । आफन्त र घर परिवारले मुख फर्कायो । लाछीहरूका लाममा नाम चढ्यो । साथी भाइहरू उडे । आफू नगए पनि उनीहरूलाई खुसीका साथ बिदाइ गऱ्यो ।

विकल्पहरू नखोजेको कहाँ हो र ? तर प्राप्त हुन सकेन । छातीभित्र नारा जुलुसको क्रम बढ्दै गयो । ऊ हलचल भएन । यतै केही गर्न सकिन्छ र गर्नुपर्छ मनलाई बारम्बार थुमथुम्याउँदै रह्यो । औँलाहरू गन्यो र हिसाब निकाल्यो तर कसैगरे पनि मिल्न सकेन । विचार वक्ररेखाको पछि पछि हिँड्न बाध्य बन्यो ।

ऊ निरन्तर हिँडिरहेछ । चाहना पनि छन् तर रोक्न वा छेक्न सकिरहेको छैन । प्रयास खेर गएका छन् । यति मात्र कहाँ हो र ? चाहेर पनि पछ्याउन सकेको छैन । उसले आफूलाई बन्धन चुँडिएको घाँसको मुठोमा प्रतिविम्बित गऱ्यो । छेउ टुप्पो फेला पार्न सकेन ।

'किन त ?' मनमा प्रश्नको बिउ रोपिए । 'यसै हिँड्न सकिँदैन' एउटा

निर्णय गऱ्यो । आफन्तको सूची बनाएर पढ्यो । केरमेर गऱ्यो वा बिगाऱ्यो, फेरि बनायो । क्रम केही समय निरन्तर चलिरह्यो । धेरै लामो बन्यो । पटक पटक काँटछाँट गऱ्यो । चित्त बुझेन वा बुझाउन सकेन । थप्यो र फेरि काट्यो । यो क्रमले केही समय निरन्तरता पाइरह्यो । अहँ ! सूचीले अन्तिम रूप पाउन सकेन । ओछ्यानमै मनले अर्को बाटो खोज्यो । सोच सगबगाउने क्रम प्रारम्भ भयो । एउटा शैक्षिक बेरोगारले श्रवण गर्नु वा व्यहोर्नु पर्ने इर्ष्या, कचकच, आग्रह तथा गनगन र गुनासाले मष्तिष्कमा कपर्दी खेले । भौतिक सम्पत्ति र सुख सयलले गिज्याएको पटक्कै बिर्सन सकेन ।

हेर्नेहरूका आँखा बाहिरी छन्, भित्री छैनन् भन्दा हुन्छ । छरछिमेक, साथीभाइ र आफन्ती स्मृतिमा बिस्तारै उपस्थित हुन लाग्छन् । विश्वास पटक पटक दुख्छन् । असमर्थ रहे पनि थुमथुम्याएर शान्त बनाउने प्रयास छाड्दैन ।

सम्झना आँखामा भण्डारण हुन थाल्छन् । नाम र अनुहारले के दिइरहेछन् भन्नेतिर जाँदैन । अनुहारका आकृतिले विगत पुग्न र वर्तमान फर्कन सघाएकाले त्यतै लाग्छ । 'त्यो किन छाडेर जान्छ ?' असहजता अठोटमा जन्मने क्रम चलिर हन्छ । त्यसलाई धैर्यपूर्वक थुथुम्याउँछ र विचारमा समाहित गराउँछ ।

अनिल स्कुल पढ्दाका धेरै साथीहरूमध्ये एउटा साथीको नाम । दुवैले एउटै कक्षाबाट पढाइ प्रारम्भ गरेका थिए । त्यो लेखाइ पढाइमा अब्बल थिएन । औसतभन्दा पनि अलिकति तल थियो । अधिकतर परीक्षामा सँगै पर्थ्यो । खै पर्थ्यो वा पारिन्थ्यो ऊ बुझ्दैनथ्यो तर परीक्षामा एउटै बेञ्चमा बसेर लेख्थ्ये ।

कतिपय स्कुलमा जान्ने र नजान्ने विद्यार्थी मिलाएर राखिने प्रचलन थियो । किन त्यसो गरिन्थ्यो ? कहिल्यै सरोकार राखेन । यो उसको लागि आवश्यक पनि थिएन । त्यो अन्त कतै नहेरी उसले लेखेको हुबहु सार्थ्यो । जाँच अवधिभर असाध्यै मिल्थ्यो । आफूले ल्याएको खानेकुरा उसलाई दिएर खान्थ्यो तर एउटा परीक्षा सकिएपछि अर्को परीक्षा नआउन्जेल त्यति बोल्दैनथ्यो ।

'कोहीसँग झैंझगडा गर्न हुन्न नि' घरमा सिकाइएको थियो । ऊ घरको आदेश अक्षरशः पालन गर्थ्यो ।

कहिल्यै कल झगडातिर रुचि गएन । आफैंमाथि हात उठ्दा पनि प्रतिकार गर्दैनथ्यो । सकेसम्म भाग्थ्यो र पन्छिन्थ्यो नसके कुटाई खाएर घरको बाटो लाग्थ्यो । समस्या आफै समाधान हुन्थे । पीडित पक्ष नै नबोलेपछि हुने त्यही हो । उसको विषयलाई लिएर विद्यालय प्रशासनलाई कहिल्यै टाउको दुखाउनु पर्दैनथ्यो ।

कक्षामा हुल्याहा स्वभावका केटाहरू अत्यन्तै कम सङ्ख्यामा थिए तर पनि बोलवाला तिनीहरूकै थियो । ती बहाना बनाई बनाई बारबार दुःख दिने प्रयासमा रहन्थे । यो समयमा अनिल तिनीहरूको पूर्ण सहयोगी बन्थ्यो । त्यो आफ्नो सहयोगी बनोस्, ऊ आशा बोक्थ्यो तर त्यस्तो कहिल्यै हुँदैनथ्यो ।

त्यो किन कृतघ्न बनेको होला, मनमा प्रश्न बारम्बार उठ्थे ।

परीक्षाका बेला खाजा खान कर गर्ने अनिल त्यतिखेर कि देखेको नदेख्यै गर्थ्यो कि त लुसुक्क भाग्थ्यो । त्यसो त ऊ आफूमाथि भएको थिचोमिचो बारे शिक्षकसँग उजुरी समेत गर्दैनथ्यो । त्यसको दर्बिलो कारण थियो । त्यही कारणले चित्त बुझाउन मनग्गे सहयोग गरेको थियो ।

त्यति बेला हरेक कक्षामा नेता चुनिने परम्परा थियो । कक्षामा चुनाउ पनि हुन्थ्यो । पढाइमा पहिला दोस्रा हुनेहरू नभई सधैँ पछि पर्नेहरू नै अधिकांश कक्षामा चुनाउ जित्थे । शिक्षक विवादको पहिलो घटना विवरण तिनै सधैँ पछि पर्नेहरूबाट लिन्थे । गल्ती गर्नेहरू आफू बच्न शिक्षकलाई अन्टसन्ट कुरा सुनाउँथे । शिक्षक पनि खोज अनुसन्धान नगरी तिनैका कुरामा पूरापूर विश्वास गर्थे । उठेर प्रतिवाद गर्न खोज्दा गल्ती गर्नेहरूकै आँखा डरलाग्दा देखिन्थ्यो । ती शिक्षकका आँखा छलेर 'पख' भन्दै औँला ठड्याउन बिर्सदैनथे । यसकारण ऊ उजुरी गरिरहनु आवश्यक ठान्दैनथ्यो । सकेसम्म सहन्थ्यो र धैर्यको बाँध छातीमा थुनेर राख्थ्यो ।

अनिल एसएलसी परीक्षा तेस्रो श्रेणीमा उत्तीर्ण भयो । वीरेन्द्र, राजन, रोजी र विकलले पनि त्यही श्रेणी पाए । यो श्रेणी ल्याउनेहरू अलि बढी सङ्ख्यामा थिए । ती आफूलाई होनहार प्रतिभा सम्झन्थे । हाँकोडाँको पनि ठूलो हुन्थ्यो । जेहेन्दार विद्यार्थीका भन्दा तिनीहरूका कुरा बढी सुनिन्थे । उनीहरूमा गल्ती कमजोरी ढाकछोप गर्ने क्षमता पनि अद्‌भुत देखिन्थ्यो । सक्नेहरू भरपुर उपयोग गरेर लाभ लिन बिर्सदैनथे ।

ऊ प्रथम श्रेणीमा उत्तीर्ण बनेको थियो । यो श्रेणीमा उत्तीर्ण बन्ने विद्यालयका जम्मा दुई विद्यार्थीमा ऊ एउटा थियो । पाएको नम्बरमा ऊ जेठो र अर्को कान्छो थियो ।

'तिमीले राम्रो विषय पढ्नुपर्छ । ओहो ! प्रथम श्रेणीमा पो पास भएका हौ त !' स्कुलले बारबार भन्दै गयो तर अगाडिको बाटो खुलेन । अन्योलको अघिपछि हिँड्ने क्रम चल्यो । अन्त्यमा किंकर्तव्य विमूढ बाआमाले जुटाइदिएको सानोतिनो खर्चका साथ राजधानी पुग्यो ।

स्नातकोत्तर तहमा अध्ययनरत थियो । जति खोजे पनि जागिर भेट्न सकिरहेको थिएन । त्यतिखेर रत्नपार्कबाट कीर्तिपुर जाने बस चढ्न खोज्दै थियो । अकस्मात् च्याप्प हात समातियो । झसङ्ग बन्दै पछाडि फर्कियो, वीरेन्द्र र राजन रहेछन् । तीनैजनाको खुसी एकैपटक चुलियो ।

यो निक्कै लामो समय पछिको भेट थियो । विगत र वर्तमान दुवैमा छताछुल्ल बग्यो- 'ओइ ! आज तँलाई भोज खुवाउँछौँ' तिनीहरूले कानमा खुसुक्क सुनाए ।

उसलाई अचम्म लाग्यो- 'के भन्दै छन् यी ?' मन एक्कासी अलमलियो । पहिले पत्याउनै सकेन । आँखाभित्र विविध प्रश्नहरू जन्मे । स्कुल पढ्दा चकलेट

समेत नख्वाउने ती आज भोजको कुरा गर्छन् मनमा कुतकुति लागिरह्यो ।

गोजीबाट नियुक्ति-पत्र निकालेर देखाए । विनाविज्ञापन ऊ पढिरहेको कलेजमा ती प्रशासनको कर्मचारी बनेर आएका रहेछन् । मनमा मीठो नमीठो दुवै अनुभूति सँगाल्यो । विगत तीन वर्षदेखि क्याम्पस प्रमुखलाई अनुरोध गरिरहेको थियो तर उनी ठाउँ नभएको कुरा बारम्बार दोहोऱ्याइरहेका थिए ।

साथीहरूसँगको हाई हेल्लोको संस्मरणपछि विगत बिर्सन खोज्यो । आँखा चिम्लियो र मुठी पनि कस्यो । एक्लै मुसुक्क हाँस्यो र बाहिरी संसार च्याट्टै भुल्न खोज्यो । मनभित्र लागेको आगो निभाउने प्रयास खुब गऱ्यो तर सक्दै सकेन । जागिर भेट्न नसकेकामा एक तमास बनेको मनको पारा घट्दै घटेन । यसको साटो बिस्तारै उकालो लाग्दै गयो ।

आँखा रसाउन खोजे । भावले बग्ने अनुमति माग्यो । विचारले असमट्टिँदै बाहिर निस्कने सोच बनायो । मुटुको चाल अझ बेसरी बढ्न थाल्यो । खै कसरी हो कुन्नि 'उडिजाऊँ भने म पन्छी होइन बस्नलाई मन छैन' कसैको गीतको एक टुक्रो मनले एकाएक स्मरण गऱ्यो । यो सब बिहान ओछ्यान नछाड्दै भयो । मन भारी नै थियो । जाँगर पलाउन हिचकिचाइरहेको थियो । मन उत्तर दिन नसकेर बिल्लिनु भन्दा बाहिर विकल्पमा जानै सकिरहेको थिएन ।

दैनिक कार्यतालिका पूरै फेरिएको थियो । हिजो अस्तिका जाँगर र जोश कता भागेका थिए कता । जति गर्दा पनि आगतमा तान्न सकिरहेको थिएन । बिर्सन खोजेका कुराहरूले बारम्बार आँखामा उपस्थिति जनाइरहेका थिए अनि सम्झन खोजेकाहरू कोशौँ टाढा भागिरहेका थिए ।

ऊ तिनीहरूलाई जवर्जस्ती समाएर यथास्थानमा राख्न भगीरथ प्रयत्न गरिरहेको थियो तर एउटै प्रयत्न समेत सफल बन्न सकिरहेका थिएनन् । यसले आश्चर्य चकित बनाइरहेको थियो ।

मुलुकमा दर्जन बढी विद्यार्थी सङ्गठन थिए ।

'जन्मभूमिको रक्षार्थ आन्दोलनरत छौँ । यो अन्तिम आन्दोलन हुनेछ । यसको सफलतापछि देशवासीको जीवनस्तर बदलिने छ' जनार्दनले पटक पटक भनेको थियो । ऊ अर्को सङ्गठनको नेता थियो । विचार मन पऱ्यो, आम्मामा ! कति सुन्दर मनमनै गुनेको थियो ।

'एउटै नेपालीले परदेशी भूमिमा रगत पसिना बगाउनुपर्ने छैन । पेटका निम्ति त्यता जाने बाध्यता सदाका निम्ति अन्त्य हुनेछ । स्वदेशले उपयुक्त चाँजोपाँजो मिलाउनेछ । जे जे गर्नेछौँ आफ्नै भूमिमा गर्नेछौँ । अरूका लागि हिजोसम्म गऱ्यौँ, अब त्यसको पूर्ण व्यवस्था देशले गर्नेछ' शिवमायाले भनेकी थिइन् ।

अधिकांश सङ्गठन यही विचार राख्थे । प्रस्तुति शैली बडो मिठास पूर्ण हुन्थ्यो । सुनिरहँदा मनमा अनेकौँ भाव सञ्चारित हुन्थे । घुटुक्क थुक निलेर

एक्लै भए पनि मुस्कुराउन बिर्संदैनथ्यो ।

मन परेका वा विश्वास लागेकाहरूको सूचीमा जनार्दन एक नम्बरमा थियो । त्यसैको सबैभन्दा धेरै सुनेको थियो । खै किन हो किन विश्वास उसैमा बढी थियो । किन ? चित्त बुझ्दो उत्तर थिएन तैपनि मन आश्वस्त थियो । शङ्कातिर अहँ ! पटक्कै जान सकिरहेको थिएन ।

जनार्दन मनले खाएको नेता थियो । ऊ कलेज पढ्दा त्यो विद्यार्थी सङ्गठनमा सभापति थियो । बारम्बार भेटघाट भइरहन्थ्यो । जति पटक देखे पनि त्यो मुसुक्क हाँस्न बिर्संदैनथ्यो । प्रत्युत्तरमा ऊ पनि त्यसै गर्थ्यो । त्यो लागेको सङ्गठनभित्र धेरै विद्यार्थी थिए । ती क्याम्पसका चुनाउ विनाअप्ठेरो मजाले जित्थे । जितको आधारमा सङ्गठन ठूलो-सानो हुने होला, उसलाई लाग्थ्यो ।

चुनाउ कसरी जितिन्थ्यो वा के कस्ता हर्कत गर्नुपर्छ एकरत्ति पनि जानकार थिएन । यसो त उसलाई जान्ने रहर पनि थिएन । केवल चुनाउ जितेकै कारण जनार्दनको सङ्गठनलाई ठूलो ठानेको थियो । त्यो कहिल्यै कक्षामा बस्दैनथ्यो । पढेको पनि देखिँदैनथ्यो तर परीक्षा सधैं उत्तीर्ण हुन्थ्यो । यहाँसम्म कि ब्याकसमेत लाग्दैनथ्यो, सरासर पास हुन्थ्यो । कतिपय यसमा शङ्का पनि गर्थे तर ऊ त्यसो पनि गर्दैनथ्यो ।

उसको सहपाठी थियो त्यो । कक्षा मात्र होइन सेक्सनसमेत एकै थियो तर परीक्षा कुन कोठामा बसेर लेख्थ्यो ऊ मात्र होइन धेरैलाई थाहा थिएन ।

'नेताहरू कहाँ सामान्य विद्यार्थीहरूसँग बसेर जाँच दिन्छन् त ?' एकपटक सच्चिदानन्दले कानैमा खुसुक्क भन्यो ।

उसले पहिलो पटक त ठ्याम्मै पत्याएन- 'नजाहिने कुरो गर्दो रहेछ बजिया' एक्लै हुँदा पनि मनले उसको मनले दिनभरि भनेको भन्यै गऱ्यो ।

अलिपछि एउटा परीक्षामा जनार्दनले धमाधम लेखिरहेको देख्यो । गोप्य तर निश्चित ठाउँमा बसेर जर्नादनसहित केही विद्यार्थी धमाधम काम तमाम पारिरहेका थिए । शौचालय जाने क्रममा नजर त्यो कोठामा पऱ्यो । निर्धक्क बनेर ती मजाले लेखिरहेका उसका आँखाले देखे । त्यहाँ उसले परीक्षाको कुनै दायरा देख्दै देखेन । पहिले त ऊ अलि हच्कियो । दोधारमा पनि पऱ्यो । आँखा जुधेपछि दुवै मुस्कुराए । एकछिनपछि जनार्दनले हात हल्लाउँदै बाईबाई गऱ्यो । ऊ अकमक्क बन्यो ।

त्यो दिन हतार हतारमा शौचालय पुगेर फर्किएको थियो । रिजल्ट प्रकाशित भएपछि उच्च अङ्क र विशेष व्यवस्था आँखामा छरपस्ट भयो । देख्न त देखेको थियो नि ! तर देख्नु नदेख्नुको खासै अर्थ बन्दैनथ्यो । पहिलेका साथीको कुरामा अविश्वास गरेकामा आफैंप्रति अविश्वास उत्पन्न भयो ।

त्यो क्याम्पसको जल्दोबल्दो नेता रह्यो डेढ दशकसम्म । गोरखा भर्ती केन्द्रको विरोधको राम्रो व्यापार चल्यो । हरेक प्रशिक्षण र सभा सम्मेलन तथा

आमसभा अनि विरोध ऱ्यालीमा घाँटीका नसा तन्कने गरी चिच्याउँथ्यो । सबले ताली बजाएपछि उसको पारा अझ माथि चढ्थ्यो । उसले पनि ताली बजाएको हो । सबैले एकैपटक बजाउँदा रमाइलो पनि लाग्थ्यो । अझ बजिरहेहुन्थ्यो मनले भन्थ्यो ।

नारा जुलुसले पेटका लागि विदेश जान बाध्यहरूका घरपरिवारका सदस्यका मन बेस्सरी छुन्थ्यो । पहिला पहिला सामान्य समर्थन भेटे पनि पछि पछि पूर्ण समर्थन पाएको थियो । सबै आश्वस्त बनका थिए । हो, परदेशमा बसेकाका मन दुख्नु स्वाभाविक थियो । जानेहरूका एउटा समस्या होलान् तर घर बस्नेका समस्या चाङका चाङ थिए । उसले त्यसलाई छिचोलेर पाइलाको गति बढाउँदै लगेको थियो ।

लाहुरे बनेका वा विदेसिएकाका हरेक बाबुआमा, घर-परिवार र स्वास्नी-छोराछोरीका समस्या थाकका थाक हुन्छन् । विषयका उठानले उनीहरूलाई संवेदित तुल्यायो । स्वदेशी रोजगारले बढी छोयो । 'ओहो ! आन्दोलन अपरिहार्य रहेछ' मनहरूले सोचे । विचार गरे । मनन गरे । कामना गरे । प्रार्थना गरे । सफलताका निम्ति हात जोडेर आँखा चिम्ले ।

जनार्दनलाई मात्र होइन सबै सबैलाई लाभ पुऱ्यायो । सफलताले शिखर यात्रा तय गऱ्यो । अन्ततः आन्दोलनले सफलता चुम्यो । आशाहरू आकाशिए । विश्वासका दिया धपक्क बले । बल्ने क्रमले निरन्तरता पाइरहयो । स्थान विशेषमा मात्र ती रोकिएनन् । नयाँ नयाँ सरकार बन्ने र ढल्ने सिलसिला चले । एकपछि अर्को परिवर्तन हुँदै गए । अल्पमतका सरकार बने । संयुक्त सरकार बने । बहुमतका सरकार बने । एकमना सरकार बने । सबले हेरे, अधिकांशले देखे ।

देश सङ्घीयतामा गयो । तीन खालका सरकार आए । सङ्घीय सरकार । प्रादेशिक सरकार । स्थानीय सरकार तर न गोर्खा भर्ती केन्द्र बन्द भयो न त गाँस, बास र कपासका निम्ति परदेश जाने क्रम रोकियो । कहीँ कतै रोकिएन वा बार-बन्देज लागेन । कतै बहस वा छलफल समेत भएनन् । झन् विदेश जाने क्रमलाई त रेमिटेन्सको मूल स्रोतसँग पो जोडियो ।

रोक्ने होइन बढावा दिनुपर्छ भन्ने आवाज जताततैबाट आए । कतै वा कसैबाट पनि प्रतिबन्धका कुरा उठेनन् । यसले उसलाई अझ अचम्ममा पाऱ्यो ।

जनार्दनले समर्थन गरेको दलले सरकार बनायो । सम्भवतः सबैभन्दा बढी खुसी उसलाई लाग्यो । यसको मुख्य आधार जनार्दनसँगको चिनारी थियो । सबैभन्दा चिनेजानेको ठूलो मान्छे उही थियो यसर्थ दङ्ग बन्यो । उमङ्गले मन, भाव र विचारलाई जुरुक्क उठायो । आफ्नो स्तर उठेको महसुस गर्न बिर्सिएन । माथि पुगेको ठान्यो । जनार्दनको दल वा जनार्दन नभई आफैँले जितेझैँ लाग्यो । खुसीमा छातीको धड्कन अझै प्रफुल्लित बनेको ठान्न बिर्सिएन । लाग्यो, हिजो हिजै भएको छ । हिजोले आज भेट्न सकेको छैन । एक्लै अचम्म मान्यो ।

'किन हुन्छ यस्तो ?' मनमनै सोच्यो । हिजोका कुरा एकाएक हराए । अनौंठो लाग्यो तर छातीमा राखिरहनु आवश्यक ठानेन । नसम्झने गरी बिर्सन खोज्यो । टाढा भाग्न खोज्यो तर हुत्याउन खोजे पनि सकेन । उल्टै मजाले टाँसियो । उप्काएर फाल्ने प्रयास सफल भएन ।

चुनाउताका जनार्दन एउटा आमसभामा भेटिएको थियो । मुस्कुराउँदै हात मिलाएको थियो । हाँसेरै भोट मागेको थियो । सहयोगको याचना गर्न भुलेको थिएन । 'गुन तिर्नेछु' भन्न भ्याएको थियो । बेरोजगारीका सम्बन्धमा खुलेर कुरा गर्न चुकेको थिएन तर दुर्भाग्य चुनाउ जित्न सकेन ।

एक वर्षपछि पुनः भेट भयो । सूचनासहित फोन गरेको थियो । त्यो आफैं समय मिलाएर भेट गर्न आयो । ऊ छक्क पर्‍यो । त्यो उसको क्षेत्रबाट अलिकति भोटले हारेको उम्मेदवार थियो ।

'मैले एउटा म्यानपावर खोलेको छु, सहयोग गर्नुपर्‍यो' त्यसको याचना थियो । पहिले कुरोको चुरो बुझेन । पुलुक्क आँखा फर्कायो । त्यो हाँस्न खोजेर पनि सकिरहेको थिएन ।

'हो क्या ! म तिम्रो पूर्ण सहयोगको आशामा छु, साँच्चै सहयोग गर्नुपर्‍यो' हातमा च्याप्प समातेर भन्यो । ऊ केही बोलेन, केवल सुन्यो मात्र । न हुन्छ भन्न सक्यो न त हुँदैन नै । मन खल्लो बन्यो । अगाडि बढ्न सकेन ।

परिवर्तनपछिको विशेष उपलब्धि बनेको छ खाडी मुलुकहरूमा नेपाली श्रमशक्तिको प्रवेश । दक्ष जनशक्ति भए त केही हुन्थ्यो होला तर ठूलो मात्रामा अदक्ष जनशक्ति निर्यात गरेर गजक्क बनिरहेका छौं । हिजोका भर्ती केन्द्र बन्द नहुँदै आज अझ धेरै नयाँ भर्ती केन्द्र खुलेका छन् ।

ती व्यापारको व्यापार गरिरहेका छन् । नयाँ गल्लावाल थपिने क्रम रोकिएको छैन । जताततै हानाथाप छ । क्रमले निरन्तरता पाउन छाडेको छैन । यो दृश्यले स्तब्ध बनाउँछ । त्यसैले उठ्ने जाँगर जाग्न नसकिरहेको हो ।

यतिखेर जनार्दन देशको जनशक्ति निर्यात गर्ने मुख्य कारोबारी बनेको छ । हिजो एउटा आदर्श बोक्ने र बोकाउनेहरू आज निसङ्कोच त्यता लागिरहेछन् । उसले धेरै धेरैलाई त्यता पठाइसकेको छ । त्योवापत देशबाट उच्च सम्मान पनि पाएको छ ।

'यसैका निम्ति थियो त हिजोको बलिदान ?' उसको मन दोधारमा छ । आखाँ विश्वासमा पोखिन सकिरहेको छैन अर्थात् मनले पटक्कै समर्थन गरिरहेको छैन । हिजो र आजको जनार्दन मनमा हिँडिरहेछ ।

त्यसले सहज होइन असहजतातिर डोर्‍याइरहेछ । त्यसैले घाम एक टाङो माथि पुगिसक्दा पनि ओछ्यान छाड्न सकिरहेको छैन नि । मन एक तमास हुँदै गइरहेछ ।

स्वाभिमानबस्ती, बारा ।

ä ã



# छोरीलाई शिक्षा

**नारायणप्रसाद न्यौपाने**

सविना भर्खर पाँच कक्षा पास गरेकी थिई । घरमा भाइ जन्मियो अनि घरको धन्दा र गाईवस्तु हेर्ने समस्या भयो । आमाले भनिन्- छोरी अब स्कुल नगएर घरमा बाबालाई सघाउनुपर्‍यो । अब अलिकति हिसाब किताब गर्न र चिठी पढ्न सक्ने त भएकी छौ, होइन र ?

सविना केही पनि बोलिन । यो कुराले उसलाई निकै स्तब्ध बनायो । उसले आमा र बाबाको अवस्थालाई पनि राम्ररी बुझेकी थिई । अब आमा सुत्केरी भएको देखी देखी कसरी स्कुल जान्छु भन्ने ? घरको समस्या पनि हेर्नै पर्‍यो, अरू कसैले आएर सहयोग गर्ने अवस्था छैन । यस्ता अनेकौं कुराहरू केलाउँदै भान्सातिर गई ।

समय बित्दै गयो । सविनाको भाइ पनि तीन वर्षको भयो । अब उसलाई पनि स्कुल पठाउनुपर्ने बेला भयो भन्दै बुवाआमाले बाहिर पिँढीमा बसेर गफ गर्दै गरेको उसले भित्र भान्साबाट सुनी । अब भाइलाई सँगसँगै मैले लिएर जान्छु अनि आउँदा सँगै लिएर आउँछु भन्ने विचार गरी ।

त्यसपछि अर्को दिन आफ्नो सबै काम सकेर बाहिर एकछिन आमासँग बसेको अवस्थामा भनी- आमा अब म पनि भाइसँगै स्कुल जान्छु नि ! हुँदैन र ?

तिमी कहाँ जाने हो ? के भनेको हो छोरी ? तिमी गएपछि यहाँ कसले गर्दिन्छ ? हेर अब तिमी पनि स्कुल जाने हो भने यो घर त चौपट भइहाल्छ नि ? घरको काम कसले गरिदिन्छ, भन त ?'

'होइन आमा, साँझ, बिहान त म आफ्नो सबै काम गरिहाल्छु नि ! हुन्न र ?

मैले के भन्नु बाबै भाइको स्याहार सुसार अनि गाईवस्तुको हेरविचार अनि घरको धन्दा सबै म एक्लै कसरी गर्न सक्छु, भन त ? त्यसैबेला उताबाट बुवालाई आएको देखेर ऊ केही नबोली भित्र गई- 'के गन्थन गर्दै हो, आमा-छोरीको ?'

'खै के भन्नु तपाईंकी छोरीले बाटोमा स्कुले केटाकेटी हिंडेको देखेपछि सधैं स्कुलै जान्छु भन्छे, के गर्ने ?'

अब पढेर के हुन्छ र ? यो घरको काम कसले गर्छ ? वहाँ खेतमा तोरी

पाकिसक्यो । सबैले छिनिसकेछन् । हिँड् तँ र म पनि खेतमा तोरी छिन्न जाऊँ । छोरी गाईवस्तु लिएर पाखातिर जान्छे ।' यति भन्दै बुवाआमा खेततिर जानुभयो ।

सविनाले पनि गाईवस्तु लिएर पाखातिर गई । गाई चराउन जाँदा बाटोमा आफूलाई पढाउने जुना मिससँग भेट भयो । उसले मिसलाई देखेपछि टाढैबाट 'नमस्ते मिस' भनेर सम्बोधन गरी । नजिकै आएपछि मिसले पनि उसलाई चिन्नुभयो अनि- 'के छ सविना ? गाईवस्तु चराउन आएकी तिमी ?'

'हो मिस ?'

'किन पढ्न छोडेको त ? के तिमीलाई पढ्न मन लाग्दैन ?'

मिसले यति के भनेकी थिइन् उसले आँखाभरि आँसु पार्दै भनी- 'मन त लाग्छ नि मिस तर.......... ? तर के ? बुवा आमाले पठाउनुहुँदैन । घरको सबै काम गर्नुपर्छ, भाइलाई हेर्नुपर्छ, अब पढेर के हुन्छ र ? भन्नुहुन्छ ?'

'त्यसो भए, जाऊ म भोलि बिहान घरमा आएर बुवा आमासँग सबै कुरा गरौँला, हुँदैन ?

अर्को दिन बिहान सविनाले घरसफा गर्दै थिई । तलबाट मिसलाई आएको देखेर सविनाले 'नमस्ते मिस' भन्दै सम्बोधन गरी ।'नमस्ते तिमीले के घर सफा गर्न थालेको ?'

'हो मिस ।'

'खै त बुवाआमा ?'

'भित्र हुनुहुन्छ ।' टुप्लुक्क बाहिर आएर आमाले भन्नु भो- 'ओहो ! नानी आज त कताबाट बाटो बिराउनुभएको हो ?'

'नमस्ते छ है दाजु भाउजू दुवैलाई । कहाँ बाटो बिराउनु नि ! धेरै भयो यता नआएको । दाजु भाउजुलाई नभेटेको पनि धेरै भयो । यसो बिदाको दिन, आज दाजु भाउजुसँग भेटघाट गरौं भनेर नि ?'

'ल नानी यता बस्नुहोस् ।' गुन्द्रीमा बस्दै- 'ल भन्नुहोस् नानी के कति कामले पाल्नुभएको थियो कुन्नि ?'

'यता नआएको पनि धेरै भयो, यसो गफगाफ गर्न पसेको नि ? अनि हाम्रो फुच्चेको पढाइ कस्तो छ त ? ठिकै छ, उसको उमेर अनुसार राम्रै गरेको छ ।' केही सम्झिएर- 'अँ साच्ची अस्ति बाटोमा भेट्दा छोरीले धेरै गुनासो गरेकी थिई त ?'

'अब पढेर के हुन्छ र नानी ? उमेर पनि बढ्दै गयो ।'

'उमेर बढेर के भयो त ? अब, उसले पढ्ने इच्छा गरेकी छ भने स्कुल पठाइदिनुहोस् न दिदीभाइ सँगसँगै जान्छन् र सँगै आउने गर्छन् ।

'आ नानी पढेर केही हुनेवाला छैन त । अब यो स्कुल गई भने घरमा

कसले सघाउँछ ? भन्नु त ?'

'यो के न्याय भयो त दाजु ? छोरो भने स्कुल जाओस् र पढोस् अनि छोरी भने घरको काम मात्र गर्ने त ?'

'मैले त्यसो कहाँ भनेको हो र ?'

हेर्नुहोस् दाजु अझ, सरकारले पनि महिलालाई निशुल्क पढ्न पाइने व्यवस्था गरेको छ ।'

'अब उमेर पनि बढ्दै गयो । अलिअलि हरहिसाब जानेकी नै छ, त्यति भएपछि हुन्छ भनेर नि ?'

'हेर्नुस्, दाजु हाम्रो समाजले छोरीलाई भन्दा छोरालाई बढी प्राथमिकता दिएको हुन्छ । समाजमा कुनै अवसर पाएमा छोरालेजस्तै छोरीले पनि धेरै काम गर्न सक्छन् । उनीहरूले धन र नाम पनि कमाउन सक्छन् । समाजमा छोरीलाई पढाउनु भनेको उसलाई आत्मनिर्भर बनाउने प्रयत्न गर्नु हो । हरेक समाजमा छोरालाई पढाउँदा त्यो परिवारमा एकजना व्यक्ति मात्र शिक्षित हुन्छ भने छोरीलाई पढाउँदा त्यो सिङ्गो परिवार नै शिक्षित बन्न पुगेको हुन्छ । त्यसैले छोरीलाई पढाउन छोड्नुहुँदैन है ।'

'हेर्नुस् दाजु, तपाईकी छोरी आज तपाईंका साथमा रहुन्जेल छोरी मात्र बनेर रहेकी छे । भोलि ऊ कसैकी बुहारी बन्छे अनि कसैकी आमा बन्दै आफ्ना छोराछोरीलाई पनि हुर्काउने र बढाउने काम गर्छे । उनीहरूको उचित पालनपोषण गराउँदै राम्रो के हो र नराम्रो के हो भन्ने कुरा पनि सिकाएकी हुन्छे । त्यसैले पनि समाजका सबै छोरीलाई उचित शिक्षा दिनु आवश्यक छ ।'

'ओहो नानी ! म हारें ल अब भोलिदेखि म पनि मेरी छोरीलाई स्कुल पठाउँछु । खै कता गई ? ए सविता बाहिर आऊ ।' छोरीलाई देखेपछि भने- 'ल अब भोलिदेखि तिमी पनि भाइसँगै स्कुल जाऊ ल ?'

हर्षले विभोर हुँदै सविनाले- 'हवस्, बुवा भनेर बुवालाई अँगालो हाली ।

'ल आज सारै खुसी लाग्यो । अब दाजु म पनि जान्छु है' भन्दै मिस पनि घरतिर लाग्नुभयो ।

कालीगण्डकी-५ स्याङ्जा, हाल : बुढानिलकण्ठ-४ काठमाडौं ।

ä ã

**शब्दार्थ प्रकाशन**का **कार्यक्रमहरूका**

सबै भिडियो यता छन् ।

1. https://www.youtube.com/Shabdartha Music SM/
2. https://www.youtube.com/Shabdartha Prakashan/



# अलबिदा

**पुष्प आर.जे**

'खेलउला डेउडा चैतली, लाइदिउँ सुवा पैतली....'

अघिदेखि मोबाइलमा यसरी नै गीत बजिरहेको थियो । दुवै हात माइक्रोको सिट समाउनमा व्यस्त थिए । 'भाइ तपाईंको मोबाइल बजिरहेको छ, कुनै जरुरी फोन होला ?' सायद बज्दै काटिँदै गरेको फोनले झर्को भएको होला उठाउन नखोजेको हैन इन्द्रले तर घरिघरि घ्याच्च घ्याच्च लाग्ने माइक्रोको ब्रेकले उठाउन सकेको थिएन ।

'ग्वार्को....ग्वार्को झर्ने जति ढोकामा आउनु ।'

बल्ल बाहिर निस्केर फोन हेऱ्यो पुण्यको रहेछ ।

ooo

सुदूर पश्चिम कैलालीको लम्कीबाट उच्च शिक्षा पढ्न काठमाडौं आएको इन्द्र मास्टर्सको पढाइ कीर्तिपुर त्रिभुवन विश्वविद्यालयमा थालेको थियो । एक दिन पुस्तकालयमा किताब खोज्ने क्रममा उसले एउटा किताब समाएको थियो । ठीक त्यसैबेला अर्को व्यक्तिको हात पनि त्यही किताब समाउन पुग्यो । दुवैको परिचय भयो र क्रमशः मित्रतामा परिवर्तन भयो । ऊ पूर्वको झापाबाट आएको थियो । उसँग एउटै कोठामा नारायण पनि बस्दो रहेछ । दुवै झापाका भएकोले बसाई सहजै थियो । यता इन्द्रलाई भने आफन्तकोमा बस्न कठिन थियो त्यसैले तीनैजना सँगसँग बस्न थाले ।

फेरि बजेको मोबाइलको घन्टीले इन्द्रको ध्यान भङ्ग भयो । 'इन्द्र ! यहाँ बहिनीको बिहेको टुङ्गो लाग्यो, यही महिनाको २६ गते । तिमी र नारायण हप्ता दिन अगाडि नै आउनुपर्छ ।' बेलुका नारायणसँगै सल्लाह गऱ्यो २४ गते बिहानै उनीहरू माइक्रो चढे । काठमाडौंबाट इन्द्रको पहिलो यात्रा थियो पूर्वको ।

'ल ल चिया, नस्ता, पिसाब गर्नुस् ।' भकुण्डेबेसी पुगेर सहचालकले सबैले सुन्ने गरी करायो । पहाडमा लुकेको सानो गाउँ । जुन गाउँ वी. पि. राजमार्ग बनेसँगै केही चहलपहल बढेको थियो । कुहिरोले चिसो महसुस भइरहेको थियो । मङ्सिरको महिना खेतभरि धान र कतै काटिएका धानका कुन्युहरू थिए ।

गाडी भकुण्डेलाई छोड्दै सिन्धुलीतिर बढ्दै थियो । नागबेली परेको वि. पि.

राजमार्ग साँच्चै रमाइलो यात्रा थियो । साथमा भएको नारायणले ठाउँको बारेमा जानकारी दिँदै थियो । गाडीले वर्दिवास पुगेर पूर्व पश्चिम महेन्द्र राजमार्ग टेकेको थियो । दिउँसोको खानासँगै सबै उङ्दै थिए । तराईको समथर भूभागमा पनि चिसो मुटु कमाउने हावा थियो बाहिर । कोशी ब्यारेज पुग्दा त्यस्तै तीन बजेको थियो । बेलुकी सात बजे उनीहरू बिहे घर पुगे ।

'दुवै दादालाई नमस्कार ।' घर पुग्ने बित्तिकै हुनेवाला बेहुलीले स्वागत गरिन् हाम्रो । सबैसँग भेटघाटपछि नारायणले बिदा माग्दै भन्यो, अब म नि छुट्छु । मेरो घर अलि भित्र पर्छ । हिँड्दै जान्छु, भोलि भेटौंला ।'

'छोरा यो आफ्नै घर हो । अब बिहे कसरी उकास्ने तिमीहरूको जिम्मा । बाबालाई नि सन्चो छैन । आजसम्म मेरो एउटा छोरा थियो आजदेखि दुई जना भयौ ।' पुण्यको आमाले इन्द्रलाई हेर्दै भन्नुभयो ।

दिनभरिको यात्रा, थाकेको शरीर । कतिखेर निदायो इन्द्र थाहै भएन । भन्छन् नयाँ ठाउँ र नयाँ ओछ्यानमा निन्द्रा लाग्दैन रे ! तर यहाँ उल्टो भयो । मान्छेको कल्याङकुलुङ्सँगै उसको निन्द्रा टुट्यो । घडी हेऱ्यो बिहानको सातभन्दा बढी भइसकेछ । नेपथ्यमा केही नारी स्वर गाईंगुईं गरेको सुन्यो ।

'दादा ! शुभ प्रभात, धेरै थाक्नुभयो है ? चिया लिनुहोस् ।'

'बहिनी तल केको हल्ला हो ? म उठेको कसरी थाहा पायौ नि ?'

दादाले भनेको तपाईं ब्यूँझेपछि पहिले मोबाइलमा गीत बजाउनुहुन्छ रे ! त्यहीँ सुनेर म आएको । अँ तल मेरा साथीहरू हुन् ।' आज आफ्नै बानीले नरमाइलो लाग्यो । चिया पिउँदै इन्द्र बाहिर निस्कियो ।

'इन्द्र छिटो ठिक पर्, बाहिर जानु छ । आज म तिमीलाई हाम्रो गाउँ घुमाउँछु । केही ठाउँमा निम्ता दिन जानु छ पनि ।'

'हिजो आएको थकाइ मरेकै छैन, तिमी आफै जाऊ न छोरा ।' आमाले भन्नुभयो । भित्रबाट फेरि केटीहरू हाँसेको आवाज आयो ।

सिटी सफारी घर अगाडि बाटोसँगै रोकिएको थियो । बहिनीसँगै अरू उनका साथीहरू हाँस्दै बाहिर निस्किए । बिहान सुनेको हाँसो र अहिलेको हाँसो उस्तै थियो । अरू पनि सँगै भएकोले कसको हो छुट्याउन सकिनँ ।

'धेरै भोक लाग्यो खाना दिनु त आमा ।' पुण्य आँगनबाटै करायो । यता इन्द्र भने आँगनको कुर्सीमा बसेर एकटकले हेरिरहेको थियो । पातलो शरीर, गुलाबी कुर्था सुरूवाल, लामो कपाल । एकै नजरमा घायल भयो । हुन त सबै राम्रा थिए तर ध्यान उनैमा रोकिएको थियो । सिटी सफारी पर पुग्दासम्म हेरिरह्यो ।

'बाबु ! खाना खान आऊ किन टोलाएको नि त्यसरी ।' आमाको बोलीले झस्कियो इन्द्र । यताउता हेर्दै भान्सामा पस्यो तर हात धुन भुलेछ, केही छैन

आफ्नै हात त हो नि मनमनै सम्झी खाना खान थाल्यो ।

'आमा बहिनी खै ? कहाँ गएकी ?'

'गौरीगञ्ज' उसको मिल्ने साथीलाई निम्तो दिन र पार्लरमा काम छ रे !'

'कता पर्छ यो ठाउँ ?'

'खाना खाऊँ अनि हामी पनि ....' पुण्यले आमाको मुख हेऱ्यो । आमाबाट कुनै जवाफ आएन ।

ooo

'दादा ! मलाई अहिले घर जानुपर्ने भयो छोडिदिनु ल' बहिनीकी एउटी साथीले भनिन् । बहिनीले केही कुरा पुण्यलाई कानमा भनिन् ।

'दादा मेरा साथीहरू सविता, अस्मिता र निर्मला अघि जाने रोजी ।'

'म इन्द्र, कैलाली । पहिलोपटक झापा आएको । काठमाडौंमा हामीसँगै पढ्छौं ।'

'इन्द्र दादा ऊ त्यो दादा र म पढेको स्कुल । त्यो सरस्वती मन्दिर । यो हामीलाई पढाउने सरको घर ।' दुई कि. मि. बाटो कतिखेर कट्यो कसैलाई थाहा भएन । घरमा पुगी बहिनीको फेसबुकमा गएर लिस्ट हेर्न थाल्यो । साथीको लागि अनुरोध पठायो अनि लेख्यो ।

'हाई'

'हेल्लो'

टिङ...टिङ...आवाजसँगै हेऱ्यो मोबाइल ।

'नमस्कार, तपाईं को हो, परिचय ?'

'लु भल्नुभयो अघि हामीसँगै गफ गर्दै आएको ।'

'ए....पुण्य दादाको साथी ?'

'हो नि । बहिनीको फेसबुक खोजेर बल्ल भेटें ।' उताबाट हाँसेको स्टिकर आयो । उनीहरू च्याटमा रमाउन थाले । सँगै घरमा हुँदा पनि कति कुरा च्याटमै गर्न थालेका थिए अरूको आँखा छलेर । विवाहको अघिल्लो दिन कसार बटार्ने काम सकी पाहुनाहरू खाना खाना खाँदै थिए । कोही नाच्न त कोही वरणीको ठूलो टपरी बनाउँदै थिए ।

'अस्मिता, धेरै थाकियो । एकछिन परसम्म पुगेर आउन ल यति' भनी इन्द्र बाहिर निस्कियो । अस्मिता पनि सबैको आँखा छलेर बाहिर निस्किन्छिन् ।

'अस्मिता ! बहिनीको विवाहपछि हाम्रो भेट कहिले हुँदैन होला है ?' एक्कासि आएको यस प्रश्नको जवाफ थिएन अस्मितासँग ।

'के भयो त च्याटमा सधैं कुरा भइहाल्छ । मेरो नम्बर मेसेज गरिदिन्छु । फोनमा पनि बोलौंला ।'

'तिमी आज धेरै राम्री देखिएकी छौ । एउटा सेल्फी ल सम्झिने बिर्सने ।'

'यहाँ मान्छेले देखे के भन्छन् । तपाईंको जाने समय भएको हो र ?'

'तिमीलाई छोडेर जान मन त छैन तर पनि पढाइ छ जानुपर्छ ।' अस्मिता लजाउँदै हाँस्छिन् । एउटा सेल्फी लियो इन्द्रले । बेलुकी रूममा पुगेर 'आजको स्पेसल मान्छेसँग ...भोलिदेखि टाढा हुँदै छौ ।' भनेर तीन जनाको ग्रुप फोटो पोष्ट गऱ्यो । बेलुकी बहिनीलाई अस्मिताको बारेमा कुरा गऱ्यो । उनीहरू भर्खर यहाँ बसाइ आए पनि दुईजना राम्रो साथी रहेछन् ।

'अस्मिता बधाई छ । कि भोलि एउटै लगनमा बिहे गर्ने ? सब थाहा भयो मलाई । शुभकामना छ । हाम्रो दाजु हेन्डसम हुनुहुन्छ मोरी । साथ नछोड कहिले ।' बहिनीले अस्मितालाई जिस्काइन् ।

बेहुली अन्माएर को कता को कता लागे । धेरै बेरदेखि इन्द्रले अस्मितालाई खोजिरहेको थियो तर कतै भेटेन । अन्तमा थाकेर बस्यो मनमनै के के सोच्यो । सरासर अस्मिताको घर गई बोलायो । ढोका खुल्लै भएकोले सरासर भित्र गयो । अस्मिताले अँगालो हाली धेरै बेर रोइन् । इन्द्रले सम्झाइरह्यो ।

'भयो कति रुन्छौ जाऊँ घुम्न अलि परसम्म ।' अस्मिता इन्द्रको पछिपछि लागिन् । घरभन्दा अलि पर पुगेर नजिकै भए । अस्मिता म कस्तो लाग्छु तिमीलाई ?' म पर्सि बिहानै जाँदै छु ।' यो पटक अस्मिताले कुनै प्रतिक्रिया दिइनन् । केवल विस्मय भावले हेरिरहिन् । छोटो समयमा राम्रो साथी जो भएका थिए उनीहरू ।

'अस्मिता म ...म तिमीलाई धेरै माया गर्छु ।' मनबाट त भन्यो तर आवाज बाहिर निकाल्न सकेन ।

'के टोलाउनुभएको ? जाऊँ घर । आजदेखि म एक्लै भएँ । धेरै मिल्दथी ऊ मसँग ।'

'म छु नि साथी, एक्लोपन महसुस भए कल गर अनि गफ गरौंला !'

पश्चिम आकाशमा सूर्य डुबेर रातो लाली छाउँदै थियो । दुवै हिँड्दाहिँड्दै अलि टाढै पुग्छन् ।

ooo

'इन्द्र ! नयाँ वर्ष यसपाली झापामा मनाउने है । बहिनी पनि आउँछिन् । हाम्रोमा नयाँ वर्षमा स्थानीय क्षेत्रमा मेला लाग्छ रमाइलो पनि हुन्छ । आदिवासीहरूको नाच हुन्छ । जसमा सतार नाच, सन्थाल नाच पर्दछन् । यही मौकामा अस्मिताको हात मागेर आउनुपर्छ ।' पुण्यले भन्यो । सल्लाह मन पऱ्यो इन्द्रलाई । दुवै झापा झरे मेला हेर्न ।

बहिनी पनि आएकी थिइन् । अस्मितालाई पनि बोलाए । सबै मिलेर मेला गए । दिनभरिको मेलाको थकान थियो । खाना खाई चोटामा सबै सँगै बसेर गफ

गर्न थाले । इन्द्र पुण्यलाई इशारा गर्छ तर बाबाको अगाडि बोल्न सक्दैन ।

'बाबा ! इन्द्र दादालाई अस्मिता धेरै मन परेको छ रे ! यदि दिए अहिले माग्ने र पछि विवाह गर्ने कुरा गर्दै हुनुहुन्छ ।' बहिनीले बीचमा कुरा छेडिदिन्छिन् । सबैजना मुखामुख गरी हाँस्छन् । बाबाले भोलि आफैं माग्न जाने कुरा गर्छन् । भोलिको स्पेशल दिनको प्रतीक्षामा' क्याप्सन लेखी इन्द्र मेलाका फोटोहरू फेसबुकमा राख्छ । घडीले बिहानको ८ बजेको सङ्केत गर्दै थियो । बहिनी पहिले नै अस्मिताकोमा पुगेर उसलाई जिस्काउँदै थिई । त्यहीं समयमा इन्द्र, पुण्य र बाबा पनि पुगे । पुण्यको र अस्मिताको घर लगभग ५०० मिटर थियो ।

पुण्यका बाबालाई गाउँमा सबैले खरदार नै भन्छन् । सदरमुकाममा लामो समय यही पदमा काम गरेकाले इज्जत दिएका थिए । सबैजना बसेपछि पुण्यका बाबाले अस्मिताका बालाई भने- 'हेर कान्छा मोही माग्ने ढुङ्ग्रो लुकाउने काम म गर्दिन । यो इन्द्र, घर पश्चिम कैलाली । कलेज हाम्रो छोरासँगै पढ्छ । इमानदार छ केटा । ऊ मेरो छोराजस्तै हो । यहाँ आउँदा तिम्रो छोरीलाई मन पराएछ । के छ तिम्रो विचार ? बिहे गरिउदिऊँ । छोरी अस्मिता पनि बिहे गर्ने उमेरकी भएकी छिन् ।' अघिसम्म हाँसेर बोलेको कान्छाको एकैछिनमा निन्याउरो मुख देखियो ।

'हेर कान्छा ! टाढा पनि हैन बेलाबेला आइहाल्छन् । एक दिनको न बाटो हो । यस्तो केटा पाए छोरीको पनि भाग्य बन्छ ।' खर्दारले फेरि भने- 'तर म अभागी बाबु हुँ । यदि छोरीलाई बिहे गरेर दिए अनर्थ हुन्छ । ऊ कहिले आमा बन्न सक्दिन । ऊ कसैको घरकी बुहारी हुन सक्दिन । भगवान्ले ठगे खरदार दाइ हामीलाई ।'

'बुवा जस्तो भए नि म अस्मितालाई स्वीकार्छु । म बिहे गर्छु उसलाई माया दिन्छु । बस् मलाई तपाईंको अनुमति चाहिन्छ ।' इन्द्र आफै अघि सरेर बोल्यो ।

'दुई दिन बोल्दैमा माया हुन्छ । तिमीलाई मेरो बारेमा के थाहा छ । साँचो कुरा थाहा पायौ भने मलाई त के मेरो नाम पनि कहिल्यै लिँदैनौ ।' अस्मिताले इन्द्रलाई सुँक्क सुँक्क गर्दै भनी र कोठातिर लागि ।

अन्तमा अस्मिताका बाबुले खुइय गर्दै तीतो सत्य पोख्छन्- 'अस्मिता तेस्रोलिङ्गी हो । बाहिर केटीजस्तो भए पनि उसमा त्यस्तो केही छैन । आम भाषामा भन्ने भए ऊ छक्का हो । पहिले बसेको ठाउँमा थाहा पाएर बेइज्जत र छिःछिः दूरदूर गरेकाले सहन नसकेर बसाइँ सरेर यहाँ आएका । अब फेरि थाहा छैन कहाँ पुग्नुपर्ने हो । यो समाजलाई कहिलेसम्म यसरी लुकाएर राख्ने हो । यसलाई न मार्न सकें न फ्याँक्न सकें ।

सबैका आँखा आँसुले भिज्छ । सबै मुखामुख मात्रै गर्छन् । यो कुराको

असर सबैभन्दा धेरै बहिनीलाई पर्छ । आफ्नो मिल्ने साथी बारे अहिलेसम्म थाहा नपाउँदा अँध्यारो मुख लगाएर घर फर्कन्छन् । वैशाखको महिना । मूलबाटो नजिकैको घर । मानिसहरूको चहलपहल । इन्द्र र पुण्य चिया पिउँदै गफ गर्दै हुन्छन् । पुण्य बारीतिर जान्छ । बहिनी खाना बनाउन लाग्छिन् । आमा नजिकैको मन्दिरमा पूजा गर्न जानुभएको आउनुभएको थिएन ।

इन्द्र माथि चोटामा गई ब्यागबाट केही निकालेर गोजितिर हाल्दै अस्मिताको घरतिर लाग्छ- 'अस्मिता ....! अस्मिता ....! अस्मिता ...!'

इन्द्र आँगनबाट कराउँछ । उसको आवाज सुनेर अस्मिता आँगनीमा आउँछिन् । गोजीबाट सिन्दुर निकाली अस्मिताको सिउँदोमा लगाइदिन्छ । बाटो हिँड्ने मानिसहरू रोकिन्छन् । अस्मिता चिच्याउँछिन् । बारीमा काम गर्दै गरेका अस्मिताका बाबा आइपुग्छन् । छोरीको सिउँदोमा सिन्दुर देखेर असमञ्जसमा पर्छन् । सबैले सम्झाइ बुझाइ गरेर फर्काउँछन् इन्द्रलाई । त्यही बेला पुण्य आइपुग्छ र साथीलाई लिएर जान्छ । केही दिन पछि इन्द्र काठमाडौं लाग्छ ।

एक दिन बिहानै फोन बज्यो पुण्यको । 'बाबु, म इन्द्रको बुवा । इन्द्र हप्ता दिन भयो कोठाबाट बाहिर ननिस्किएको । एक्लै बोलिरहन्छ ।'

'बुवा कहिलेबाट यस्तो भएको नि ?'

'१५ दिन पहिले काठमाडौंबाट बिरामी जस्तो भएर घर आएको थियो । उसको रूप देखेर हामी डरायौं । डाक्टर धामीझाँक्री सब देखायौं कुनै रोगको पत्ता लागेन । तिमी जसरी पनि आएर सम्झाई देऊ न । ऊ त तिम्रो मिल्ने साथी हो । के भएको भन्छ कि ?'

उताबाट रोएको आवाज आउँदै थियो । नारायणलाई फोन लगायो ।

'झापाबाट आएको दिन देखेको । एक दिन घर जाने भनेर केही सामान लिएर गयो । उसको अवस्था ठिक थिएन । रोक्ने कोसिस गरे तर सकिनँ । त्यसपछि कता गएको थाहा भएन भन्ने जानकारी दियो नारायणले ।

दमकबाट महेन्द्रनगरको बस चडी कैलालीतिर लाग्यो । गाडी आफ्नै गतिमा थियो । बिहानको नास्ता खाई गाडी अगाडि बढ्दै थियो ।

'बाबु ! इन्द्र हामीसँग रहेन । बिहान ढोका थोरै खुल्ला थियो हेर्दा ऊ झुन्डिएको रहेछ । हामीले पुलिसलाई खबर गरेका छौ । तिमी चाँडै आऊ ।' पुण्य स्तब्ध भयो । स्टाफलाई सोध्यो अब ५० कि.मि. मात्र छ । पुण्यलाई यो ५० कि.मि. हजारौं माइलजस्तो लाग्यो ।

पोष्टमार्टम सकी लास घाटमा पुऱ्याएर जलाउँदा भुइँकीराले कराउने समय भएको थियो । मलामी फर्कंदा अँध्यारो सुरु भएको थियो । राती ढीलो सुतेकोले आँखा खोलिएकै थिएन । अघिदेखि मोबाइल बजिरहेको थियो ।

'अँ बहिनी भन बाबा र आमा धेरै रुनु भएको छ । म घर आउन केही दिन लाग्न सक्छ । आमालाई पीर नलिन भन्नू ।'

'दादा ! अस्मिताले आत्महत्या गरी । बिहान उठ्दा मात्रै थाहा पाएछन् । म र ज्वाइँ हिजो यता आएका थियौ । पुलिस आएको छैन । तपाईंलाई फोटो पठाएको छु । मलाई कस्तो डर लागिरहेको छ ।'

हत्तपत निन्द्रामै मोबाइल खोल्यो । अस्मिताले हाँसिरहेको इन्द्रको फोटोसँगै आफ्नो फोटो राखेकी थिइन् । यस्तो लाग्दथ्यो दुवै हाँसिरहेका छन् । अहिले नै बाहिर निस्कन्छन् । माथि स्टाटसमा-

'आँगनीमा मेरो नौमती नबजे नी शङ्ख त एक दिन बज्छ होला
शृङ्गारमा म नसजिए पनि एक दिन चितामा शरीर सज्छ होला ।'

पुण्यले फोटोमुनि ग्रुप फोटो राखे त लेख्यो । जुन नयाँ वर्षको थियो ।

'मित्र इन्द्र, अस्मिता तिमीहरू मेरो मनमा छौ कहिले मर्दैनौ । आखिर तिमीहरूको सम्बन्ध समाजले स्वीकार्दैन भनी आपसमा माया गरेर बिदा भयौ । के तेस्रोलिङ्गीले अरू जस्तो जीवन बिताउन सक्दैन र ? अलबिदा छ ।'

ä ã

## साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

**५. 'विश्वज्योति सेवा सम्मान-२०७१'**
- २०७१ श्री सत्य साईं केन्द्र, पूर्व काठमाडौं
- २०७२ श्री सत्य उद्यान, ललितपुर
- २०७३ शान्तदास मानन्धर
- २०७४ जगत्गुरु आदर्श संस्कृत गुरुकुलम्
- २०७५ नेपाल एकीकृत दृष्टिविहीन संघ, लोलाङ
- २०७७ रोचक घिमिरे
- २०७८ जनमत मासिक पत्रिका, बनेपा
- २०७९ श्री कान्तिभैरव गुरुकुल विद्यालय, गोकर्ण

**६. 'शारदादेवी सिर्जना पुरस्कार-२०७२**
- २०७२ गीताकेशरी
- २०७३ भागिरथी श्रेष्ठ
- २०७४ भुवन ढुङ्गाना
- २०७५ माया ठकुरी
- २०७७ रमा शर्मा
- २०७८ पद्मावती सिंह
- २०७९ हिरण्यकुमारी पाठक

**७. 'राधिका-पदम-दुर्गा काव्य कविता पुरस्कार-२०७२**
- २०७२ डा. टीकाराम अधिकारी
- २०७३ प्रा.डा. वेणीमाधव ढकाल
- २०७४ रमेश खकुरेल
- २०७५ डा. विष्णुराज आत्रेय
- २०७७ नारायणप्रसाद उपाध्याय
- २०७८ तीर्थराज अधिकारी
- २०७९ रमेशचन्द्र देवकोटा



# अन्तिम भोज

**बाँस्कोटा धनञ्जय**

'केटा हो, आफू त जन्ती गइन्छ । एक महिना भयो कसैले जन्ती जान बोलाएका थिएनन् । आफ्नै सुन्दरेको जन्ती जान लेखेको रहेछ', एकाबिहानै हिमालले साथीहरूसँग सगौरव घोषणा गऱ्यो ।

'हैट् ! बधाई छ हउ, सुन्दरे !' साथीहरूले बधाई पनि दिए ।

ऊ मुस्कुरायो, उसको उत्तर यत्ति थियो । हिमालका लागि जन्ती जानु भनेको ठूलै युद्ध जित्नुसरह हुन्थ्यो । ठूलै उपलब्धि हासिल गर्नुहुन्थ्यो । उसलाई जन्ती जाने अवसर कहिलेकहीँ मिली पनि हाल्थ्यो । जन्ती जाने कुरामा उसको मुख अजिङ्गरकै हुन्थ्यो । दैवले नै पुऱ्याइदिन्थे । त्यति मात्रै होइन, ऊ बिहेमा गएर आएको हप्ता दिनसम्म बिहेमा खाएको खानेकुराको व्याख्या गरेर उसको समय बित्थ्यो । ऊ उन्मादित थियो किनभने उसले भोलि बिहेको जन्ती जानु थियो । 'बूढी, मलाई भात सात नपकाउनु है बेलुका । तिमीहरू मात्रै खानु ।'

'अन्त कतै खुसुक्क भ्याएर आयौँ कि क्या हो, बूढा ?'

'हैट, कस्तो खरो प्रश्न हउ ! मान्छेले के भन्छन् सुने भने ? कस्तो खत्रा भाषा नि त !'

'हैट, भालुको मन खन्यूमाथि ! मैले त अन्तै खाएर आयौ कि पो भनेको त ! तिमीले त ......'

'होइन, भोलि सुन्दरेको जन्ती जाने नि ! त्यही भएर ।'

'त्यो त थाहा छ । बिहेमा जन्ती जान पाउँदा त तिम्ले बाबुको मलामी पनि छाड्छौ । मैले भनेको के भने बिहे भोलिको, आज खाना किन नपकाउनु तिमीलाई ?'

'अरे, भोलि बिहेमा थोरै खाइन्छ, क्या !'

'लौ, दरिद्री रहेछौ । सानो बाबुले पनि यस्तै सिक्ला भन्ने पीर पर्न थाल्यो ।'

'सिक्दैन । चिन्ता नगर । हाम्रा बाजे पनि ढाँट्थे । म ढाँट्छु त ?'

'त्यो त हो ।'

बेलुका हिमाल एक ग्लास दूध मात्रै पिएर सुत्यो । राती निन्द्रा फकाउन निकै सकस भयो । बिहान सधैँभन्दा ऊ दुई घन्टा अघि उठ्यो । पानी तताएर खायो । चिया बनाएर खायो । नुहायो । दाह्री काट्यो, नङ काट्यो र कपालमा तेल

लगायो । ऱ्याकबाट जुत्ता निकाल्यो र पोलिस गरेर टिलिक्क टल्कायो । सर्ट र प्यान्टमा आइरन लगायो अनि ऐनाको अगाडि उभिएर कपडा लगायो । कपाल कोऱ्यो ।

यति गरिसक्दा श्रीमती उठिन् । 'हैन, के हो पारा ? क्रेजी हुने पनि सीमा हुन्छ नि ! नाथे मासु, त्यो पनि कुखुरा र माछाको अनि पुलाउ खान यत्रो हाँप र झाँप ? अलिक गतिलो मानिएको खसी त तिम्ले खानै मिल्दैन अनि हामी चाहिँ तिमीले खाएको सम्झिएर अघाउनु यहाँ ?'

'म आउँदा ल्याइदिन्छु नि कुखुराका फिला ।'

'छिः लाजमर्दो ।'

'हैन, बजारबाट किनेर ल्याउँछु नि !'

'डन् ।'

हिमाल त्यसपछि जुत्ता टल्काउँदै हिँड्यो सुन्दरेको घरतिर । तराइको सम्म ठाउँ भएको हुनाले हिमाल साइकलमा हिँड्न सक्थ्यो किनकि उसको निजी साइकल पनि थियो तर ऊ पैदल जाँदै थियो किनभने ऊ गाडीमा बेहुलाको छेउमा बसेर जन्ती जान चाहन्थ्यो । बेहुलालाई छाता ओडाउन चाहन्थ्यो । धेरै फोटामा आउन चाहन्थ्यो । खुसीको सीमा नभएर होला, ऊ बीस मिनेट हिँडेर जानलाई कुनै सङ्कोच मानिरहेको थिएन । ऊ सुन्दरेको घरमा पुग्दा बिहानको सात मात्रै बजेको थियो । लामा दिन भएकाले गर्दा दिउँसोजस्तै भएको थियो ।

'सुन्दरे, चस् ।' ओछ्यानबाट भर्खर उठेर बाहिर निस्किँदै गरेको सुन्दरेलाई मुड्कीले छुँदै हिमालले अभिवादन गऱ्यो ।

'बिहानै आइछस् । तँ नै मेरा रियल साथी रछस् ।' यति भनेर हिमाललाई फुक्र्याउँदै सुन्दरे ट्वाइलेटतिर गयो । हिमाल बाहिर कुर्सीमा बस्यो अनि मानिसहरूको दृष्टिगोचर गर्न थाल्यो । एकै छिनपछि सुन्दरेका बा र आमा तल आँगनमा आए । तिनलाई नमस्कार गऱ्यो ।

'सुन्दरेको साथी ।' उसले आफ्नो परिचय दियो ।

'ए.. ।' संवाद सकियो ।

नमस्कार फिर्काएर ती आफ्नै धूनमा लागे किनभने बाआमासँग उसको हिमचिम खास थिएन । छोराको साथी भन्ने मात्रै थियो ।

सुन्दरेको दाजु निस्किए बाहिर, उसलाई पनि नमस्कार गऱ्यो । 'सुन्दरेको साथी ।' उसले आफ्नो परिचय दियो ।

'ए.. ।' संवाद सकियो, दाइसँग उसको उति हेलमेल थिएन । त्यही भएर दाइसँगको संवाद लम्बिएन ।

सुन्दरे ट्वाइलेटबाट आयो । नुहायो । त्यसपछि सैलुनमा जानुपर्ने भयो । सुन्दरेले हिमाललाई दोस्रो संवाद प्रयोग गऱ्यो, 'हिमाल आइज, सैलनु जाऊँ ।'

सुन्दरेको मोटरसाइकलको पछाडि बसेर हिमाल मुस्कुराउने प्रयास गरिरहेको थियो । एक घन्टापछि सुन्दरेको कपाल र दाह्री तयार भएपछि घरमा आए । हिमाल बाहिर आँगनमा कुर्सीमा थियो । सुन्दरेलाई बेहुलो बनाउने कर्म घरभित्र सुन्दरेको कोठामा भइरहेको थियो । चार कोठे सानो घर भएकोले धेरै मान्छे घरभित्र बस्न सम्भव थिएन । साँघुरो घरभित्र फराकिलो भविष्य कोरिँदै थियो । हिमाल बाहिर कुर्सीमा उँघिरहेको थियो ।

एक एक गर्दै निम्तालुहरूको आगमन हुन थाल्यो । गाडी आउन थाले । मोटरसाइकल आउन थाले । रिक्सा आउन थाले । आँगनमा मान्छे थुप्रिन थाले । सबै सबैसँग नमस्कार भन्थे । साइनो लगाएर बोलाउँथे । ती आफन्तहरू थिए । कोही मामामाइजू, कोही काका काकी, कोही दिदी भिनाजु, कोही भाञ्जाभाञ्जी । ती कुनै पनि पात्र हिमालका चिनजानका थिएनन् । सबैलाई ऊ नमस्कार गर्थ्यो र 'सुन्दरेको साथी ।' उसले आफ्नो परिचय दिन्थ्यो ।

'ए.. !' संवाद सकियो ।

उसको परिचय भनेको सिर्फ सुन्दरेको साथी थियो ।

उसलाई चिया ल्याएर दिने दिदीले मात्रै सोधेकी थिइन्, 'भाइलाई चिनिनँ त ?'

'म सुन्दरको साथी ।' संवाद सिद्धियो ।

आँगनमा टाँगेका रङ्गीन ध्वजापतकाहरू र साउण्ड बक्समा बजेका बाजाले त्यो समयको श्रीपेचलाई टल्काउने प्रयास गरिरहेका थिए । ऊ हरपल तिनैलाई नियालिरहन्थ्यो । चार घन्टाको प्रतीक्षापछि बल्ल सुन्दरेलाई अन्माउने कार्य सम्पन्न भयो । हिमाल मनमनै खुसी भयो, 'बल्ल मुक्त हुन पाइने भयो यो एकान्तबाट ।' बेहुलो निकाले बाहिर । दही खुवाए । रङ्गीन गाडीको वरिपरि घुमाए । हिमाल पनि बेहुलाको छेउमा उभियो र मुस्कुरायो । बेहुलालाई बधाई दियो, 'नयाँ जीवनको शुभकामना यार ।' सुन्दरे पनि मुस्कुरायो ।

सुन्दरे आफ्नो गाडीमा पस्दै गर्दा हिमाललाई भन्दै थियो, 'तिमी ऊ त्यो कालो कारमा बस्नु है ।'

'हवस् ।'

बेहुलाको गाडी हिँड्यो । अरू पनि हिँड्न थाले । सुन्दरे त्यो कालो कारमा बस्न भनेर गयो तर सबै भरिएको थियो अनि ऊ अर्को रातो कार भए ठाउँमा गयो । त्यो पनि भरिएको थियो । पछाडि एउटा सानो नानी बसेको रहेछ सिटमा ।

'नानीलाई म काखमा बोक्छु ।' सुन्दरेले उपाय बतायो ।

'नाईं !' बच्चाले प्रतिवाद गर्‍यो । उसका बाबुआमासमेत लागेर सम्झाउँदा बल्ल मान्यो । आठ वर्षको केटालाई काखमा राखेर बस्यो हिमाल ।

'तपैं चाहिं को नि ?' अगाडि ड्राइभरको छेउमा बस्ने मान्छेले सोध्यो अनि

सबैले हिमालको मुखमा हेरे ।

'म सुन्दरको साथी, हजुर चाहिँ ?'

'म बेहुलाको भिनाजु ।' संवाद समाप्त ।

'अलिक सजिलो गरी बस्नु न ।' छेउको मान्छे अनुरोध गर्दै थियो हिमाललाई ।

'हुन्छ तर बच्चा बोकेर अलिक गाह्रो भयो ।'

सुन्दरेका भिनाजुको फोनमा घन्टी बज्यो । 'हेलो भिनाजु, फलफूल किन्न भ्याइएन छ । माथि बजारतिर गएर किन्नुपर्ने भयो ।'

'गुरुजी, हामी बजारतिर निस्किनुपर्नेभयो' भिनाजुको निर्देशन सुरु भयो ।

'हवस् ।'

बजारमा फलफूल किन्न भनेर तीन जना मान्छे उत्रिए । एक एक झोला ल्याएर आए । डिकीमा हाले अनि भित्र बसे । 'ल जाऔँ, गुरुजी ।'

आधा घन्टा अघि बढेपछि फेरि भिनाजुको मोबाइल बज्यो, 'भिनाजु, किस्ती त चाहिने रहेछ, तीनवटा जति ।'

'ए, गुरुजी । हामी ऊ त्यो बजारतिर जाने है । किस्ती किन्नुपर्ने भयो ।'

'हवस् ।' बेहुलीकोमा पुग्न अब दश मिनेट बाँकी थियो ।

भिनाजुको मोबाइल बज्यो, 'भिनाजु, खादा त चाहिने रहेछ ओढाउन । अस्ति चाहिँ कसैले सम्झाएनन् । परतिर बजार गएर त्याउनुपर्ने भयो । हामी यहाँ आइपुगेको एक घन्टा भयो । पर्खिराखेका छौँ तपाईंहरूलाई । पर उताका मान्छे उभिएका देखिन्छन्, यता हामी । युद्ध गर्न लाग्या जस्तो ! जे होस्, रमाइलो छ ।'

त्यसपछि भिनाजुले गुरुजीलाई अनुनय गरे- 'गुरुजी, अलिकति फर्किनुपर्ने भयो एउटा चीज किन्न ।'

'हैट, कस्ता आलु मान्छे हौ, के के चाहिन्छ भनेर पनि थाहा नपाउने ।' रिसाउँदै उसले गाडी घुमायो ।

'ए हे, मेरो पर्स बूढीलाई पैसा झिक्न दिएको थिएँ अघि, छुटेछ । उतै पो गएछ । गोजीमा भएको अलिकति पैसा पनि पो सकिएछ त । पाँच सय रुपैयाँ चाहियो, कोसँग छ ?'

खादा किन्न गाडीबाट ओर्लन लाग्दा भिनाजु कोटका गोजी छाम्दै भन्न थाले । त्यो गाडीमा केटाकेटी र महिला धेरै थिए । त्यही भएर होला, उत्तर आयो 'अँ हँ, छैन ।'

भिनाजुले हिमाललाई व्यक्तिगत सोध्न सकेनन् तर हिमाल आफै बोल्यो, 'भिनाजु मसँग छ ।' हिमालले गोजीबाट एउटा पाँच सयको नोट झिकेर दियो । अब बाँकी दश र बीसका केही थान चानचुने पैसा मात्रै रहे हिमालको गोजीमा ।

उसको गोजी टकटकियो तर केही भनेन । खादा किनेर उनीहरू पुनः

बाटो लागे । बेहुलीका घरछेउ पुग्दा बेहुलापट्टिका मानिसहरू पर क्षितिजमा जस्तै देखिने गरी पर्खिरहेका थिए ।

'दुई घन्टा ढीला भयो । पट्टाइ लाग्यो । मान्छेले देख्दा पनि अनौठै भयो । बिहेको साइत पनि टरिसक्यो । छिटो जाऔं, सुन्दरेले परिस्थितिको व्याख्या गऱ्यो ।

दिनको एक बजिसकेको थियो, बेहुलीतिरका मानिसहरू निम्तो गर्न उनीहरू नजिक आएर उभिएको पनि एक घन्टा भएको थियो ।

'केही छुटेको छ कि, सुन्दर ?' सुन्दरेका भिनाजुले सोधे ।

'जेठा मामा छुट्नु भएछ त, कसरी छुट्नुभयो ? फोन लगाऊँ है ।'

'मामा, कता छुट्नुभयो ? हुनुहुन्न त यहाँ ।'

'डायरिया भयो भाञ्जा । ट्वाइलेट गएको थिएँ, धेरैबेर बसेँछु । छुटेँ नि घरैमा ।'

'ए ल । अब त्यतैको तयारी गर्नु नि त !'

त्यसपछि उनीहरूको जन्ती टोली बेहुलीको आँगनमा पुगे । जन्ती स्वागत सकिएपछि खाना खाने बेला भयो ।

'जन्तीहरू आइदिनुपऱ्यो खाना खान ।' उर्दी आयो ।

हिमाललाई निकै भोक लागिसकेको थियो । हिजो बिहानको भातले छोडिसकेको थियो । उसका आँखा निकै टर्रा भइसकेका थिए । शरीर कमजोर भइसकेको थियो । आँखा तिरमिराइरहेका थिए । त्यसैले ऊ छिटो अघि बढेर खान चाहन्थ्यो । अगाडि लाइनमा उभिन चाहन्थ्यो । त्यही भएर ठेल्दै ठेल्दै गएर तेस्रो नम्बरमा उभियो । खानाको लागि स्वभोजनमा स्वछनोटको सुविधा थियो । आफूलाई मन लाग्ने खाना मन लाग्ने गरी पस्किएर खान पाइने व्यवस्था थियो । हिमाल लाइनमा उभिएर खाना लगाउँदै थियो आफ्नो प्लेटमा । ऊ कसैसँग पनि बोलिरहेको थिएन । उसको ध्यान खानेकुराका परिकारमा थियो ।

'मासु त छ जस्तो छ तर के के कुन्नि !' हिमालको मनमा खानेकुराका परिकल्पनाहरू उत्सर्जन हुन थाले ।

लाइनमा उभिएर उसले प्लेट र चम्चा समात्यो अनि खाना हाल्दै अघि बढ्यो । पुलाउ, चनाको दाल, टमाटरको अचार, काउलीको सब्जी, (पनिर चाहिँ हालेन ।) काँक्राको सलाद, दही, ....अब ..मासु उसले मासुको परिकार हेऱ्यो । खसीको मासु थियो ।

'भाइ, चिकेन, फिस छैन ?'

'छैन त ।

'किन ?'

'बेहुलीको घरमा कुखुरा र माछा नचल्ने रे ! त्यही भएर । यही लिनु न ।'

'मिल्दैन ।'

'किन मिल्दैन ?'

'क्लोस्ट्रोल हाइ छ, चिकेन र फिस भए हुन्थ्यो ।'

'सरी ।' हिमालले कोबी र सागसँग पानी पुलाउ किक्लिक किक्लिक गर्दै निल्यो, दही खायो, मूला र गाजर खायो अनि मुख कुल्ला गर्‍यो । बाहिर निस्किँदै गर्दा गेटको छेउमा टेबलमा राखिएका दाँत कोट्याउने सिन्का र साना मिस्रीका डल्ला गोजीमा हाल्यो र पर हेर्‍यो । गोडाधुने कार्यक्रम चलिरहेको थियो । सुन्दरे फोटामा कैद भइरहेको थियो । ऊ मुस्कुराइरहेको थियो ।

हिमाल सुन्दरेका छेउमा गएर उभियो । दाँत देखाएर उभियो । ऊ सुन्दरेलाई केही भन्न खोजिरहेको थियो तर सुन्दरे अर्कै संसारमा पुगिसकेको थियो । हिमालको सङ्केतलाई उसले बुझ्न पनि सकेन, चाहेन पनि । मान्छे र फोटाको भीडमा हिमाल क्रमशः हराइरहेको थियो ।

'घर फिर्ने कोही हुनुहुन्छ भने आउनुहोला, हामी जाँदै छौं ।' गाडीको ड्राइभर आह्वान गरिरहेको थियो । यही मौकामा हिमाल घर फर्कन चाहन्थ्यो ।

'दाइ, म पनि जाने ।' हिमालले गुरुजीलाई सूचना दियो । एकैछिनमा मान्छेले गाडी भरियो । यस पटक हिमालले अगाडि बस्ने मौका पायो ।

'बेहुलाका आफन्तहरू त म प्रायः चिन्छु । हजुरलाई चाहिँ चिन्न सकिनँ ।' ड्राइभरले हिमालतिर फर्किएर प्रश्न तेर्स्यायो ।

'म सुन्दरको साथी ।'

संवाद सकियो ।

यसरी यही एउटा उत्तरपछि सबै संवादहरू सकिन्थे त्यस दिन । संवाद मात्रै सकिएन, उसको पाँच सय रुपैयाँ पनि सकियो । कसैलाई माग्ने कुरा पनि थिएन । कसैले दिने कुरा पनि थिएन ।

घर छेउको सानो बजारमा गाडीले ओराल्यो उसलाई । अब हिंडेर घर जान दश मिनेट लाग्छ ।

श्रीमतीलाई बाचा गरेको कुरा सम्झियो, गोजी छाम्यो । कुखुराका फिला ल्याउने वाचा सम्झियो ।

'ए भाइ, मिने कता गएछ आज ? दोकान बन्द छ त !' हिमालले मिनेको मासु पसल छेउको पसलेलाई सोध्यो ।

'खै, कुन साथीको बिहे रे ! जन्ती जाने भन्थ्यो ।' यो 'जन्ती जाने' भन्ने शब्दसँग हिमालको निस्पृह भइसकेको थियो । सुन्दरेको जन्तीभोज उसको सायद अन्तिम जन्ती भोज थियो । उसको मनमा यही सञ्चार भइरहेको थियो ।

मासु बाँकी किन्ने पसल पनि बन्द भएकाले हिमाल रित्तै घर फर्किनुपर्‍यो । 'बूढा, निन्याउरो छ त अनुहार । भ्याउन पाएनौ कि कसो ?' घर पुग्नासाथ श्रीमतीको व्यङ्ग्य सुरु भयो ।

'भ्याएँ हउ, भ्याएँ कति कति !'

'हैट, खानेकुरा पो सोध्या त ! हाहाहा !'

'त्यो त पूरै भ्याइयो ! यी हेर न सिन्को। फिला त थपी थपी भ्याइयो नि !' गोजीबाट दाँत कोट्याउने सिन्को देखाउँदै भन्यो।

'त्यो त ठीक छ अनि म र बच्चालाई ल्याइदिने भनेको चाहिँ खोइ ? आफू मात्रै खाँदा र भुँडी ढाडिन्छ नि !'

'मिनेको पसल बन्द रहेछ आज। अरूकाबाट ल्याएको मासु खान दिगमिग लाग्छ। तिमीले पनि मानेकै कुरा हो, कसो ?'

'कहाँ गएछ त मिने आज ? अहिले आइहाल्ला नि !'

'साथी बिरामी भएर अस्पतालमा भेट्न गएछ, आज आउँदैन।'

दमक, झापा।

ä ã

## साहित्य संबर्द्धन केन्द्र, नेपालद्धारा प्रदान गरिने सम्मानहरू

**८. 'जम्बकुमारी-टीकावल्लभ साहित्य सम्मान-२०७३**
- २०७३ परशु प्रधान
- २०७४ डा. राजेन्द्र विमल
- २०७५ गणेश रसिक
- २०७७ उत्तमकृष्ण मजगैयाँ
- २०७८ विनोदमणि दीक्षित
- २०७९ सुनील पोडेल

**९. 'गुरु रामप्रसाद श्रेष्ठ साहित्य सम्मान-२०७४**
- २०७४ रोहिणीविलास लुईटेल
- २०७५ बालकृष्ण उपाध्याय
- २०७७ डिल्लीराज अर्याल
- २०७८ प्राडा. नारायणप्रसाद खनाल
- २०७९ रमेशप्रसाद गौतम

**१०. 'निर्मला-प्रेम साहित्य सम्मान-२०७४**
- २०७४ नेपाल बाल साहित्य समाज
- २०७५ प्रमोद प्रधान
- २०७७ रञ्जुश्री पराजुली
- २०७८ तेजप्रकाश श्रेष्ठ
- २०७९ भिक्टर प्रधान

**११. 'पुण्य तिलस्मी सरह दर्शन साहित्य सम्मान-२०७७**
- २०७७ विद्यानाथ उपाध्याय
- २०७८ प्राडा. वीरेन्द्र मिश्र
- २०७९ डा. गोविन्दशरण उपाध्याय

**१२. 'नन्द आनन्द टुल्की साहित्य सम्मान-२०७७**
- २०७७ नारायण तिवारी
- २०७८ श्रीओम श्रेष्ठ 'रोदन'
- २०७९ प्राडा. कपिल लामिछाने

**१३. 'आमोई पद्याख्यान पुरस्कार-२०७७**
- २०७७ होमनाथ सुवेदी
- २०७८ श्रीहरि फूयाँल
- २०७९ नरेन्द्रराज पोडेल



# मसाज

**बिनोद खड्का**

झम्के साँझले कप्लक्कै निलिसकेको थियो सिम रिप शहरलाई । आकाशमा कालो बादलको परेड चलिरहेकै थियो । फाट्टफुट्ट झरिरहेका पानीका मोटा थोप्लाहरू उसको टाउकोमा ठोक्किरहेका थिए । अघि बेस्सरी दर्केर रोकिएको झरी सायद अझै अघाएको थिएन । कुनै पनि बेला दर्किन सक्ने सम्भावना थियो । त्यसैले शहर बाहिरको उत्ताउलो साँझमा मिसिने निर्णयलाई बदली गरेर ऊ फेरि होटेलतिरै फर्कियो ।

होटेलको लबीमा दाखिल भयो । उही पुरानै सन्नाटाले राज गरिरहेको थियो लबीमा जस्तो कि ऊ केहीबेर पहिले होटेलबाट निक्लँदा महसुस गरेको थियो । पाहुनाको नाममा फगत उही एक्लो थियो । वातावरण यस्तो थियो कि मानौं सन्नाटाले नै टोक्ला भनेजस्तो । फ्याट्टै कोठामा फर्किन पनि मन लागिरहेको थिएन उसलाई । लाग्दै थियो कि कोठाको एकान्तमा गएर डुबिहाल्नु भन्दा केहीबेर लबीकै एकान्तमा पौडिनु नै ठीक होला । त्यसो त लबीमै पनि उसलाई थ्याच्चै बस्न भने जाँगर उम्रिरहेको थिएन ।

उसको नजर सिधै रिसेप्सन डेस्कमा पऱ्यो जुन प्रवेश विन्दुको दायाँ साइडमा थियो । रिसेप्सनमा बसेको खमेर ठिटोले किच्च हाँसेर उसलाई स्वागत गऱ्यो । स्वागत मात्रै गरेन बरु उतिरै जानका लागि अमूक निम्तो पनि गऱ्यो । उसले पनि जवाफमा उस्तै पाराले किच्च हाँसो फर्कायो तर उसका पाइलाहरू रिसेप्सनतिर पनि बढ्न मानेनन् ।

के गर्ने के नगर्ने, कहाँ जाने कहाँ नजाने, दोधारमा पेण्डुलम भइरहेको थियो उसका सोचाइहरू । कोठातिरै जान पनि मानिरहेका थिएनन् पाइलाहरू । घचेट्नु पनि भएन । कोठातिर नगए जाने कहाँ त ? उत्तर पनि थिएन उसँग । दर्के झरी जस्तै ओर्लिन्थे सोचाइहरू फेरि फ्याट्टै शून्यमै फर्कन्थे ।

उसले सोच्यो रात अझै बाँकी छ । अहिले त साँझमात्रै झरेको हो । नयाँ ठाउँ, नयाँ परिवेशमा केही न केही रोमान्स त गर्नैपर्छ । केही न केही त हुनैपर्छ सुत्नुभन्दा पहिले । सुतेपछि त सकिइहाल्यो नि, बाँकी त बिहानीमात्रै हात लाग्छ ।

बिहानीमा त्यो भेटिँदैन जुन केवल साँझ र रातमा मात्रै भेटिन्छ । त्यसैले कोठामा गएर कोठाभित्रको एकान्तसँग मिसिनका लागि उसको अर्न्तमनले पटक्कै स्वीकृति दिएन । त्यसो त लबीकै मेचमा बस्न पनि जाँगर पलाएन । ऊ उभिएको उभियै भयो ।

ऊ भर्खरै नजिकैको बजारमा एक चक्कर मारेर फर्केको थियो । बजारभरि मसाजै मसाजका पार्लरहरू देखेर आएपछि त उसको मन मस्तिष्क अझै बढी उत्ताउलो भएको थियो । मसाज सुन्दरीहरूले त उसको मन नै उडाउन खोजेका थिए तर ऊ उडेन ती मसाज चरीहरूसँग । आफूलाई सम्हालेँ भन्ने सोच्दै थियो ऊ । परदेशमा ऊ मसाज सेवा ग्रहणका लागि तैयार हुन सकेको थिएन । उसले सुरक्षालाई चुनौतीको रूपमा लिएको थियो ।

ऊ ठिङ्ग उभिएर लबीका भित्तामा टाँसिएका तस्वीरहरू हेर्न थाल्यो । जसमा खमेर युवतीहरूका प्राचिनकालीन तस्वीरहरू पनि थिए । युवतीहरूका तस्वीरले उसको ध्यान खिच्यो । खमेर युवतीहरू उसलाई निकै सुन्दरी लाग्यो । केहीबेरमै त्यहाबाट पनि उसको ध्यान विस्थापित भयो । केही खोजिरहेको तर नभेटेको अनुभसति भइरह्यो ।

अनायासै उसको नजर रिसेप्सन डेस्कमाथि उभिएको एउटा सानो बोर्डमा गएर ठोक्कियो । त्यसमा लेखिएको थियो 'मसाज सेवा १५ डलर प्रतिघन्टा ।' बोर्डका अक्षरहरू पढिसक्ने बित्तिकै ऊभित्र नयाँ उत्तेजनाका लहरहरू भरिएर आए । सायद केटीले नै गर्ने होला मसाज । उसले मनमनै सोच्यो । आफ्नो शरीरमा सम्भावित नारी स्पर्शको अनुमानले नै पनि उसलाई रोमाञ्चित बनायो । यद्यपि लाजका बारे त्यस सेवाका बारेमा थप जानकारी लिने हिम्मत भने गर्न सकेन ।

ऊ जान्न चाहन्थ्यो कि कतै त्यो मसाज सेवा उसको कोठामा नै गएर प्रदान गरिनेछ वा ऊ मसाज रुममा जानुपर्ने हो । यदि मसाज सेवा होटेलको कोठामा नै गएर प्रदान गरिने भए पनि सुरक्षाको समस्या हुँदैन होला भन्ने उसलाई लागेको थियो तर पनि उसले त्यस विषयमा थप जानकारी माग्ने आँट गर्न सकेन । अन्तर्मनको कुनै कुनोबाट अनायासै पैदा भएका लाजका पत्रहरूले उसलाई त्यो रिसेप्सनिष्ट खमेर केटोको अगाडि खुलाउन सकेन ।

आइडिया निक्लियो । कोठामा गएर फोनबाट थप जानकारी लिने । उसलाई लाग्यो कि सायद कोठाको एकान्तपनले उसलाई ऊर्जा दिनेछ त्यस विषयमा कुरा गर्नका लागि । लाज बिदा हुनेछ जब ऊ एक्लो हुनेछ कोठाभित्र । ऊ हतार हतार कोठातिर हानियो । उसलाई अघिसम्म दिक्क लागिरहेको कोठाको एकान्त अनायासै प्यारो बन्न थाल्यो ।

कोठाभित्र पस्ने बित्तिकै उसले फटाफट हातमा रिसिभर लिएर नौ नम्बर थिच्यो । एक घन्टी पनि नबज्दै उताबाट 'हेलो' आयो । मानौ रिसेप्सनिष्ट उसकै फोन कुरेर बसेको थियो । उनीहरू बीचमा कुरा भयो । कुरा स्पष्ट भयो । केटीले मसाज गर्ने । त्यो पनि उसकै कोठामा आएर । मसाज सेवा बुक भयो एक घन्टाका लागि १५ अमेरिकी डलर प्रतिघन्टाका दरले ।

मन मस्तिष्कभरि खुसीहरू भरिएर आए । रोमान्सका कल्पनाहरूले शिखर चढ्न थाले । मन चङ्गा भयो । सँगसँगै नयाँ कौतूहतलका लहरहरू दौडिन थाले । केही क्षणपछि एउटी युवतीले गर्ने उसको शरीरको स्पर्शको कल्पनाले नै पनि ऊ उत्तेजित हुँदै गयो । एउटी युवती र ऊ मात्रै अनि त्यो ठूलो कोठा, पृष्ठभूमिमा रातको सन्नाटा । कल्पनाले नै पनि उसलाई काउकुती लगाइरह्यो । ऊ स्वर्गीय आनन्दको कल्पनामा डुबुल्की मार्न थाल्यो ।

दौडिँदै गएर बाथरुमको ऐनामा आफ्नो अनुहार निहाल्यो । गालाको छेउछाउ परेका खोल्साहरूलाई सम्याउने कोसिस गऱ्यो तर ती स्थायी खोल्साहरू थिए । सम्मिने सम्भावना नै थिएन । कपाल भद्रगोल भएको रहेछ । मानौं भर्खरै साँढेहरू जुधेको मकैबारीजस्तै । पानीले भिजाएर कपाल कोऱ्यो । कपाल केही हदसम्म लाइनमा आयो ।

फेरि आएर भित्तापट्टि रहेको काठको मेचमा थच्चक बस्यो । मनमा जिज्ञासाका तरङगहरूले दौड मच्चाइरहेका थिए । अनेक सोचहरू दौडिरहेका थिए । कस्ती केटीले मसाज गर्ने होली । केटी होली कि आइमाई होली, ठिटी होली कि वयस्क होली । केटी भए कसरी बोल्ने, वयस्क भए कसरी बोल्ने । उसले कस्तो व्यवहार गर्ली । के भन्ली । कस्तो प्रस्ताव राख्ली । प्रस्ताव राखी भने के गर्ने । कसरी संवाद सुरु गर्ने, के भन्ने ? आदि इत्यादि । ऊ पहिलो पटक मसाज सेवा ग्रहण गर्न जाँदै थियो । त्यसैले पनि उसलाई त्यस सेवाका बारेमा धेरै ज्ञान थिएन ।

त्यसो त उसको अर्थमा यतिखेर मसाज सेवा थकान भगाउनका लागि भन्दा पनि रोमान्सका रूपमा परिभाषित भइरहेको थियो । ऊ यथार्थको मसाजभन्दा पनि रोमान्सको कल्पनाको सागरमा तैरिरहेको थियो । मसाजपछि के हुन्छ भन्ने प्रश्न अझै गाढा थियो । उसले सुनेको थियो कि मसाज सेवामा मसाजपछिको सेवा अझै रोमाञ्चक हुन्छ । त्यसैले बाँकी रात एउटी सुन्दरीसँग बिताउने कल्पनामा डुबिरहेको थियो ।

रातको दश एघार बजे एउटा होटेलमा ग्राहकको कोठामै गएर मसाज सेवा दिने केटी पक्कै पनि नटखट, चुलबुले र चलाख हुनुपर्छ । उसले पक्कै पनि नखरा पार्ने छे । आफ्नो वैश र कामुकताको प्रयोग गर्दै उसलाई आफ्नो

वशमा पारेर पैसा धुत्ने प्रयास गर्ने छे । उसले उसको अरू थप सेवा खरीद गर्नका लागि आग्रह गर्ने छे । ऊ त्यस्तै निर्लज्ज हुनेछे जस्तो कि उसले अघि चौबाटोमा देखेको युवती थिई । जसले उसलाई खुल्ला आकाशमुनि नै निम्तो दिएकी थिई, त्यो पनि उसको शरीरमै लेप्सिदै । ऊ यस्तै यस्तै सोचाइका तरङ्गहरूमा फिजारिँदै गयो ।

आ के मतलब ? १५ डलर दिने हो पठाइदिने हो । मसाजदेखि बाहेक किन अरू सेवा लिएर जोखिम मोल्नु । जब आफै तैयार नभएपछि उसले के पो बिगार्न सक्ली र ? ठट्टा रमाइलो गरेकै त के पैसा माग्ली र ? बस केहीबेर ठट्टा रमाइलो गर्नुपर्ला । मनको एउटा पत्रले यसरी सम्झायो उसलाई । मानौं उसका लागि मसाज युवती कुनै ठट्टा रमाइलोको साधन हो ।

उसले एउटा दश र अर्को पाँच दरको दुईवटा अमेरिकी डलरका नोटहरूलाई सिरानमुनि राख्यो । बाँकी रकम होटेलको कोठाभित्रकै सेफ लकरमा लगेर राख्यो । पासपोर्ट र अरू महत्त्वपूर्ण कागजपत्रहरू त पहिले नै सेफ लकरमा राखिसकेको थियो । सुरक्षाका हिसाबले ऊ उसै पनि चुस्त दुरुस्त थियो । त्यसैले उभित्र डरको मात्रा पनि कम भइसकेको थियो । अब त केवल जिज्ञासा, कौतूहलता र काउकुतिहरू मात्रै सलबलाइरहेका थिए अनेक आकार र रूपहरूमा । रोमान्सको काल्पनिक दुनियाँमा हराइरहेको थियो ऊ ।

'कुलुंग कुलुङ कुलुङ'

कोठाभित्रको कुनै कुनोमा घन्टी बजेको आवाज आयो । आवाज निकै तीखो थियो । आवाज गएर उसको कानमै रन्किएको थियो । अनायासै आएको घन्टीको आवाजले ऊ झसङ्गै भयो । सोचाइका तरङ्गका तारहरू अनायासै टुटे । ऊ शून्यमा झऱ्यो । कोठाको घन्टी अर्थात् कल बेल बजेको थियो । ढोका बाहिर कोही उभिएको सङ्केत थियो । जिउ सिरिङ्ग गऱ्यो भित्रैदेखि ।

कौतूहलताको पहाड बोकेर उसका पाइलाहरू हतारिँदै ढोकातिर दौडिए । मन भने ढोका बाहिरैसम्म दौडियो । ढोकाको सानो प्वालबाट बाहिरतिर चिहायो ढोका खोल्नु पहिले । बाहिर एउटा आकृति देखियो, नारी आकृति । उसको शरीरमा अनायासै अर्को बिजुलीको झट्का लागेजस्तै महसुस भयो । टक्क रोकियो । केही सोच्यो ।

उसले बिस्तारै ढोका खोल्यो । एउटी चिटिक्क परेकी षोडशी युवती ढोकाको सामुन्ने उभिएकी थिई । ऊ कलेजी रङको स्लिम फिट सर्ट र खैरो स्लिम फिट पाइन्टमा अझै सुन्दरी देखिएकी थिई । उसको एउटा हातमा सानो टोकरी झुन्डिरहेको थियो । सायद त्यो टोकरीभित्र मसाजका सामानहरू थिए ।

ढोका खोल्ने बित्तिकै उनीहरू दुईका आँखाहरू एक अर्कोमा ठोक्किएका

थिए । त्यो घर्षणले युवतीको अनुहारमा एउटा मन्द मुस्कान पैदा गरेको थियो । उसलाई त्यो मुस्कान यति सुन्दर लाग्यो कि उसले लालीगुँरासको रङ नै बिर्सियो क्षणभरकै लागि । त्यसै मुस्कानसँगै युवतीका आँखाहरूले भूइँ खोर्सिन थाले थिए, फेरि उठ्न मानेनन् । त्यो नै ऊ बेस्सरी लज्जाएको प्रमाण थियो ।

पातलो शरीर र गहुँगोरो अनुहारमा ऊ निकै सुन्दरी देखिएकी थिई । उसका आँखाहरू भने अझैसम्म तलतिरै झुकिरहेका थिए स्त्रीसुलभ लज्जाका आवरणहरू बोकेर । उसका आँखाहरू पुरुष आँखाहरूसँग जुध्न मानिरहेका थिएनन् । त्यसैले ऊ भन्दा पनि सुन्दर थिए उसका नारीसुलभ लज्जाका पत्रहरू । उसको आवरणमा कुनै पनि प्रकारको नटखट चढेको थिएन ।

त्यो युवती उसको लज्जालु प्रस्तुतिमा चाइनिज खेलौनाको पुतली केटी जस्तै अझै सुन्दर देखिएकी थिई । उसले सोचेजस्तो थिएन त्यो युवतीको हाउभाउ । उसले सोचेको थियो त्यो युवतीको आगमन वा उसको पहिलो प्रस्तुति एउटा भद्दा मुस्कानका साथ हुनेछ । उसलाई लागेको थियो कि उसँगको पहिलो भेटमा नै नखराको वर्षा हुनेछ तर त्यस्तो केही पनि भएन । पहिलो भेट सामान्य रह्यो । झन्डै झन्डै पारिवारिक भेटजस्तै ।

उसको लवाइ पूरै शरीर ढाक्ने होइन बरु अर्धनग्न हुनेछ । उसका ओठका तीखा र चम्किला लालीहरूले उसको पुरुषत्वको परिचय माग्नेछ । यस्तै लागेको थियो उसलाई तर त्यहाँ त त्यो केटीको प्रस्तुति उसले सोचेभन्दा ठीक उल्टो अर्थात् प्राकृतिक थियो । पूरै शरीर वस्त्रले नै ढाकिएको थियो । उसको लज्जा उभन्दा पनि अझै सुन्दर थियो ।

'मसाज ?'

युवतीको आगमनको कारण पक्का गर्नका लागि उसले एकै शब्दमा सोध्यो । त्यो युवतीले टाउको हल्लाएर समर्थन गरी । उसले भित्रतिर प्रवेश गर्नका लागि आधा खुलेको ढोकाको छेउ छोडिदियो । त्यो युवती हलुका पदचापका साथ भित्र पसी र त्यसै गरी अगाडि बढी ।

युवती कोठाको बीच भागमा रहेको टिभीको सामुन्ने गएर उभिई । टिभी सुतेको थियो । त्यहाँ केवल कल्पनाको सागर फैलिएको थियो केहीबेरदेखि । त्यसैले त कोठाभित्र सन्नाटा पोखिएको थियो । युवतीको प्रवेशले पनि सन्नाटाका पहाडहरू भत्किएनन् ।

ऊ गएर बिछ्यौनाको एउटा छेउमा बस्यो कुनै आदेश वा आवाज पर्खेर । कोठाभित्र एकप्रकारको मौनता छाइरह्यो । न त त्यो युवती बोली, न त उसको मुख नै खुल्यो । उसले त्यो युवतीलाई बस्नका लागि आग्रह गर्ने औपचारिकतासम्म पनि पूरा गर्न भुल्यो । उसको मुखबाट कुनै आवाज नै निक्लिन सकेन । त्यसरी

कुनै जवान युवतीसँग एउटै बन्द कोठाभित्र बसेको त्यो नै उसको पहिलो अनुभव थियो । त्यसमाथि त्यो युवतीको सुन्दरता र प्रस्तुतिले त उसलाई शून्यमा नै झारिदिएको थियो ।

'ह्वाट्स योर नेम ?' उसले केहीबेरको मौनतालाई भत्काउँदै संवादको औपचारिक थालनी गर्ने प्रयास ग¥यो । युवतीका तर्फबाट कुनै जवाफ आएन । केवल मन्द मुस्कान मात्रै । उसको पहिलो सफल प्रश्न र युवतीको लज्जाजनक प्रस्तुतिले उभित्र बिस्तारै साहसको सञ्चार बढे झैँ भयो । अब ऊ झरीले रुझेको बिरालो झैँ नभएर बिस्तारै चितुवा बन्न सक्ने महसुस ग¥यो ।

एउटा बन्द कोठा, रातको सन्नाटा, एउटी जवान युवती र अर्को जवान युवक । ऊ भित्र एकप्रकारको रोमान्च जागृत हुन थाल्यो । ऊ फेरि उत्तेजित हुँदै गयो तर अवस्था कसरी अगाडि बढ्छ वा बढ्नुपर्छ भन्ने सवालमा ऊ अझै पनि केही सोच्न सकिरहेको थिएन । मानौ ऊ खुल्ला चौरमा बल गुडाइरहेको थियो तर गोलपोष्ट भने देखिरहेको थिएन । बल उसकै खुट्टामा थियो तर गोलपोष्ट भेटिएको थिएन ।

युवतीले हातको टोकरीलाई भूइँमा राखिसकेकी थिई । उसले टोकरीबाट एकजोर कपडा निकाली । त्यो पाइजामा सेट थियो । उसले त्यो पाइजामा ऊतिर बढाई । ऊ अलमल्ल प¥यो कि किन त्यो युवतीले उसलाई पाइजामा दिई । उसले त्यो पाइजामा हातमा लियो तर के गर्ने भन्ने बुझ्न सकेन । उसको शरीरमा लुगा त थियो नै । अब उसले पाइजामा के गर्नुपर्ने हो भनेर खुट्याउनै सकेन ।

ऊ अलमल्ल परेको देखेर युवतीले त्यो पाइजामा पहिरनको लागि हातैले सङ्केत गरी तर आवाज भने पटक्कै झरेन त्यो युवतीको मुखबाट ।

फेरि अर्को समस्या आइलाग्यो । पाइजामा त लगाउने तर लगाइरहेको लुगा माथि नै लगाउने ? या लगाइरहेको लुगा फुकालेर पाइजामा मात्रै लगाउने ।

ऊ अङ्ग्रेजीमा संवाद गर्दै छ तर युवती जवाफ नै दिन्न । केवल लज्जाई मात्रै रहन्छे । मुस्कुराई मात्र रहन्छे । न त मुखमा सिधा हेर्छे न त बोल्छे नै । उसको मुस्कुराहटले अघिसम्म त उसलाई रोमाञ्चक बनाएको थियो तर बिस्तारै हैरानी पनि थप्दै गरेको महसुस भइरहेको थियो । ऊ एउटा असोचनीय अवस्थातिर धकेलिएको पनि महसुस गर्दै थियो । उसले सङ्केत गरेको कुरा बुझ्न नसक्दा उसलाई एक प्रकारले हीनताभास भइरहेको थियो ।

'रिमुभ माई ड्रेस ?' उसले लुगा फुकाल्न लागेको सङ्केतका साथ सोध्यो । युवतीको मुखबाट यसपटक भने खित्कै छुट्यो । मानौँ युवतीका लागि ऊ हास्यपात्र भएको थियो । अनुभवहीन ग्राहक थियो । सायद उसले त्यस्तो अनुभवहीन ग्राहक पहिलो पटक भेटेकी थिई । उसले मुखबाट निक्लेका

खित्काहरूलाई तत्कालै रोकेर आफूलाई सामान्य अवस्थामा फर्काई ।

युवतीको प्रतिक्रियाबाटै उसले अनुमान गऱ्यो कि त्यो पाइजामा उसले लगाइरहेको मौजुदा लुगामाथि नै लगाउने हो । उसले लगाइरहेको टाउजर र टिसर्टमाथि नै पाइजामा थप्यो । उसले फेरि युवतीको अनुहारतिर हेऱ्यो । मानौं ऊ युवतीसँग जान्न चाहनथ्यो कि अर्को स्टेप के हो अर्थात् उसको अमुक प्रश्न थियो 'अब के गर्ने ?'

युवतीले उसलाई बेडमा सुत्नका लागि सङ्केत गरी । सुत्ने त सुत्ने तर उत्तानो परेर सुत्ने कि घोप्टेर ? फेरि अर्को प्रश्न खडा भयो । त्यसपटक पनि युवतीको मुखबाट प्रश्नको जवाफ स्वरूप कुनै शब्द झरेन तर उसले घोप्टो परेर सुत्ने सङ्केत गरी । उसलाई थाहा भइसकेको थियो कि उसको ग्राहक अनुभवहीन ग्राहक हो । त्यसैले त्यसपटक उसले खित्का छोडेर हास्ने अवस्थाबाट आफूलाई परै राखी । सिधै सहयोगमा उत्रिई ।

ऊ घोप्टिएर सुत्यो । सुते लगत्तै मनमनै सोच्यो किन त्यो युवती पटक्कै बोल्दिन । लाटी त हैन ? हैन हैन, लाटी होइन । आफैले जवाफ दियो । अङ्ग्रेजी फिट्टिक्कै नआउने होला । त्यसैले नबोलेकी होली । आफैले आफैलाई जवाफ दियो ।

मसाज सेवा सुरु भयो भन्ने कुरा उसले बुझ्यो किनकि युवतीका हातहरूले उसको पिँडुलामा स्पर्श गऱ्यो । पहिलो स्पर्शले एकप्रकारको विद्युत्तीय प्रवाहको अनुभूति भयो । युवतीका हातहरू बिस्तारै उसको शरीरभरि चल्न थाले । उसको पुरुष अङ्ग पहिले नै उत्ताउलो बनिसकेको थियो जब उसले पहिलो पटक उसलाई देखेको थियो ढोका सामुन्ने । अझै उत्ताउलो बन्न थाले ती स्पर्शहरूसँगै । उसलाई युवतीका हातहरू च्याप्पै पारेर समातौं जस्तो जोश चढेर आयो शरीरको कुनै कुनाबाट ।

युवतीका हातहरू निकै नरम छन् भन्ने अनुमान लगायो । ती हातहरू उसको खुट्टाका औंलाहरू, पाइताला, कुर्कुच्चा, पिडुँला आदि ठाउँहरूमा निकै सहज ढङ्गले दौडिरहेका थिए । मानौ ती सबै कपास थिए । कहिलेकाहीँ तिनै नरम हातहरूले पनि कडा दबाव सिर्जना गर्थे । ऊ आफ्ना दुवै आँखाहरू बन्द गरेर असीम आनन्दको सागरमा डुबिरहेको थियो ।

दुवै खुट्टामा काम सकिएपछि युवतीका हातहरू उसको शरीरको माथिल्लो भागतिर बढे । कहिले उसलाई ऊ घोप्टिने सङ्केत गर्थी त कहिले उत्तानो पर्ने । ऊ जसो जसो भन्यो उसै उसै गर्थ्यो तर हरेक समय उसका आँखाहरू बन्द रहन्थे ।

युवतीले आफ्नो ग्राहकको एउटा हातलाई निकै नरम तरिकाले उठाई र

आफ्नो तिघ्रामा राखी । बिस्तारै त्यसमा माथिदेखि तलसम्म हल्का दबाव दिन थाली । उसको पुरुषमा फेरि विद्युत्तीय झड्का जन्म्यो । आँखा खोल्ने हिम्मत जन्मिएन । सायद लज्जाले बेरिएको थियो । दोस्रो हातमा पनि युवतीले त्यसै गरी जस्तो पहिलोमा गरेकी थिई ।

उसले उसका हातहरू उठाउँदा कतै उसको छातीतिर पो जाँदै गरेको हो कि झैँ लाग्थ्यो उसलाई । त्यसैले त्यस स्पर्शलाई महसुस गर्न ऊ निकै होसियार हुन्थ्यो । उसले सोचेको थियो कि युवतीले जानी जानी त्यसो गर्नेछे तर त्यसो भएन । थाकेको उसको शरीरले आनन्दानुभूति पनि गरिरह्यो । ऊ आफ्ना आँखाहरू बन्द गरेरै युवतीका हातका स्पर्शहरूलाई महसुस गरिरह्यो । बेलाबेलामा उसको हात वा शरीरको कुनै भागले युवतीको शरीरको कुनै नरम भाग स्पर्श गर्थ्यो । त्यतिखेर उभित्र अनायासै उत्तेजनाको विद्युत्तीय झड्का उत्पन्न हुन्थ्यो ।

अनायासै उसको कुमले युवतीको शरीरको कुनै भागमा स्पर्श गरेको आभास भयो । हातमा हात त थियो नै । कुमले स्पर्श गरेको शरीरको भाग पक्कै पनि उसको शरीरको संवेदनशील अङ्ग हो भन्ने लाग्यो । उसलाई लाग्यो कि त्यो घर्षण त्यो युवतीले उसलाई गरेको आमन्त्रण हो । त्यही स्पर्शसँगै उसका शरीरका अङ्ग प्रत्यङ्गहरूमा फेरि एकपटक जोश भरिएर आउन थाल्यो । त्यो क्रम चली नै रह्यो ।

ऊ सोचाइका अनेक तरङ्गहरूमा फिजारिइरहन्थ्यो । उसले सोचेको थियो कि त्यो युवती देह व्यापारी पनि हो । नत्र किन एउटा अजनवी पाहुनाको सेवाको लागि आधा रातमा एउटा होटेलको कोठामा आउँथी । ऊ त्यो होटेलकी कर्मचारी पनि होइन । कुनै मसाज सेवा प्रदायक एजेन्सीबाट आएकी थिई । उसलाई लागेको थियो कि मसाजको काम सकिने बित्तिकै युवतीले उसको अर्को सेवाको लागि प्रस्ताव राख्ने छे । उनीहरू बीचमा केहीबेर मोलमोलाई हुनेछ र फेरि अर्को असीम आनन्दको वर्षा हुनेछ । ऊ अब त्यही समयको प्रतीक्षामा थियो । त्यसैबीच पूरै रात उसैसँग बिताउने उसको योजना बन्यो ।

उसका आँखाहरू बन्द थिए । बन्द आँखाहरू लोलाउन पनि थालिसकेका थिए । सोचाइका तरङ्गहरू पनि बिस्तारै नागबेली बन्दै गइरहेका थिए ।

ऊ अनायासै अझै बढी रोमाञ्चित हुन पुग्यो । अझै उत्तेजित हुन पुग्यो । उसको पुरुष अङ्ग पनि अलि बढी नै उत्ताउलो बन्दै गयो । मानौँ ऊ आफैलाई नियन्त्रणमा राख्न नसक्ने अवस्थातिर लाग्दै थियो । स्थिति नियन्त्रण बाहिर जान सक्ने सम्भावना बन्यो । उसले युवतीको एउटा हातको पञ्जालाई च्याप्पै पारेर समात्यो । युवतीका तर्फबाट विरोधको कुनै प्रयास भएन । अर्को हात पनि लगेर युवतीको हातलाई मुसार्‍यो । कुनै विरोध भएन युवतीका तर्फबाट । उसलाई त्यस

अवस्थाले हौसला र बल थप्यो । मौनं स्वीकृति लक्षणम् भन्ने उसले सुनेको थियो । बिस्तारै आफ्ना हातहरूलाई युवतीको बारुले कम्मरतिर दौडायो । फेरि पनि युवतीको तर्फबाट विरोधको सङ्केतसम्म पनि देखिएन ।

उसले युवतीको बारुले कम्मरलाई समातेर आफ्ना दुवै हातको बलले आफूतिर खिच्यो । केहीबेरमा नै युवतीको श्वासको तातो स्पर्श उसको अनुहारभरि छरियो । युवतीको ओठको लालीको सुवास महसुस गऱ्यो उसले । त्यसको अर्थ थियो कि युवती उसँगै समानान्तर भएर त्यसै बेडमा पल्टिसकेकी छे । लाग्थ्यो युवती उसको आँखा खुल्ने प्रतीक्षामा थिई । ऊ आफ्ना आँखाहरू नखोलिकनै असीम आनन्दको अनुभूति गर्न चाहन्थ्यो ।

उसलाई लाग्यो त्यो युवती संसारकी सबैभन्दा सुन्दरी युवती हो । सेक्सी युवती हो । उसले अनुमान गऱ्यो कि ऊ जत्तिको सुन्दरी त सायद यो संसारमा नै छैनन् होला । उसले लज्जा बिर्सियो । युवतीले पनि लज्जा बिर्सिई । त्यसैले ऊ पनि युवती जस्तै चुलबुले भएको थियो । उसले त्यो युवतीको शरीरलाई माथिदेखि तलसम्म स्पर्श गऱ्यो । सबै राम्रा, अहा ! उसले मनमनै भन्यो ।

युवतीका हातहरू पनि उसको शरीरभरि निरन्तर दौडिरहे । उसका हातका औंलाहरू एउटा पारङ्गत हार्मोनियम बादकका औलाहरू किबोर्डमा चलेजस्तै निरन्तर चलिरहे । अनि उसका आँखाहरू कुनै मदहोस युवतीका आँखाहरू झैं उसको अनुहारभरि दौडिरहे ।

जसै उसले महसुस गऱ्यो कि युवतीका औंलाहरूको दबाव हरायो । उसका नरम हातका स्पर्शहरू हराए । उसका आँखाहरू पनि अनायासै खुले । युवती त्यही विन्दुमा उभिरहेकी थिई जहाँ ऊ त्यो कोठामा पहिलो पटक प्रवेश गर्दा उभिएकी थिई । उसले आफ्नो एउटा हातमा टोकरीलाई झुन्ड्याइरहेकी थिई । उसको गहुँगोरो अनुहारमा मन्द मुस्कान छरिइरहेको थियो । सायद ऊ पाइजामाको लागि प्रतीक्षा गरिरहेकी थिई ।

एकघन्टा बितिसकेको रहेछ । मसाज सेवा सकिसकेको रहेछ । ऊ बिछ्यौनाबाट उठ्यो र पाइजामा फुकालेर उसको हातमा हालिदियो । पाइजामा हातमा पर्ने बित्तिकै युवतीका पाइलाहरू बाहिरिन थाले । युवती अरू केही नबोली ढोकातिर लागि । उसलाई लागेको थियो कि ऊ फर्कन लागेकी होइन । केहीबेरमा नै मोलमोलाई सुरु हुनेछ तर उसले ढोका खोली । फेरि ढ्याक्क ढोका बन्द गरेको आवाज आयो अनि कोठा बाहिरको काठको भूइँमा उसका अगाडि बढ्दै गरेका पदचापहरू सुनिए ।

ऊ फेरि अर्कोपटक झसङ्ग भयो । मानौ अर्को निन्द्रावाट ब्यूँझिएको थियो । युवती साँच्चै नै गइसकेकी छे भन्नेमा शङ्का रहेन । ऊ दौडिंदै गयो

ढोकातिर । फटाफट ढोका खोलेर हेऱ्यो । युवती प्यासेजको अन्तिम विन्दुतिर पुग्दै थिई जतातिर भरेङ थियो ।

उसले युवतीलाई प्यासेजबाट ओझेल नहुन्जेल हेरिरह्यो । पछाडिबाट हेर्दा पनि त्यो युवती त्यत्तिकै सुन्दरी थिई, आकर्षक थिई । उसलाई विश्वास नै नभए जस्तो लाग्यो कि अहिले भर्खरै गएकी युवती उसकै कोठामा आएकी थिई । उसैलाई एक घन्टा अवधिको मसाज सेवा दिएर गएकी थिई ।

ऊ फर्केर गएर चुपचाप ओछ्यानको एकछेउमा बस्यो । उसले आफूलाई कुनै हरुवा साँढे झै महसुस गरिररहेको थियो । फेरि कोठालाई अर्को सन्नाटाले निल्न थाल्यो ।

'विनाआवाजको मुस्कान पनि धारिलो हुँन्छ । मनमात्रै काटेन, निन्द्रामा नै पठाइदियो । कतिखेर निन्द्रामा पुग्यो पत्तै भएन । त्यसमाथि ती नरम स्पर्शहरूले त सपनाकै संसारतिर हुत्याइदियो । कति कुराहरू सपनामै पनि मीठा हुन्छन् ।' उसका आफ्नै अर्न्तमनले भनेका यी शब्दहरू कानभरि गुन्जिरहे ।

आवाज र सुन्दरताको बिचमा के सम्बन्ध छ ? सुन्दरतामा आवाजको भूमिका के हो ? व्यक्तिको सोच र समयले पस्कने सत्य किन फरक पर्छ ? भन्नेजस्ता अनेक प्रश्नहरूले बाँकी रातभरि उसलाई एकनास टोकिरहे ।

कम्बोडियाको सिम रिम शहरमा अवस्थित त्यो तीन तारे होटेलभित्र उसलाई बाँकी रात बाँकी उमेर जत्तिकै लामो महसुस हुँदै गइरहेको थियो । सायद अब उसले मसाजलाई रोमान्सभन्दा पनि उपचारको रूपमा लिनेछ । नारीलाई मनोरञ्जनको साधनभन्दा पनि सुन्दरताको प्रतीकको रूपमा लिनेछ । लज्जालाई नारीको कमजोरीभन्दा पनि सौन्दर्यताको प्रतीकको रूपमा पुज्नेछ ।

दुवाकोट, भक्तपुर, हाल दोहा, कतार ।

ä ã

**शब्दार्थ प्रकाशन**ले

**२२** थरी **शब्दकोश** प्रकाशन गरिसकेको छ र

अझै अरू प्रकाशन गर्दै छ ।

के तपाईं पनि कोशकार हुनुहुन्छ ?

आफ्नो शब्दकोश प्रकाशन गर्न इच्छुक हुनुहुन्छ ?



# कथा

**माधव पोखरेल गोज्याङ्ग्रे**

हामी ऋषिमुनिका कथा सुन्दै थियौं । उहिलेका कुरामा विश्वास नगर्ने हामी आज उहिलेका कुरालाई मनन गरेर काम गर्न बाध्य भएका छौं। ऋषिमुनिहरू उहिलेका मान्छे हुन् । आजका मान्छेको भन्दा निकै बौद्धिक र कर्मशील थिए रे ! उहिलेका ऋषिमुनिहरू । रमेश गुरुले फलाँक्दै जानुभयो र हामी चेलाहरू सुन्दै थियौं ।

'त्यतिबेला अहिलेको जस्तो घरमा बस्दैनथे ऋषिमुनिहरू आश्रममा बस्थे । लामो ध्यान तपस्याबाट खारिएकाले बौद्धिकताले राजनीति गर्दथे ।' रमेश गुरुले अर्थ्याउनुभयो ।

'त्यतिबेला पनि राजनीति हुन्थ्यो र गुरु ?' हामीमध्येको एकले प्रश्न तेर्स्याए गुरुका सामु ।

रमेश गुरुले जवाफ दिनुभयो- 'पौराणिक कालमा पनि आजको जस्तै राजनीति हुन्थ्यो, रामायणको लडाइँ रामले चौध वर्ष वनबास जानु पनि त्यसैको एउटा उदाहरण हो । एकाघरका परिवार बीच राजनीति हुन्थ्यो ।'

हामी गुरुका कथा सुनिरहन्थ्यौं । जति सुन्यो त्यति नै सुन्न मन लाग्थ्यो । गुरुको कथा भन्ने शैली नै लोभ लाग्दो मिठास पूर्ण थियो । भनौं गुरुले कथा सुनाउन थालेपछि बसेको ठाउँबाट उठ्न मन लाग्दैनथ्यो ।

कहिले महाभारतको, कहिले रामायणको, कहिले देवी भागवतको, त कहिले दानवहरूको कथा सुनाउनुहुन्थ्यो । त्यतिबेलाको शासन व्यवस्था र रैतीले पाएको सुख सुविधाका बारेमा वर्णन गर्नुहुन्थ्यो । भनौं गुरुले आफू राम राज्यमा बसेर सबै कुरा भोगेको देखेको झैं गरी कथा सुनाउँदा हामी पनि राम राज्यमै छौं जस्तो भान हुन्थ्यो ।

धेरै राजा महाराजा भोगेर आफू पनि शासक नै भए झैं लाग्ने कथाहरू सुनाउँदा अहिलेको अवस्थाबाट हामी पुनः गुरुले भनेको समयमा पुग्न पाए कस्तो हुन्थ्यो होला भन्ने लाग्थ्यो । गुरुले उतिबेलाको राज्य शासन व्यवस्था र अहिलेको राज्य व्यवस्थाका बारेमा तुलना गर्न लगाउनुहुन्थ्यो तर हामी कथा सुन्न बसेका सबै मौन हुन्थ्यौं किनकि हामी त्यो अवस्थाबाट गुज्रेर खरानी

घस्ने अवस्थामा पदार्पण गरिरहेको समयमा पुगेको भान हुन्थ्यो ।

कथा सुन्ने थेरै साथीहरू गुरुको कथा वाचनबाट प्रभावित भएका थिए । त्यतिबेला पुरुष प्रधान समाज भए पनि नारीहरू सधैँ सम्मानित भएर बस्न पाएका थिए । गरीब-धनी, छुत-अछुत भन्ने भेदभाव थिएन रे ! राजा, मन्त्रीहरू विवेकशील र विकासप्रेमी भएकोले कसैले कुनै गुनासो लिएर दरबार जानु पर्दैनथ्यो रे ! सामाजिक न्यायमा सबै खुसी थिए रे !

वैदेशिक व्यापारमा राम्रो प्रगति भएकोले अर्थ व्यवस्था पनि बलियो थियो रे ! गुरुकुल शिक्षाको प्रचलन भएकोले प्रत्येक नागरिकले शिक्षाको अवसर पाएका थिए । चाहे त्यो अछुत होस् वा जुनसुकै जाति धर्म वा लिङ्गको भए पनि शिक्षा अनिवार्य गरिएको थियो रे ! गुरुले बीच बीचमा कथा सुनाउँदा केही रामायणका महाभारतका श्लोकहरू पनि अत्यन्तै मिठासपूर्ण तवरले सुनाउनु हुन्थ्यो । हामी साह्रै आनन्द मानेर सुन्थ्यौँ ।

कृषिमा निर्भर समाज भएकोले सबै आआफ्नो काममा व्यस्त हुन्थे । व्यापार व्यवसाय वा उद्योगमा लागेकाहरू इमानदार थिए । राज्यलाई बुझाउनुपर्ने कर समयमै बुझाएर देशको अर्थतन्त्रलाई माथि उकास्न लागि परेका थिए रे !

रमेश गुरुको यो कुराले हामीलाई कता कता भित्र पोल्थ्यो । अहिलेको भताभुङ्गे अवस्था मानस पटलमा घुम्न थाल्थ्यो । त्यतिबेलाको नैतिक शिक्षा, रैतीहरूको लगनशीलता अनुशासन, ऋषिमुनिको तपस्या, इमान्दारिताको प्रभाव सबैतिर छरिएको थियो तर आजको यो छलियुगमा छलछामबाहेक केही नहुनुको कारण मनभित्र उकुस मुकुस भएर अड्किएको अवस्थामा पुगेको अनुभव हामीले सँगालेको गुरुको कथा वाचनबाट छर्लङ हुन्थ्यो ।

गुरुको कथा वाचनले हाम्रो मन भारी हुन्थ्यो र प्रश्न तेर्स्याउँथ्यौँ 'गुरु अब नेपालमा सधैँ छलियुगकै बोलबाला हुने हो कि वा सत्ययुग पनि आउँछ ।'

'सत्य एउटा कथामा सीमित हुन्छ । मनपरीतन्त्रले समाजलाई ढाक्छ । हामी स्वभावैले इमान बेचुवा हुन्छौँ र भविष्यलाई भ्यागुता बस्ने कुवामा फाल्छौँ ।' गुरुले सटिक जवाफ दिनुभयो ।

'हेर शिष्यहरू हो समाजमा गुरुको अर्थ र महत्त्व ठूलो छ तर अचेल गुरु गौण मै बस्न बाध्य भएका छन् भने शिष्यहरू चिनी जस्तो गुलियो र मीठो भएर निस्केका छन् तर पछि गएर तीसबै खोक्रा भएर मिल्किएका छन् ।' गुरुले हाम्रो जिज्ञासामा जवाफ थप्नुभयो ।

गुरु कहाँ कथा सुन्न आउनेका ताँती लाग्थ्यो । पालैपालो गरेर समूह समूहमा आएका सबैले निकै चाख मानेर कथा श्रवण गर्दथे । भनौँ गुरुको कथा वाचन कुनै योग्य पण्डितको पुराण वाचनभन्दा कम थिएन । स्वस्थानी कथा

सुने झैं गरी हामी नियमित रूपले कथाका श्रोता भएका थियौं । समय बित्दै गयो । गुरुका शिष्यहरू दिनहुँ बढ्दै गएका थिए । कथा सुन्न जानेहरूले गुरुलाई कोसेली पात वा गुरु दक्षिणा लिएर जानु पर्दैनथ्यो ।

एक दिनको कुरा हो हाम्रो समूहमध्येको एक जनाले कथा सुन्न जाँदा गुरुका अगाडि भेटीघाटी फलफूल प्रसादका रूपमा लिएर गएका थिए । त्यो भेटीघाटी र फूल प्रसाद गुरुका अगाडि राखेका थिए । संयोगबस् त्यो दिन गुरुले श्रीमद्भागवत्को कथा वाचन गर्न लाग्नुभएको थियो । भेटीघाटी लिएर आउने शिष्यले 'आज गुरुले श्रीमद्भावत कथा वाचन गर्नुहुने जानकारी पाएर पूजा सामाग्री भेटीघाटी फूलप्रसादको व्यवस्था गरेको बताए ।' गुरुले सबै देख्नुभयो । यसअघि गुरुले सबैलाई भन्नुभएको थियो कि 'कथा श्रवण गर्दा वा अन्य कुनै पनि समयमा शिक्षा लिन आउँदा कुनै पनि प्रकारको सामान वा द्रव्य ल्याउन पाइने छैन ।'

गुरुले भनेको कुरा ती शिष्यले बिर्सेका थिएनन् तर पनि आफ्नो भित्री आत्माले यतिका दिन गुरुका मुखबाट कथा सुनियो सधैं खाली हात के जानु जस्तो लागेर फूल प्रसाद र भेटीघाटी लिएर गएका रहेछन् । कथा वाचन सकिएपछि गुरुले त्यो फूल प्रसाद र भेटीघाटी जसले ल्याएको थियो उसैलाई दिंदै भन्नुभयो- 'जाउ शिष्य यो फूल प्रसाद गाईलाई दिएर आऊ र यो भेटी गाउँको कुनै अशक्त वा दुःखीलाई देऊ ।'

शिष्यले गुरुको आज्ञा पालना गरे । गुरुको कुरामा कुनै विवाद नै गरेनन् किनभने गुरुले पहिले नै भन्नुभएको थियो कि कथा सुन्न आउँदा केही ल्याउनु पर्दैन । शिष्यले गुरुले भनेझैं गरे तर गुरुलाई दिन लगेको भेटी भने उनले कसैलाई दिएनन् । आफैंले गोजीमा हालेर फर्किए ।

भोलिपल्ट उनी कथा सुन्न गएनन् । गुरुले पनि को को शिष्यहरू आए आएनन् भनेर ख्याल गर्नुभएन । कथा सुन्ने धेरै हुन्थे । ख्याल गरेर पनि साध्य नहुने भएकोले वास्ता हुँदैनथ्यो तर कथा सुन्ने मध्येकै एकजना वृद्धले भने कथा सुन्न को आयो को आएन भनेर ख्याल गर्दा रहेछन् ।

कथा समाप्त भएपछि वृद्धले गुरुसँग भने 'गुरु हिजो हजुरलाई कोसेली लिएर आउने भाइ त आज देखिनँ त ?'

गुरुले 'घरमा कुनै काम पर्‍यो होला वा बिरामी भए होलान् । कुनै समस्या भयो होला अथवा कतै बाहिर जानुपर्ने भयो होला । आफ्नो इच्छा नहुँदा नआउन पनि सक्छन् भन्नुभयो ।' वृद्ध चुपचाप भए केही जवाफ दिएनन् ।

उता गुरुलाई भेटी लिएर जाने छट्पटिन थाल्यो । गुरुले भेटी कुनै दुःखीलाई दिनु भनेको कुरा नमानेकोमा ग्लानि भयो । उसलाई त्यो पैसाको

लोभ पनि लागेको छ । पैसा गोजीमा हालेकोमा ग्लानि पनि भएको छ । उसले कुनै न कुनै तरिकाले यो पैसा गुरुलाई दिन्छु भनेर सोच्यो र निदायो ।

भोलिपल्ट ऊ त्यो पैसा लिएर कथा सुन्न गयो । साथीहरूसँग बसेर कथा सुन्यो । कथासुन्दै पैसा कसरी गुरुको हात लगाउने भनेर सोचिरह्यो । दुःखीलाई नदिएकोमा उसलाई कुनै पीर-चिन्ता लागेन । बरु गुरुले नलिएकोमा भने छट्पटी भयो । गुरुले भने अनुसार नगरेका कारण ऊ गुरु नजिक पनि गएन । उसलाई मनमा डर लाग्न थाल्यो र कथा भनिरहेको ठाउँबाट जुरुक्क उठेर घरतिर लाग्यो । उसले आफूसँग भएको त्यो पैसा कसैलाई नदिने निर्णय गऱ्यो र आफैले राख्यो ।

अर्को दिन ऊ कथा सुन्न गयो । त्यहाँ धेरै गरीब दुःखीहरू कथा सुन्न जान्थे । कोही खान पाइने आशले त कोही समय कटाउनका लागि जान्थे । कोही माग्नका लागि पनि जान्थे । यस्तैमा एक जना अशक्त महिलाले गुरुसँग आफू गरीब भएको र खान लाउन समस्या भएको गुनासो पोखिन । गुरुले आफूलाई एक दिन एक शिष्यले भेटीघाटी फूल प्रसादशहित भेट्न आएको सम्झनुभयो र उसको खोजी गर्नुभयो । सबैभन्दा पछाडि बसेर साथीसँग बसेर गफ हाँकिरहेको थियो । गुरुले बोलाउनुभयो र भन्नुभयो 'तपाईंले केही दिन अघि मलाई भेटीघाटी प्रसाद लिएर आउनुभएको थियो तर मैले लिइनँ, भोलि आउँदा यी अशक्त नारीका लागि केही नगद र खाद्यान्न लिएर आउनुहोला ।'

गुरुको कुरा सुनेर उसले आज्ञाकारी मुन्टो मात्र हल्लायो तर केही बोलेन । गुरु पुनः कथा वाचनतिर लाग्नुभयो । ऊ त्यहाँबाट उठेर घरतिर लाग्यो र पुनः कथा सुन्न कहिले आएन ।

पुरानो समयमा राजा महाराजाहरूले गरेको शासनकाल र देवता तथा दानवका शासनको भेद विभेद सबै औंल्याएर गुरुले कथा वाचन गरिरहँदा श्रोताहरू आफ्नो देशको अवस्था सम्झन्थे र आँखाबाट आँसु झार्थे ।

पछि कथा वाचन गरेर सबैलाई सुनाउने गुरु नेता भएर निस्के । राजनीतिमा निथ्रुक्क भिजे । समाजका लागि केही नयाँ काम गरौं भनेर लागेका गुरुलाई सबैले साथ दिए । समय बित्दै गयो हिजो कथा सुनाउँदा आदर्शका कुरा गरेर नथाक्ने गुरु आज राजनीतिमा लागेपछि फरक भूमिकामा देखिए । रैतीले सोचेको गुरु हुन सकेनन् । सेवाभावलाई रछ्यानमा मिल्काएर आज मेवाभावमा लिप्त भएका कारण जन घेरामा बसेर सबैका गुरु भएर कथा वाचक बनेको आफ्नो अस्तित्वलाई प्रहरी हिरासतमा थन्क्याउन बाध्य भएका छन् ।

गाईघाट, उदयपुर ।

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**



# जिन्दगी घामछाया

राजेन्द्र श्रेष्ठ

हिजैदेखि पानी पर्ने सुरसार गर्दैथ्यो। आकाशभरि काला बादलले ढाकेको थियो। हिजैदेखि घामको झुल्को देख्न पाइएको होइन, दिउँसो नै अन्धकार भएजस्तो। चुरूङ्गी पनि बासस्थान फर्किसके। बाटातिर फाट्टफुट्ट बटुवा देखिन्थे। ती अनुहारै गलबन्दीले ढाकेर लुगामाथि लुगा थोपरेर हिंडेको देखिन्थ्यो।

बूढाबूढीहरू काँडाकुडी थुपारेर आगो बाल्दै बसेको देखिन्थे, तिनीहरूले बालेको आगोबाट निस्केको धुवाँ आकाशै ढाक्ने गरी फैलिरहेको थियो। छिन छिनमा सिर सिर हावा चल्थ्यो। एक दुइ थोपा पानी छिट्टायो ....हेर्दाहेर्दै भलै बग्ने गरी पानी पर्न थाल्यो। झरी नै पर्ला जस्तो छ। उसै त जाडो महिना झन् झरी परे पछि त असाध्यै जाडो हुने भो।

पहिला पहिला हिउँदको झरी पुष माघ महिनामै पर्दथ्यो, यस वर्ष चाँडो झरी नपर्नाले मान्छेहरू छक्क परेका थिए तर प्रकृतिको नियम किन अपूरो हुन्थ्यो ? फागुन लाग्दानलाग्दै पानी परेरै छाड्यो। भर्खर भाँडा चुलो सिध्याएर भित्र बसिरहेकी सविता, छानाको जस्तामा पानीको थोपा पर्दा निस्केको टिन टिन आवाजले झसङ्ग भई- 'पानी परेछ कि क्या हो ?' मनमनै विचार गरी- 'हो त नि भलै बग्ने गरी पानी परेछ' बाहिर निस्कँदै तिनले भनिन्- 'स्यार्र स्यार्र झन् ठूलो पो पऱ्यो त अब यो झरी कहिले थाम्मिने हो ?'

माथि छानोबाट पालीमा, पालीबाट आँगनमा पानीको थोपा खस्दा निस्केको एकनासको तालले उसलाई साह्रै रोमाञ्चक बनायो। पानी परेको हेरिरहुँ जस्तो। थोपा थोपा जम्मा भएर कुलेसाहरू टम्म भए, वरपरका फोहोर कसिङ्गर भलसँगै बगे। फोहोर कसिङ्गर छेस्काहरू भलसँगै छिटो छिटो गर्दै बग्दै थिए। सविता अघिदेखि नै यो खेललाई रमाइलो मानेर हेर्दै थिई। चिसो स्याठ सर्रर्र चल्यो, शिरदेखि पछ्यौरी गुम्लुङ ओढेकी थिई तर गालामा हावाले स्पर्श गर्दै गयो, तिनको रातो गाला झन् रातो भयो। मुटुमा चिसो हावा छिऱ्यो।

'उफ ! कस्तो चिसो मुटु नै कठाङ्ग्रियो, कहिलेसम्म झरी पर्ने हो ? आइतबारे झरी एक हप्तासम्म पर्छ भन्छन्, एक हप्तासम्म पऱ्यो भने कसरी स्कुल जाने होला ? १ गतेदेखि नै पढाइ भयो रे ! आज ४ गते भइसक्यो कति

कोर्सहरू छुटे, भर्ना नगरी स्कुल जानै मन लाग्दैन, बुवा पनि कहाँ जानुभएको होला। एक हप्तामै आउछु भन्नुहुन्थ्यो, भोलि एक दिन बाटो बाटो हेरूँ, भोलि पनि आउनुभएन भने पर्सिदेखि त स्कुल जान्छु।'

सविता ढोकाको आडमा बसेर के के सोचिरहेकी थिई- कुन बेलादेखि पानीको साथसाथै बतास पनि चल्न थालेछ, बाछिटाले पिँढी पनि भिजाएछ। 'पानी पर्न थालेपछि त बतास नचले पनि त हुने नि !' ऊ एक्लै फतफताइरही- 'हुन त बतास चलेदेखि बादल फाट्थ्यो र पानी पर्न रोकिन्थ्यो। पानी पर्न छाडेपछि हिउँ पर्ला त्यसपछि त झन् जाडो होला 'तर के अनि त गर्मी महिना सुरु भइहाल्छ नि ! ऊ मनमनै दङ्ग भई।

'ला कुलाको निकास थुनिएछ, पानीको ताल जमिसकेछ।' निकास खोल्दिन ऊ कोदालो लिन गोठतिर गई। कोदालोले खोस्रेर निकास बनाइदिई। जमेको पानी बगेर गयो। सविता कोदालो लिएर यताउता चलिरहेकी थिई, पानी झन् जोडले पर्न थाल्यो। ऊ छिटो छिटो पिँढीमा ओत लाग्न आई। गाई बाँ गरेर करायो। गोठको ढोका खुल्ला रहेछ।

'गाईलाई जाडो भएछ क्यारे।' सविता गोठमा गई। जाडोले गर्दा गाईको रौं ठाडो भइसकेछ। सविताले ओभानो सोत्तर थपिदिई। झ्यालमा राखेको बोरा ओड परेछ हावा नपस्ने गरी मिलाइदिई। गाईको बाच्छी भने डल्लो परेर बसेको रहेछ। एक मुठा पराल फुकाएर गाई र बाच्छालाई हालिदिई, गाईले यसो दुई तीन त्यान्द्रा छोएको जस्तो गऱ्यो, बाच्छाले त हेर्दा पनि हेरेन।

'कति बजेछ ? ए दुई बज्न लागिसकेछ, खोले पकाएर खान दिनुपऱ्यो। जाडो छ तातो खाएपछि त यो गाई पनि बस्ला नि !' ओहोरदोहोर गर्दागर्दै पछ्यौरा भिजिसकेछ, पछ्यौरी एकातिर फालेर आगो सल्काउन थाली। हातै चिसो छ, सलाई पनि ओस्सिएछ, दुई तिन काँटी खेर गयो। आगो अलि सल्केको जस्तो भएको थियो, राम्रोसँग बल्दै बलेन।

दाउरा पनि चिसै रहेछ कुहिरीमण्डल धुवाँ भयो। धुवाँले गर्दा सविताको आँखा पीरो भइरहेको थियो। तैपनि फु फु गर्दै आगो सल्काई- 'ए सविता, सविता तँ के गर्न लागिस् हँ ?' ओछ्यानबाटै आमा कराइन् र लामो खोकी खोकिन्।

'गाईलाई खोले बनाएर दिन लागेको' सविताले पानी बसाल्दै भनिन्।

'माथि बुइगलमा छ्वाली होला ल्याएर सल्का न, आफूलाई टाउको दुखेर सहिनसक्नुभइरहेछ। आँखै हेर्न नहुने गरी पीरो भयो।'

सविता छ्वाली लिन माथि गई। आमाले ओछ्यानबाटै भनिन् -'अलिकति तातो चिया बनाइदे अनि तँ पनि खाजा बनाएर खा।'

'के छ र खाजा बनाएर खानु ?' सविताले ठुस्किएर भनी।

'मकै छ भुटेर खा न ।'

'तपाईं खाने कि नखाने ?'

'म त खान्न चिया भए पुग्छ ।'

'तपाईं नखाए म पनि खान्न एक्लैलाई कति मकै भुट्नु ?' सविता भुत्भुताउँदै तल ओर्ली ।

'नखाएर भोकै बस्छेस् त ? त्यहाँ डालोमा भटमास होला अलिकति भुट् न !' आमा ओछ्यानबाट कराइरहिन्- 'के गर्नु आफू नसक्ने भए पछि यसलाई बनाएर खान पनि कति गाह्रो, अहिले पो उमेर छ भोक खप्न सकिन्छ पछि उमेर ढल्दै गएपछि हजार थरी व्यथा बल्भन्छ' बोल्दाबोल्दै तिनले लामो खोकी खोकिन्– 'आफूलाई यी खपिनसक्नुभइरहेछ ।'

'किन कराइरहनु पर्ने होला नसक्ने भएपछि त चुप लागेर बस्नुपर्छ नि त' दिक्क हुँदै सविताले भनी ।

अँगेनामा आगो असरल्ल छोडेर त्यो खोले खुवाउन गोठतिर लागि । खोलेमा चिसो पानी थप्न पुगेनछ क्यारे । गाईले खोलेमा मुख डुबाउने बित्तिकै निकाल्यो । अलिकति चिसो पानी थपिदिई, गाईले एकै सासमा सबै पानी खायो । अघि हालेको पराल त्यत्तिकै असरल्ल रहेछ, गाई र बाच्छो दुवैले त्यो पराल चपाउन थाले ।

पहिले मकै भुटुँ कि चिया बनाइदिऊँ, के गरूँ के गरूँ भो सवितालाई । 'भो पहिला चिया नै बनाइदिनुपर्‍यो' ऊ चियाको पानी बसाल्न थाली ।

'आमा, ए आमा ! ल चिया ल्याएँ उठ्नुस्' चिया दिँदै सविताले भनी ।

'तैंले खाजा खाइस त ?' आमाले चिया लिँदै सोधिन् ।

'छैन अब बनाउछु अनि तपाईंले औषधी खानुभयो त ?'

'छैन अहिले कति बज्यो र ?'

'तिन बज्यो ।'

'ए अब खानुपर्‍यो' तिनले औषधीको पोको फुकाउँदै भनिन्- 'खोइ कुन हो अहिले खानुपर्ने ?'

'यो चाहिँ हो' सविताले औषधि दिँदै भनिन् ।

'के गर्नु आफू राम्रोसँग ठम्याउन सक्दिन यो एउटी छ यो पनि नभए त पानी पनि खान पाइँदैन होला, बाबुचाँहिलाई केही वास्ता छैन' आमाले दिक्क मान्दै भनिन् ।

'धेरै नबोल्नुस् न फेरि खोकी लाग्छ, ल सुत्नुस् ।' सविता आमालाई सुताएर तल ओर्ली ।

सवितालाई के गरूँ के न गरूँ भयो, जाँगर पनि आएन तर के गर्नु भोक

पनि लागिरहेछ, खाजा त बनाउनै पऱ्यो । ऊ मन नलागी नलागी आगो फुक्न थाली । 'सविता ए सविता.....' बाहिर कसैले बोलाएको जस्तो लाग्यो । बाहिर पानी झन् जोडले परिरहेको थियो । जस्तामा ठोकिएको पानीले राम्रोसँग सुन्न दिएन ।

ऊ चनाखो भएर सुन्न प्रयास गर्दै थिई । ढोका खोलेको आवाज आयो- 'कोही छैन कि क्या हो ?' भित्र पस्दै विनाले भनी ।

'ए विना, कताबाट बाटो बिराइस ?' छक्क पर्दै सविताले सोधी ।

'ल यो यहीँ रहिछे नि ! कत्ति बोलाएँ सुन्दै सुनिनस् कि क्या हो ?'

'कहाँ सुन्नु त तर बोलाएको जस्तो झझल्को त लागेको थियो' सविताले भनी । विना आगोमा हात सेक्न थाली 'तँ भिजेर आइस कि क्या हो ?'

'छाता ओडेर आ'को नि !' विनाले भनी- 'स्कुल खुलिसक्यो तँ किन नआएको, म त तँ बिरामी भएर न आको हो कि भन्ठानेर हेर्न आ'को'

'हैन, हेर्न घरमा कोही छैन, मलाई खाज बनाएर खान त जाँगर चलेको छैन, तँ आइस् अब सँगै खाजा बनाएर खाउँला अनि गफ गरौंला' सविताले मकैको घान हाल्दै भनी ।

'अनि तेरो आमाबुवा कहाँ जानुभयो त ?' विनाले आगोमा दाउरा थप्दै सोधी ।

'बुवा मावली गाउँतिर मान्छे भेट्न जानुभएको एक हप्ता भइसक्यो आउनुभएको छैन । आमा त्यही हो तँलाई थाहा छँदै छ, महिना महिनामा बिरामी पर्नुहुन्छ, चार दिन भइसक्यो टाउको उठाउनै सकिँदैन भन्नुहुन्छ, खोकी पनि लागिरहन्छ' सविताले मकै चपाउँदै भनी ।

'के भएको होला त डाक्टर देखाको छैन ?'

'डाक्टर त हैन कम्पाउडरलाई देखाएर औषधी खुवाइरहेको छ, पहिला पहिला पनि उसकै औषधीले ठीक भएको थियो ।'

'तैपनि एकचोटि डाक्टर देखाउन पाए हुन्थ्यो' विनाले भनी ।

'देखाउन पाए त हुन्थ्यो नि आमाको यो पुरानो रोग रे ! खै के गर्ने गर्नु गर्नु' सविताले गम्भीर भएर भनी- 'तँ कहिलेदेखि स्कुल जान थालिस् ?'

'एक गतेदेखि ।'

'भर्ना गरिस त ?'

'छैन मङ्गलबारतिर गर्नुपर्ला, तँ कहिलेदेखि आउछेस् त ?'

'खै हेरौं, आमालाई पहिलाको भन्दा ठीक भइसक्यो । म मङ्गलबार कि बुधबारदेखि जान्छु होला तर बुधबार त बिदा भइहाल्यो प्रजातन्त्र दिवसको ।'

'अनि सबै पिरीयड पढाइ भइरहेको छ त ?' सविताले सोधी ।

'छ, तर आज चाहिँ भएन' विनाले भनी ।

'म के गरूँ ? मलाई आउन मन नलाग्या कहाँ हो र ? तर बिरामी आमालाई त्यत्तिकै छोड्न पनि मिलेन फेरि भर्ना पनि गरेको छैन ।'

'भर्ना पछि गरे पनि हुन्छ आमालाई अलि ठीक भयो भने भोलिदेखि नै आइज न ।'

'हेरौं के हुन्छ' सविताले बिस्तारै भनी ।

'ल म जान्छु' विनाले उठ्दै भनी ।

'ल ल बिस्तारै जा ।'

'सविता धेरै चिन्ता नगर, सब ठीक भइहाल्छ ल म गएँ ।' छाता उठाउँदै विनाले भनी । विना गएको सविताले हेरिरही । बाहिर पानी सिमसिम पर्दै हावा सिरसिर चल्दै रहेछ । आँगनमा उभिएर उसले आकाशतिर हेरी । बादलले आकाश डम्म ढाकेको थियो । आज रातभर पानी पर्ला जस्तो छ उसले अनुमान लगाई ।

ऊ गोठतिर गई । गाई मज्जासँग बसिरहेको थियो । ऊ जानेबित्तिकै गाई र बाच्छी दुवै उठे । एक मुठा पराल फुकाएर हालिदिई । गाई र बाच्छी दुवैले पराल चपाउन थाले । सविताले हावा नछिर्ने गरी गोठको ढोका लगाइदिई । आज उसलाई साह्रै न्यास्रो लाग्यो । बाहिर अँध्यारो भइसकेको थियो । भित्र बलिरहेको बत्ती पनि मधुरोजस्तो लाग्यो । अघिसम्म विना थिई र सुखदुखको गफ गरेर बसी । अहिले घरमा कोही नभए जस्तो शून्य लाग्यो । ऊ एकछिन यत्तिकै टोलाएर बसी । आमा सुतेको ठाउँमा गई । आमा मस्तसँग सुतिरहेकी थिइन् । ऊ छेउमा बसी र साढे ५ बजेतिर उठेर भात पकाउने सुरसार गर्न थाली ।

लगातार चार दिन झरी परेपछि पाँचौ दिन छ्याङ्ङ उघ्रियो । आकाशमा पटक्क बादल देखिदैनथ्यो । झरीले पाखापर्वतलाई धोइपखाली गरेको हुनाले सुनौलो देखिन्थ्यो । वरपर देखिने अग्ला अग्ला पहाडहरूमा हिउँ परेका थिए । बिहानीपख घामको किरण टाकुरामा पर्दा हिमाल चम्किन्थ्यो । पारिलो घाम लागे तापनि सिरसिर हावा चल्नाले मुटु भने काँप्थ्यो । पानी छुँदा हात ठिहिराउँथ्यो तर उसलाई यस्तो कुराले प्रभाव पारेको थिएन । उसँग उमङ्ग थियो, ऊ मनमनै रमाइरहेकी थिई । उसकी आमालाई राम्रैसँग निको भइसकेको थियो । उसको बुवा पनि मावलीबाट हिजै फर्किसकेका थिए । आजदेखि सविता स्कुल जाने भई साथीहरूलाई भेट्न पाइने हुनाले ऊ दङ्ग थिई । खाना खाएर ऊ स्कुल गई ।

चार दिनको झरीले जाडो गराए तापनि ग्रामिण किसानहरूमा नयाँ जागरण ल्याएको थियो । भीर पाखा बारीमा मकै छर्ने तयारीमा थिए । किसानहरू प्रफुल्ल देखिन्थे । बिहानैदेखि बारी खन्न व्यस्त देखिन्थे ।

वरपर अग्लाहोचा डाँडाहरूले ढाकिएको त्यो ग्रामीण इलाकामा ठूला ठूला बारीका पाटाहरू एकपछि अर्को मिलेर बनेको साह्रै राम्रो देखिन्थ्यो तर

सविताको आमाबुवामा कुनै जोश जाँगर देखिदैनथ्यो । पाखाबारी खन्न सुरसार थिएन । तिनीहरूको बारी यो डाँडाको सुरदेखि त्यो सुरसम्म फैलिएको साह्रै राम्रो सम्म परेको पाटा थियो । एक दुई जनाले खनेर सकिने पनि थिएन । आमा त बारी खन्न सक्दैनसक्ने भएकी थिइन् । दुई तीन बिहान सविता पर्ममा गइन् पनि तर स्कुल जान भ्याई नभ्याई हुने हुँदा जान छोडिन् ।

घरमा सब लथालिङ्ग थियो । सविताको बुवामा पनि धेरै परिवर्तन देखिन थाले । तिनी झडङ्ग रिसाउँथे, कुनै काममा जाँगर लगाउँदैनथे । घरकी आइमाई रोगी भइन्, घरव्यवहार चलाउन सकिएन । बुढेसकालमा पाल्ने छोरासमेत भएन भनेर गुनासो गर्दै हिंड्थे भन्ने सुनिन्थ्यो । सविताको आमा पनि एक दुई हप्ता गाह्रो काम केही गरिन् कि बिरामी पर्थिन् । त्यसकारण घरव्यवहार चलाउने जिम्मा सविताको बाबुको हुन्थ्यो । सवितालाई सानोतिनो काम गरेर स्कुल जाँदैमा ठिक्क हुन्थ्यो ।

पछि पछि हुँदै गएपछि त श्रीमती बिरामी हुँदा पनि सविताको बाबुले वास्ता गर्न छोडेको जस्तो लाग्दथ्यो । त्यसैले सविताको काम अझ बढेको थियो । महिना दुई महिनाको फरक पारेर सविताको बुवा बूढा मावलीतिर जान्थे र दुई चार दिन बसेर आउथें । घरको लथालिङ्ग पीर तापबाट छुटकारा पाउन त्यसरी जाने गरेका हुन् कि अन्य कारण थियो त्यो त दैव जानुन् तर सवितालाई भने पीर माथि पीर थपिंदै गएको थियो ।

एकातिर आमालाई आजभन्दा भोलिभन्दा अन्य रोगहरू थपिंदै गएको थियो भने उतातिर बुवा टाढा टाढा हुन खोजिरहेका थिए । यस्तोमा त्यो साह्रै अलमलमा पर्थी । ऊ स्कुलमा उपस्थित मात्र हुन्थी । घरको यादले सदैव तड्पिन्थी । हरेक रात आँसुले आँखा भिजाउँथी ।

सविताको बुवाले बूढा मावली गाउँको एउटी माइतमै बसेकी विधवा आइमाईलाई घरमा भित्र्याउँदै छन् रे ! भन्ने हल्ला गाउँभरि फैलिएको थियो । हावा नचली पात किन हल्लिन्थ्यो र ?

यसबारेमा गाउँमा टीकाटिप्पणी भए । कतिले घरमा रोगी स्वास्नी भएपछि, घरधन्दा गर्न नसक्ने भएपछि, बुढेसकालमा पाल्ने छोरा नभएपछि अर्को विवाह त गर्न परिहाल्यो भनेर समर्थन गरे । केहीले चाहिँ घरमा बिहे गर्ने उमेरकी छोरी हुँदाहुँदै अर्की ल्याउनु नकच्चरोपना हो भनेर विरोध पनि गरे तर घरमा ल्याइसकेका थिएनन् । त्यसैले खुल्ला रूपमा कसैले कुरा गर्दैनथ्यो, भित्रभित्र एक आपसमा त्यसबारे चर्चा गर्दथे ।

एक दिन सविता स्कुलबाट फर्कंदै थिई । सूर्य पश्चिमतिर ढल्कँदै गए तापनि गर्मी थियो, ऊ पसिना पुछ्दै हिंड्दैथी, बारीमा घाँस काटिरहेकी साहिँली

काकीले हकारिन्- 'ए सविता एकछिन शीतलमा बसेर जा। कस्तो पसिना काटेर हिँडेकी।'

'म हतारमा छु काकी कहाँ शीतलमा बस्नु ?' बस्न मन नलागे पनि आफूभन्दा ठूलाले बोलाएपछि उसलाई अडिन कर लाग्यो। ऊ घाँस काट्न लागेको नजिकैको रूखको छहारीमा बसी।

'आमालाई कस्तो छ त सविता ? अस्तिसम्म त ठीकै हुनुहुन्थ्यो' साहिँली काकीले पनि घाँस काट्न छोडेर रूखको छहारीमा बस्दै भनिन्।

'बिहानसम्म त ठिकै हुनुहुन्थ्यो काकी, आमाको रोग के जानिसक्नु छ र ? बिहानसम्म हिँडडुल गरिरहेको मान्छे बेलुका ओछ्यानमा लडिरहेकी पनि हुन सक्छिन्।'

'तब त नानीलाई साह्रै गाह्रो पो भो त, घरमा आमालाई हेर्नु पर्‍यो स्कुल पनि जानुपर्‍यो अनि नानी तिम्रो बुवा घरमा छन् कि छैनन् त ?' काकीले सोधिन्।

'बिहानसम्म त घरमै हुनुहुन्थ्यो। भए पनि के नभए पनि के काकी मलाई त अनुहार नै नहेरूँ जस्तो लाग्छ' उसले उदास भएर भनी।

'त्यो विधवासँग पल्केका रहेछन् र पो घरमा वास्ता नगरेका रहेछन्। कस्तो लाज नभएको मान्छे। बिहे गर्ने उमेरकी छोरी भइसकी अर्की स्वास्नी ल्याउनु हुन्छ त ?' काकीले आक्रोश पोखिन्।

त्यसपछि सवितालाई दिक्क लाग्यो। तिनले भनिन्- 'ल्याउन दिनुस् काकी लोग्ने मान्छेको जात यस्तै हुँदो रहेछ, तिनीहरूलाई जे मन लाग्छ त्यही गर्छन्।'

'त्यही त नानी, हामी आइमाईहरू साह्रै अभागी पो छौं। को हो को नचिनेकाहरूसँग आउनुपर्छ। यहाँ आएपछि पनि उनीहरूले भने अनुसार नभए अनेक यातना दिन्छन्, सौता ल्याउछन्।'

काकीले यस्तै कुरा धेरै भन्न खोज्दै थिइन्। बीचमै सविताले भनिन्- 'मलाई अरू केही कुराको चिन्ता लाग्दैन, मात्र आमाको चिन्ता लाग्छ कतै टाढा गएर बसौं भने पनि आमाको मायाले दिँदैन।'

'टाढा कहाँ गएर बस्छौ नानी ? कि बिहे गर्नु पर्‍यो' काकीले भनिन्।

'यसपालि एस.एल.सी दिने भइहालें पास त भइहाल्छु होला, शहर गएर जागिर खाएर बस्ने विचार गरेको छु। बिहे त अहिले गर्दिनँ आफ्नै खुट्टामा उभिनुपर्छ, लोग्ने मान्छेको भर परेर बस्दिनँ'- सविताले आफ्नो भविष्य खुल्ला रूपमा बुनी।

'तिमीले राम्रो कुरा गर्‍यौ नानी, आफ्नै खुट्टामा उभिनुपर्छ। अँ कहिले घरमा ल्याउँछु भनेका छन् त ?'

'असारमा भन्ने सुनेको छु।'

'कस्तो आइमाई होली त्यो घर यस्तो छ भन्ने थाहा पाएकै होली, यस्तो घरमा कसरी आउन खोजेकी होला' साहिँली काकीले भनिन् ।

'आ जेसुकै होस् काकी म छउन्जेल आमालाई म आफै पकाएर खान दिउँला । म नभएपछि बिहान बेलुका एक गाँस तातो त देली नि ! आपत्को बेला बैरी त काम लाग्छ भन्छन् एउटै घरमा बस्नेले कसो नहेर्ला' सविताले भनी ।

'हामी पनि छौं नि नानी यताउती हेर्न त' काकीले उठ्दै भनिन् ।

'ल काकी गफ गर्दागर्दै अबेर भयो घाम डाँडा पारी पुगिसकेछ जान्छु घरमा थुप्रो काम छ ।'

सविता त्यहाँबाट हिँड्दा घाम पहेँलिन लागिसकेको थियो । काकीसँगको कुराले उसको मन कटक्क दुखेको थियो ।बाटोमा हिँड्दाहिँड्दै भक्कानो छोडेर रोऊँ जस्तो लाग्यो । मनलाई खुब सम्हालेर घर पुगी ।घरमा आमाले भातभान्छाको तयारी गर्दै रहिछिन् ।

बेलुका उसको बुवाले उनीहरूलाई सम्झाए । त्यो आइमाईलाई यही हप्ता भित्र्याउने भने । सवितालाई त्यहाँ एकछिन पनि बस्न मन लागेन । तिनी सुत्न गइन् र धेरै अबेरसम्म रोएर बसिन् ।

आखिर सविताको बुवाले त्यो आइमाईलाई घरमा भित्र्याए । ठूलो उत्सव तथा चहलपहल केही भएको थिएन । त्यो दिनभरि सविताको आमाछोरी रोएर बसे । भोलिपल्टदेखि सविताको आमा फेरि बिरामी परिन् ।

सविताको सौतेनी आमा छ भनेर स्कुलतिर पनि थाहा भएछ । साथीहरूले सोधेर सवितालाइ हैरान पारे । कतिले सान्त्वना दिँदै दयाभाव देखाए तर कतिलाई भने उपहास गर्ने बाटो बन्नपुग्यो । तिनीहरूको व्यवहारले सवितालाई अझ चोट पुग्यो । एकातिर आमा बिरामी अर्कोतिर सौतेनी आमा अनि साथीभाइको उपहास यी सबैको पीडा थामिनसक्नुभयो । उसको पीडा बिसाउने ठाउँ पनि थिएन । ऊ आमाको कोठामा गई । आमा उठेर बसेकी रहिछिन् । आमाको काखमा मुन्टो लुकाएर त्यो डाँको छोडेर रूँन थाली । आमाले सम्झाइन्- 'सविता तँ किन यसरी रून्छेस् त्यो मेरो पो सौता हो नमरूञ्जेलसम्म मैले त्यसको मुख हेर्नुपर्छ, त्यसले मलाई कति सताउली सके पानी त खान दिन्न होली तर पनि मलाई दुःख लागेको छैन । तेरो पनि  उमेर त पुगिहाल्यो । दश कक्षामा पुगिहालिस् । त्यहाँभन्दा बढी पढ्नु पनि पर्दैन, बिहे गरेर गइहाल्छेस् अनि त यसको मुख पनि तैंले हेर्नुपर्दैन । त्यसकारण त व्यर्थमा चित्त नदुखा ।'

आमाको कुराले सवितालाई अझ पोल्यो । ऊ झन् रूँनथाली । आमा अझ के के भन्दै थिइन्- 'तँलाइ मेरो चिन्ता लागेको होला, हेर म त डाँडामाथिको घाम भइसकेँ अस्ताउन धेरै बरे लाग्दैन । सास छँदैमा तेरो कन्यादान गरिदिन पाए

र सुखी भएको हेर्न पाए पुग्यो मलाई ।' यति भनेर तिनले सवितालाई अँगालोमा लिइन् । तिनीहरू अबेरसम्म यसरी नै बसिरहे ।

जेठ सक्दानसक्दै वर्षा याम सुरु भइसकेको थियो । आकाश गड्याङगुडुङ गर्दै छिनमा पानी पर्दथ्यो र छिनमै रोकिन्थ्यो । पानीको भलले खेतका गह्राहरू भरिएर तालजस्तै भएका थिए । मान्छेहरू खेतमा काम गर्न व्यस्त देखिन्थे । कसैको हात खाली थिएन । सविताको आमाबुवा पनि खेतमा गएका थिए । सविता बिरामी आमासँग कोठामा बसिरहेकी थिई । बाहिर पानी एकनासले परिरहेकै थियो ।

सविता आफ्नै भविष्यदेखि तर्सेकी थिई । आमाको रोगसँग डराएकी थिई । स्कुल सकेपछि आमालाई लिएर शहर पो पस्ने हो कि उसले ठीकसँग निर्णय गर्न सकिरहेहकी थिइनँ । आमालाई एक्लै छोडेर जान पनि ऊ सक्दैनथी ।

एक वर्षपछिको कुरा हो सविताले एस.एल.सी. पास गरी र क्याम्पस पढ्न काठमाडौं गई । आमालाई एक्लै छोडेर उसलाई काठमाडौं जान मन त लागेको थिएन तर पनि आफ्नो लक्ष्य भेट्टाउन आमाको मायामा बाँधिएर पनि त भएन । आमासँग छुट्टिँदा सविताको आखाबाट आँसुको धारा बगेका थिए ।

पढाइको लागि घरबाट खर्च नआउने हुनाले सविताले काठमाडौंमै सानोतिनो नोकरी गर्न थाली । समय समयमा आमाको याद आइदिनाले मन गहुङ्गो भए पनि आफ्नै खुट्टामा उभिन पाउँदा ऊ खुस थिई ।

यस्तैमा घरमा सौतेनी आमाले छोरा जन्माइन् । घरभरि हर्षोल्लास भयो । सौतेनी आमाको रँजाई चल्न थाल्यो । बिरामी सविताको आमा घरको नोकर्नी सरह भइन् । यो खबरले सविता मर्माहत भइन् । गाउँमा आएर आफ्नी आमालाई शहरमा आफूसँग ल्याइन् र आफैले हेरचाह गर्न थालिन् ।

धेरै अगाडिदेखि सोचेको आज पूरा भयो सविताको । सविता बिहान क्याम्पस जान्थी र दिउँसो अफिस जान्थी । आमा दिनभरि कोठामा बस्थिन् । यहाँ आएर डाक्टरी औषधी गर्नाले आमाको रोग निकै कम भएको थियो तर पनि पुरानो रोगले तिनलाई बेला बेलामा सताउँथ्यो । दुःख पीडा र चिन्ताबाट टाढा रहेका सविताका आमा छोरी निश्चय नै काठमाडौंमा सुखपूर्वक बसे । गाउँको अझ भनौं त्यो घरको तिनीहरूले बिरलै सम्झना गरे ।

जेठको महिना टन्टलापुर घाम थियो अघिसम्म । छिनमै काला बादलले आकाश ढाकियो, छिट्टै पानी पर्ला जस्तो । सविता भिज्ने भई भनेर आमा चिन्ता गर्दै थिइन् । पानी पर्दा नपर्दै सविता टुप्लुक्क आइपुगी ।

हातमा के के सामान ल्याएकी थिई, आमालाई दिँदै भनी– 'लिनुस् त आमा के ल्याएँ ।' आमाले खोलेर हेर्दा फरिया र चोलो रहेछ ।

'यो कल्लाई ल्याएको ?' आमाले सोधिन् ।

'तपाईंलाई ल्याइदिएको नि मन परेन, आजको दिन साह्रै खुसीको दिन हो नि आमा किनभने अफिसमा मेरो पोष्ट बढ्यो' सविताले खुसी हुँदै भनी ।

आमाले सवितालाई हेरिरहिन्, किन किन आमाको आँखाबाट आँसु झरे । बाँचे पाल्छु मरे पोल्छु भनेर ल्याएको सविताका बाबुले उनलाई कहिल्यै यति खुसी दिएनन् । सविता एउटी छोरी आफ्नै आर्जनले यो सब गर्दछे, अझ उसको अफिसमा मान पनि बढ्यो रे ! आमा यो सम्झी सम्झी आँसु झार्न थालिन् ।

सवितालाई अचम्म लाग्यो –'आमा तपाईं किन रुनुभयो तपाईंलाई केही दुःख भयो कि' सविताले आमालाई समाउँदै भनिन् ।

'हैन, हैन नानी मलाई केही दुःख परेको छैन मलाई त हर्ष पो लागिरहेछ, यी हर्षका पो आँसु हुन् ।' बहिर घनघोर वर्षा भइरहेको थियो । छिनछिनमा आकाश गर्ज्थ्यो । अघिसम्म घाम थियो अहिले पानी कस्तो अचम्म ।

'नानी तँलाई एउटा कुरा भनुँ' आमाले बिस्तारै भनिन्– 'तँ अब बिहे गर, तँलाई कन्यादान दिएर मर्न पाए म अझ खुसी हुने थिएँ' आमाले बस्दै भनिन् ।

'आमा तपाईं किन यस्तो भन्नुहुन्छ अहिले म सानै छु'

'नानी तिमी अब ठूली भइसक्यौ, जति गर्नु गरिहाल्यौ । हामी नरकमा थियौं आज स्वर्गमा बसिरहेका छौ । यो खुसी छँदै तिम्रो घरजम भएको हेर्न पाए मनलाई सन्तोष हुन्थ्यो ।' बाहिर पानी पर्न रोकिएछ, साँझ पर्ने बेला भएछ । घाम पश्चिममा अस्ताउन खोज्दा शहरभरि पहेंलो घाम छरिएछ । त्यतिबेला नै पूर्वपट्टि सप्तरङ्गी इन्द्रधनुषले आकाशलाई शोभायमान बनाइरहेको रहेछ ।

सविता त्यो दृश्यलाई हेरिरहेकी थिई । उसलाई त्यो दृष्य साह्रै मनमोहक लाग्यो । सडकका कुलेसामा पानीका भल बग्दै थिए । अघि वर्षेको घनघोर वर्षाले काठमाडौंलाई पखालेर स्वच्छ बनाएको थियो । सविता एक्लै बसेर के के सोच्दै थिई आमा पनि कौशीमा आइन र भनिन्–'मध्याह्नहसम्म चर्को घाम थियो र पानी पर्‍यो फेरि अहिले घाम पो लागेछ ।'

'जिन्दगी पनि यस्तै त हो नि आमा घामछाया जस्तो कहिले दुःख सहनुपर्छ त कहिले सुख' सविताले पश्चिममा डुब्न लागेको सूर्यलाई हेर्दै भनिन् ।

त्यो पहेंला घाम पनि मधुरिँदै गयो, साझ पर्न आट्यो जिन्दगी ओइलाउँदै गए जस्तो भोलि बिहान पूर्वबाट सूर्योदय हुदाँ दिन उज्यालो हुनेछ, जिन्दगी नै उदाए जस्तो ।

कागेश्वरी मनोहरा १, ठूलाढिक ।

ä ã

**तपाईंले शब्दार्थ प्रकाशनका साहित्यिक कृतिहरू पढ्नुभएको छ ?**



# रापभित्र

रामप्रसाद पन्त

कसरी सल्क्यो कुन्नि आगो ? के कारणले लाग्यो कुन्नि आगो ? निभेन । निभाउन सकिएन । गुइँठामा परेछ क्यारे ! अग्राखको मूढोमा सल्केछ क्यारे ! झन् झन् तेजिलो देखिँदै छ, झन् झन् लप्का फ्याँक्दै छ मानौं त्यो गोमनको फणा हो ।

बुझ्न सकेको छैन, मैले त अँगेनामा बाल्नका लागि, तिहुन तरकारी र भात पकाउनका लागि सल्काएको थिएँ । मेरो सोचाइ गलत थिएन, मेरो रोजाइ गलत थिएन । यो रापिलो आगोबाट म खाना पकाउँथैं, खुट्टा पसारेर अँगेनाको डिलमा बस्थैं र मज्जाले आगोको राप लिन्थैं ।

आगो मेरो जीवनको लागि नभई नहुने वस्तु । म जन्मँदै मेरी आमाले सर्वप्रथम आगोको तापले सेकाएको मेरो शरीर । ताप्दै, तताउँदै हुर्काएको मेरो शरीर । म अद्यावधि आगोकै तापले त बाँचेको छु । अहिले म आगो आफै ताप्न सक्ने भएको छु । आगोको तापको आनन्द आफै लिन सक्ने भएको छु ।

किन हो कुन्नि हिजोआज तातोको मात्रा असन्तुलित हुँदै छ । ठिक्क हुनुपर्ने त्यो ताप निभेको त छैन, निभ्ने उपक्रमतिर लागेको पनि छैन, बरु इन्धनको जोरजाम गरेर प्रज्वलित बन्दै छ र लावा फ्याँक्दै छ मतिर ।

मलाई चित्त बुझेको छैन, आगोको यो अस्वाभाविक वृद्धि देखेर । म भन्छु, सबै वस्तुले आ-आफ्नो अविश्रान्त यात्रालाई स्थिर राख्नुपर्छ, आफ्नो अस्तित्व लोप हुन दिनुहुन्न र उत्ताउलिएर हर्कत पनि देखाउनुहुन्न । हर्कत र बर्कतको परिभाषा बुझेर चल्नुपर्छ सबैले ।

ईश्वरीय लीलाका तमाम आधारहरू बीचमा म छु, तिमी छौ, ऊ छ, त्यो छ र हामी सबै छौं । स्वअस्तित्वमा अहम् पलायो भने त्यसले विनाशको रूप लिन्छ । खतरनाक छ आगोको अस्तित्व । प्रलयकालमा मात्र जाज्वल्यमान बन्छ आगो र पृथ्वी नै जलाइदिन्छ आगोले । उग्रताको अति कठोर रूप हो आगो । आगोले आफ्नो स्वरूपलाई भरभर बनाउँदै जरजर तुल्याउँछ ।

आगोको अगाडि पृथ्वी पनि काँप्छिन् । आगोले चाह्यो भने पृथ्वीलाई आफ्नो ज्वालाभित्र समेट्न सक्दछ । पृथ्वीलाई एकडल्लो बनाएर आफूमा

समाहित गर्न सक्दछ । सिर्जनाहरू शक्तिका अधीनमा छन् । सर्जकले आफूले चाहेको समय पर्खनुपर्छ, सृष्टिका अवयवले । जीव चराचरको अस्तित्व त्यहींसम्म छ, जहाँसम्म सृष्टिकर्ताले वक्ररेखा कोर्दैन । यसै भन्छन् मानिसहरू । यसै भन्छन् भविष्य बुझेको छु भन्नेहरू । यसै भन्छन् लीलाको नजिक नजिक पुगेको छु भन्नेहरू । यसै भन्छन् अभिशप्त यात्राका यात्रीहरू ।

यद्यपि पृथ्वीलाई अग्निपिण्ड बनाउन चाहने स्वप्निल अंशब्राजकहरू अंश अंशमा आगो सल्काउन खोज्छन् तर सिर्जित वस्तुको पनि आफ्नै धर्म हुन्छ र त्यो धर्ममा रहेर वस्तुले कर्म गर्दासम्म आगोको ज्वालोले केही गर्न सक्तैन भन्ने मेरो बुझाइ छ ।

आगो मेरै घरबाट सल्केको हो । मेरो घर पहिले नजलेको भए छिमेकतिर सल्कने थिएन तर छिमेकीलाई मेरो घरमा लागेको आगोले लप्काएको मात्र हो, डढाएको होइन । मैले स्वीकार गरिसकेको छु आगोलाई मेरै आवश्यकताले मैले नै भित्र्याएको हुँ तर त्यो मेरो जीवनलाई आवश्यक ताप दिएर जीवन्तता दिनका लागि मात्र ।

म अनभिज्ञ थिएँ, आगो कुनै बेला अत्यधिक तापिलो हुन्छ र रापिएर म आफैलाई डढाउन उद्यत हुन्छ । म अब बुझ्दै छु, आगो विभिन्न आकार र रूपमा बर्तिन सक्छ र आफू अनुकूल भएन भने आगो बोकी भित्र्याउनेलाई नै डढाउन सक्छ । मेरो घरआँगेनाको आगोमा हिजोआज खै के उन्माद आएको छ कुन्नि ! गोमन सर्पले फणा फुलाएजस्तो गर्धन फुलाएर ठडिएको देखिन्छ र विषालु सर्पले फुङ्कार मारेजस्तो तातो वाफसहित फुङ्कार मार्छ । प्रश्न गर्छु, किन के पुगेन तँलाई ? माया गरी भित्र्याएको आफ्नै हितकारी प्राणीमाथि फणा उठाएर ठुङ्न खोज्दै छस् ?

आगो कारण दिन सक्तैन । रापिलो बन्नुको अर्थ बुझाउन सक्तैन । ठाडो उत्तर दिन्छ– 'तँ मेरो वशमा मिल्न मञ्जुर गरिनस्, मैले बजाएअनुसार बज्न खोजिनस्, मैले सिकाएअनुसार गाउन सकिनस् । मैले चाहेअनुसार नाच्न सकिनस्, फोस्रो अस्तित्वको धाक दिन खोजिस् । म छाड्दिन अब तँलाई । मेरो सम्बन्ध सम्झौताले रोकिन्न, म तेरो मुठ्ठीमा त के, तेरो घरमा पनि बस्न सक्तिन । तापमात्र मेरो धर्म होइन, राप पनि हो । मेरो स्वभावमा अब परिवर्तन आइसकेको छ । म स्वच्छन्द अस्तित्व स्वीकार गर्न सक्छु । स्वच्छन्दता मेरो आधार हो ।'

'मेरो सहमति छैन स्वच्छन्दताप्रति । विश्वासमा अड्न सकिएन र धर्ममा चल्न सकिएन भने पृथ्वीमा अघोषित प्रलय हुन्छ । जीव-चराचरको नैतिक विनाश हुन सक्छ । म तैंले अपनाएको तापको बाटो अनुसरण गर्न तयार छैन'– म भन्छु ।

'त्यसो भए जल्न तयार हो, भष्म हुन तयार हो, म डढाउँछु तँलाई'– ऊ गर्जन्छ ।

म धर्मसापेक्षताको कुरा उठाउँछु, ऊ धर्मनिरपेक्षताको कुरा गर्छ ।

'यहाँ एउटा नभए अर्को र अर्को नभए अर्को धर्मको आड लिएर पनि तँलाई बर्बाद पार्छु– ऊ भन्छ ।

'मेरो के गल्ती छ ? मैले के अपराध गरेको छु र तँ किन यसरी क्रुद्ध हुँदै छस् ?' म त तँलाई बालेर शरीरलाई न्यानो पनि बनाउँदै छु र तेरो अस्तित्व पनि जोगाउँदै छु' म भन्छु ।

ऊ कारण बताउँछ– 'तँ मेरो स्वत्वको बाधक बनिस् । म तेरो फोस्रो आदर्श विरुद्ध ओर्लें ।'

म पनि चुनौती दिन्छु– 'त्यसो हो भने तेरो मनले चाहेको गर् । तेरो शक्ति प्रदर्शन गर् । अझ लप्का फ्याँक् । मलाई तर्साएजस्तै मेरा सन्ततिलाई पनि तर्सा र डढा खरानी हुने गरी ।'

मसँग मित्रता गाँसेको र न्यानो दिन्छु भनी सम्झौता गरेको आगोले अधर्मको आड लिन्छ, आगोका लप्काहरू फ्याँक्न थाल्छ– झ्यालढोकाको माध्यमबाट बाहिर बाहिर । हाहाकार हुरी आउँछ, आगोको प्रचण्ड प्रभावले । थर थरायमान हुन्छन् छिमेकीहरू पनि । गर्जन थाल्छन् ममाथि– 'तेरो आगो किन रिसायो यसरी र ज्वारभाटा आइरहेको छ चौतर्फी । तैले आगोमाथि के अन्याय गरिस् ? नत्र किन रिसायो आगो यसरी ?'

'होइन' म अस्वीकार गर्छु र भन्छु– 'यो स्वयम्ले खोजेको निरर्थक निहुँ हो । आगोलाई मतिभ्रम भएको छ, आगोमा घमण्ड आएको छ, आगोमा अहङ्कार छाएको छ । त्यसैको परिणति हो यो ।' तर दासताको पाठ पनि नपढ्ने र स्वअस्तित्वको आड पनि नछाड्ने देखेपछि आगोले उग्ररूप लिने उद्घोष गर्‍यो । आगोको उग्रता स्वीकार गर्ने आगोवादीहरू जुर्मुराउन थाले दायाँबायाँ ।

चार दिक्पाल खडा गर्‍यो आगोले चार दिशामा । ती दिक्पालहरू आगोबाट स्वार्थपूर्ति गरेका थिए र सम्झौता गरेका थिए– 'हामी विपक्षीमाथि धावा बोल्ने एकधर्मी उग्रकर्मी गण हौं । कसैलाई आपत पर्दा हामी अधर्मको आड लिएर पनि एकापसमा सघाउन सहमत छौं भन्ने विधिसम्मत पत्रको आडमा चल्ने संस्कारगत धर्म हो हाम्रो । वचन र कर्ममा हामी यति प्रतिबद्ध छौं, आपसमा नुन खाएका हामी असत्यको आड लिँदालिँदै पनि कर्णले दुर्योधनलाई छाड्न नसकेको नियति भोग्दै छौं ।'

अचम्मको हुँदो रै'छ अपराधीको धर्म पनि । आगोले आफ्नो अलिकति राप थप्यो दिक्पालहरूमा । कान फुक्यो पुग्नेगरी दिक्पालहरूमा । प्राण रहेसम्म सहयोग गर्ने वचनबद्धता प्रकट गरे आपसमा । आगोको अंश प्रवेश भयो

दिक्पालहरूमा । अब दिक्पालहरू पनि आगोजस्तै शक्तिशाली बने । म उग्र रूप लिइसकेको आगोको तापबाट जोगिन बाहिर निस्कन खोज्दा पनि तताउन थाले दिक्पालहरूले । अब भने मलाई उकुसमुकुस हुन थाल्यो । घरभित्र बस्दा पनि ताप र बाहिर निस्कँदा पनि ताप । म जल्न थालेँ आगो आगेको बीचमा ।

अनौठो फणा उठाए दिक्पालहरूले चारैतिरबाट । मेरो टाउको ठुँग्न थाले भेटेसम्म ट्वाक्क ट्वाक्क । प्रश्न गर्ने ठाउँ थिएन । आरोप प्रत्यारोपहरू थिए अनगन्ती । सुनेका, नसम्झेका र कल्पना नगरेका प्रश्न गर्थे उनीहरूले र स्पष्टीकरण दिने मौका दिँदैनथे कत्ति पनि । उल्टै भन्थे– 'तँ अपराधी होस्, तँलाई ठुँगेर घायल किन नपार्ने ? हामी त हेपिएर चार किल्ला छाडेका दिक्पालहरू । आगोले हामीमाथि सहानुभूति नदेखाएको भए हामी किल्लापारि फ्याँकिएका हुने थियौँ । आगोले हामीसँग हात मिलाएको ! यस अवस्थामा आगोलाई साथ दिनु हाम्रो धर्म हो । एकआपसमा प्रतिरक्षा गर्नु हाम्रो कर्म हो । धर्म पालना गर्दा तैँले स्वीकार गरेको अस्तित्व कहाँ पुग्छ, के थाहा छ तँलाई ?'

'के तिमीहरू अन्धभक्त हौ ? जानीजानी अपराध स्वीकार गर्छौ ?' म प्रश्न गर्छु ।

'अवश्य ! जातीयताको अगाडि वर्गीय अस्तित्व मिल्छ माटोमा । यहाँ लड्नेको जित हुन्छ, मार्नेको जित हुन्छ । कुस्ती खेल्नेको जित हुन्छ । तथानाम बक्नेको जित हुन्छ । यसैगरी बनेको छ इतिहास, यसैगरी रचिएको छ इतिहास । तँमाथि अब हामी चारैतर्फबाट फ्याँक्छौँ अग्निबाणहरू र जलाउँछौँ तँलाई कि कि हामी आगोका सहयोगी बनिसक्यौँ । दिक्पालहरू कुर्लन्छन् ।

'तिमीहरूले जलाउन सक्तैनौ मलाई । मेरो अस्तित्वलाई । मेरो अस्तित्व राष्ट्रव्यापी भएको छ । घाइते बनाए पनि मार्न सक्तैनौ मलाई । मेरो अस्तित्वले आकार लिइसकेको छ घेराबन्दी नहुनेगरी । सविस्तार फैलिएको छ वायुसरह ।'

'खुँडा भाला र डन्डाको अगाडि तेरो अस्तित्व बाँच्न सक्तैन, तेरो विस्तारित अस्तित्व पनि समाप्त गर्छौं हामी र तँलाई पनि बाँच्न दिन्नौँ ।'

'मलाई मारिहाल्न सक्तैनौ तिमीहरूले । रामप ओकल्छु र डढाउँछु भन्ने आगोले पनि अहिलेसम्म मार्छु भनेको छैन । कर्लप्पै खान्छु भनेको छैन । तिमीहरू त यसै आगोलाई स्वीकार्नेहरू, साथ दिनेहरू । फेरि तिमीहरू कसरी मार्न सक्छौ मलाई ?'

मार्छौं, तँलाईमात्र होइन, तँलाई आश्रय दिने ती सबै आश्रयीहरूलाई पनि निर्मूल पार्छौं । तेरो विमुखमा पनि तेरो पदचाप पछ्याएर हाम्रो पाइताला घोचिरहने तीखा काँडाहरूलाई पनि मार्छौं ।'

'यस कर्मले त ममात्र होइन, मेरो आडमा बाँच्ने पनि मर्छन् र उनीहरूको अस्तित्व पनि मर्छ । यसलाई अपराधको पराकाष्ठा नभनेर म के भनूँ ? एक

व्यक्ति आहत हुँदा अरू धेरैको अस्तित्व सङ्कटमा पर्नु चाहिँ विधिसम्मत हुन सक्तैन ।'

'हुन सक्छ, युद्धमा यस्तै हुन्छ । मर्ने पनि मारिन्छ, नमर्ने पनि मारिन्छ, युद्धको नियम यस्तै हो । हामी युद्ध गर्न तयार भएकै छौं भने मारिएकोमा चिन्ता किन ?'

'के युद्ध पनि एकतर्फी हुन्छ र ? यसलाई युद्धको नामकरण गर्न सकिन्छ ? म त युद्ध चाहेको छैन, शान्ति चाहेको छु । बिहान उठ्नेबित्तिकै न्यानो प्राप्त होस्, युद्धको खतरनाक घण्टी नबजोस्, बाहिरतिरबाट पनि युद्धमा सघाउनेहरूको अनुहार नदेखियोस्, अपराधीको आवाज नसुनियोस् ।'

'युद्ध सुरु भइसक्यो, तेरो बकवास सुन्दैनौं हामी ।'

'तिमीहरूले चाहेको के हो ? बरू लैजाऊ जे चाहिन्छ त्यही, तर म युद्ध गर्दिनँ ।'

'दिन्छस् हामीले खोजेको कुरा ?'

'मसँग भए दिन्छु ।'

'तैंले ग्रहण गरेको आगोको न्यानो चाहियो हामीलाई ।'

'त्यो मेरो जीवनको अभिन्न आवश्यकता हो, महत्तम आधार । जसको अभावमा म चिसिएर मन सक्छु । सजिलो छैन न्यानो दिन मलाई ।'

'त्यसो भए तैंले आगोको रापमात्र पाउँछस्, न्यानो पाउन सक्तैनस् ।'

'तर म लडिरहन्छु आगोको मतिभ्रम सुधार्न र उसको चेतनामा परिवर्तन ल्याउन ।'

'सक्दैनस् । अब तेरो अस्तित्व सिध्याउने योजना तयार भइसक्यो ।'

'हुन सक्दैन, आफ्नो न्यानोपनलाई आफैमा केन्द्रित गर्ने अधिकार मसँगै रहन्छ । आगोलाई अझ पनि म सुमार्गमा सक्छु र यथार्थबोध गराउन सक्छु, उसमा आएको मतिभ्रम बदल्न सक्छु र उसको नियत सपार्ने प्रयत्न गर्न सक्छु ।'

'हुनसक्तैन । अब के गर्ने, के नगर्ने जिम्मा हामीमा आइसक्यो । हामी त अवसरको खोजीमा थियौं । त्यो अवसर अब हामीले प्राप्त गरिसकेका छौं भने अवसर गुमाउने गलत मानसिकता अब बन्न सक्तैन । के वकिलले आफूमा आएको मुद्दा फिर्ता गर्न सक्छ । कालोलाई सेतो र सेतोलाई कालो बनाउन सक्ने वकिलको जस्तो क्षमता हामीमा पनि छ । त्यसै गर्छौं हामी पनि ।'

'होइन, तिमीहरू यसो गर्न सक्तैनौ । मेरो कुनै गल्ती छैन, जसको सजाय मैले भोग्नु परोस् ।'

'गल्ती गरेकै होस् तैंले, नत्र आगोमा तापमात्र नभएर राप किन हुन्थ्यो ? जुन तापक्रमको प्रतिक्रिया तैंले हामीलाई पनि दिएको छस् ।'

'म निर्दोष छु, आगोको रापले डढ्न लागेरमात्र प्रतिरोध गर्न खोजेको हुँ ।

त्यसैमा मेरो प्रतिरक्षात्मक परिस्थिति सृजना भएको हो । प्रतिशोधको भावना मबाट भएको होइन । यही कुरा तिमीहरूको मथिङ्गलमा नपस्दा समभ्रुदारी बिग्रेको हो । यस तथ्यलाई तिमीहरूले स्वीकार्नुपर्छ ।'

'गलत, सारा कुरा बनावटी !'

'होइन यो सर्वथा सत्य हो । देख्ने दोस्रो गवाही कोही नभए पनि आखिर भगवान् त साक्षी छ नि !'

'यस्ता वहियात कुरा सुन्ने हामीलाई फुर्सद छैन । अब निश्चित छ कि तैंले चाहेर पनि, नचाहेर पनि तँ आगोबाट मुक्त हुनेछस् । आगो नै नभएपछि आगोको तापबाट पनि मुक्त हुनेछस् । आगोको न्यानो नपाएपछि तँ बाँचे पनि के, मेरे पनि के ?'

'तर म लडिरहन्छु अन्तिम समयसम्म । मैले आगोको रापिलो तापलाई न्यानोमा परिणत गराउन प्रयत्न गर्नेछु ।'

संवाद निष्कर्षमा पुग्न सक्तैन । आगोका दिक्पालहरूको अगाडि मेरो केही लाग्दैन । अस्तित्वलाई मुठ्ठीमा अठ्याउन नसक्ने भएपछि दिक्पालहरू आगोलाई आफ्नो सोचाइबाट विचलित नहुन आश्वासन दिँदै आ-आफ्नो दिशा समाउँछन् । आगो पनि फन्किँदै संवादस्थलबाट बाहिरिन्छ ।

यसरी अस्तित्व र आगो बीचको द्वन्द्व मत्थर हुनुको सट्टा अझ चर्किन्छ । लडाइँको उपक्रम अझ बढ्ने सङ्केत जीवित रहन्छ । यसप्रकारका निर्णयले कहीं कतै पनि स्वाभिमानको रक्षा नभएको र वहसका शृङ्खलाहरूमा द्वन्द्व घट्नुको सट्टा अरू बढ्दै गइरहेका उदाहरणहरू देख्दादेख्दै पनि द्वन्द्व बढाउने प्रयास भइरहन्छ तर अस्तित्वको दृष्टिकोण बदलिँदैन । सत्यको पृष्ठभूमि छ, सत्यको आधार छ अस्तित्वसँग । त्यसैले हट्दैन त्यो सत्यको सम्प्राप्तिबाट, दासताको प्रतिकारबाट ।

उता अहङ्कारी आगो मेरो न्यानोविना अस्तित्व समाप्त हुने कुरामा दृढ छ तर, मतिभ्रम भएको परिकल्पना उसले गर्न सक्तैन । उसले यो पनि बुझेको छैन, आफ्नो पक्षमा लागेका पक्षधरहरूले मेरो हित गरिरहेका छैनन्, मलाई खाडलमा फसाउँदै छन् र आगोको न्यानो इज्जत मेटाउँदै छन् ।

यसरी चलिरहेछ आगो र अस्तित्वको युद्ध । अस्तित्व समाप्त गरेर भए पनि न्यानो विमुख गराउने पक्षमा जुटेको छ एकपक्ष र रापिएर, डढेर भए पनि स्वत्व जोगाउने पक्षमा छ अस्तित्व । सोच्दै छ, बरू यो रापले घरभित्रै तपाओस् सहनै नसकिने गरी, डढाओस् जेठ असारको सूर्यले भन्दा बढी तर अनुहार नडढाओस्, अवयव नडढाओस् र कुरूप नबनाओस् स्वरूपको ।

अस्तित्व भित्रभित्रै जल्न तयार छ तर स्वत्व हराएको देख्न तयार छैन ।

ä ã



# गणतन्त्रको घाम

लीलाराज दाहाल

विश्व नयाँ शताब्दीमा प्रवेश गरिसकेको छ ।

म पनि छिप्पिएको जाँडले मातिएको जँड्याहा झैं धर्खराउँदै नयाँ सताब्दीमा प्रवेश गरिसकेको छु । मेरो नाम चेतबहादुर । जात दलित । पेसा ढुङ्गा फुटाउने, भारी बोक्ने यस्तै । शिक्षा सात कक्षा पास । पढ्दापढ्दै घर व्यवहारको जाँतोमा पिसिएर बीचैमा पढाई छोड्न बाध्य भएको एउटा विवश नेपाली । मलाई यो देशले प्रदान गरेको मेरो परिचय, गणतान्त्रिक देशको सावभौमसत्ता सम्पन्न पिछडिएको तन्नम नेपाली रैती ।

एक दिन गाउँको चोकमा ठूला मान्छेहरू भेला भएका थिए । अबरुद्ध यात्राका उद्देश्यहीन यात्री जस्तै देखिएका थिए उनीहरू । म पनि उनीहरूको नजिकै थिएँ । मान्छेहरू देख्नलाई साँच्चै ठूला थिएनन् । कोही पुड्का, कोही मझौला भए पनि उनीहरूलाई गाउँका सबैले ठूला मान्छे मान्छन् । अतः म पनि उनीहरूलाई ठूलै मान्छे मान्दै आएको छु ।

यस्ता ठूला मान्छेहरू पहिला पनि हुन्थे, अहिले पनि छन् । यिनीहरूमा अन्तर केही पनि छैन । उनीहरू गाउँका निमुखा, गरीब र असहायहरूलाई परिस्थितिको जालमा पारेर आफ्नो स्वार्थको भकारी भर्दथे । पहिले र अहिले उनीहरूका बीचमा के फरक थियो भने पहिलेका ठूला मान्छेहरूले मजस्ता साना, सोझासिधा मान्छेहरूलाई नचपाईकन स्वात्तै निल्थे । अहिले भने चपाई चपाई निल्छन् । अँ, चपाई चपाई निल्नु प्रजातान्त्रिक तरिका हो भनेर उनीहरू दाबी गर्ने गर्छन् । उनीहरूको विचारमा नचपाईकन निल्नु बढी खतरापूर्ण काम हो । यसरी उनीहरूको स्वार्थको शासन एकछत्र चलिरहेको थियो ।

त्यसो त गाउँको चोकमा भएको उक्त भेलाबारे कसैलाई पत्तो थिएन । उनीहरू केही सीमित ठूला मान्छेहरूको बैठक थियो । उनीहरूले गणतान्त्रिक कार्यविधि अपनाएका थिए । गणतन्त्रमा पनि केही सीमित ठूला मान्छेहरूले थाहा पाएपछि अरू सानातिना मान्छेहरूले थाहा पाइरहनु जरुरी पर्दैन भन्ने मान्यताको घोडामा सबार थिए उनीहरू । मैले चाहिँ उनीहरू नजिकै पुगेर मौनताको पर्खाल भत्काएँ । मैले भेलाको जानकारी लिन अलि सानू किसिमको ठूलो मान्छेको

सहायता लिएको थिएँ । म जस्तै चौथो पटकमा सात कक्षा उत्तीर्ण र उपबुज्रुकको दर्जामा पुग्न पुग्न आँटेको रामेले पनि सोधेको थियो- 'अस्ति केको बैठक थियो हजुर ?'

रामेको अनि मेरो अनुहारमा जिज्ञासाको दियालो बलेको देखेर सानो किसिमको ठूलो मान्छे अलि पछि हटेको थियो तर ठूलो खालको ठूलो मान्छे पछि हटेन । हातमा सन्तुष्टिको छडी नचाउँदै ठूलो मान्छे अट्टहासका साथ हाँस्न थाल्यो । मनको सागरमा उठेको आनन्दको ज्वारभाटालाई शान्त बनाउँदै उसले भन्यो- 'अब फेरि हामीलाई तिमीहरूको आवश्यकता परेको छ ।'

'किन फेरि चुनाव आयो र हजुर ?' रामेले एक कदम अगाडि बढेर ठूला मान्छेतिर होइन मतिर हेर्दै सोधेको थियो ।

'त्यसो होइन रामे, चुनाव सुनाव केही आएको छैन । कुरो साधारण छ । सबै कुरा विस्तारै भनी हाल्छौं नि !' ठूलो मान्छेले आफ्नो पाइन्टमा लागेको धुलो झार्दै भन्यो र फेरि हाँसोको विमान उडाउन थाल्यो ।

ठूलो मान्छे हाँस्न थालेको देखेर म पनि हाँस्न थालेको थिएँ । म हाँसेको देखेर भाव नबुझी रामे पनि हाँस्न थाल्यो । हामीहरूको हाँसोमा आकाश जमिनको फरक थियो । ठूलो मान्छेको बल्ल बल्ल नेतामा बढुवा भएको निष्क्रिय कार्यकर्ताको दम्भयुक्त हाँसो थियो अनि रामेको आफू भन्दा बुज्रुक हाँस्दा उसको आनन्दको लागि हाँसिदिने हजुरियाको जस्तो हाँसो थियो । रामे र मलाई बाध्यताको हुरीले उडाएर यस्तो अवस्थामा ल्याइपुऱ्याएको थियो । ठूलो मान्छेको हाँसोको बाढी घटिसकेको थियो । ऊ त्यहाँबाट गइसकेको थियो । मैले ऊ पर पुगुन्जेल हेरें । किन किन मैले यतिखेर ठूलो मान्छेको सानु व्यक्तित्व देखिरहेको थिएँ ।

अघिल्लो दिनको ठूला मान्छेहरूको बैठकको कुरा गाउँका सबैले बुझे । नबुझे पनि जबर्जस्ती बुझाइए । बाटोमा ढुङ्गा, गिट्टी, बालुवा थुपारेर बाटो जिर्णोद्धार गर्नु थियो । त्यसो त बाटो ठिकै थियो । बाटोको कुनै खराबी, शिकायत थिएन । गाउँभरिका सबै घरधुरीलाई कडा उर्दी जारी भएको थियो । सबै मिलेर श्रमदान गर्नु थियो । प्रत्येक घरबाट एक एक जना मानिस अनिवार्य रूपमा उपस्थित हुनुपर्ने नियम ठूला मान्छेहरूले बनाएका थिए ।

गाउँका साना मान्छेहरू बस्ने पल्लो टोलमा बाटो पुगेको थिएन । पिउने पानीको समस्या समाधान भएको थिएन अर्थात् साना मानिस बस्ने टोलमा केही थिएन अनि ठूला मान्छेको टोलमा सबै कुरा थियो । पानीका धारा थिए । बाटो थियो । स्कुल थियो अर्थात् ठूला मान्छे बस्ने टोलमा सबै कुरा थियो । कहिले काहीं ठूला मान्छेहरू ठट्टाको कुर्सीमा बसेर भन्ने गर्थे- 'विकासले विकास तान्छ । विकास भएकै ठाउँमा गर्नुपर्छ विकास । विकास नै नभएको ठाउँमा किन चाहियो विकास ?'

ठूला मान्छेहरूको विचारमा साना मान्छेहरू बस्ने टोलमा विकास जरुरी थिएन । केन्द्रबाट आउने विकास बजेट ठूला मान्छेहरूको लागि मात्रै हो भन्ने भ्रमको महलमा उनीहरू हुर्कंदै आएका थिए । उनीहरूको कुरा सुनिसकेपछि एउटा उपबुज्रुक करायो । उसले आक्रोशको तरबार चलाउँदै भन्यो- 'बाटो त ठिकै छ । के गर्नुपर्‍यो फेरि ? कति दिन दिनु श्रमदान पनि ? फेरि एउटा टोलमा सधैं हामीले नै खटिनुपर्ने ? आफ्नो गाउँमा खट्न पाए पनि एउटा कुरा ।'

अब भने मलाई पनि अलिअलि बल मिलेको थियो । पीडाको भारी बिसाउँदै मैले पनि भनें- 'हामीजस्ता सम्पति नभएका गरीब जनताले सधैंभरि श्रमदान गरेर के खाने, के लाउने ? आफ्ना लालावालालाई के खुवाउने ? यही हो गणतन्त्र भनेको ?' त्यतिखेर म यस्तो जोडले बोलें छु कि उनीहरूले त मलाई गरीब दुखीको नेतै पो सम्झेछन् । उनीहरूको मनको तलाउमा त्रासको लहर उर्लन थालेको थियो । हैकमको पर्खाल ढल्ने भयले उनीहरू आक्रान्त थिए । त्यसैले उनीहरू भित्रभित्रै विभिन्न षड्यन्त्रका जाल बुन्न थालेका थिए । पछि उनीहरूले मलाई बोलाउन दुई जना लठैतहरू पठाएका थिए तर म उनीहरूले बोलाएको ठाउँमा गइनँ । त्यसको भोलिपल्टदेखि उनीहरूले मलाई धम्कीको लौराले प्रहार गर्न थालेका थिए ।

उनीहरूले रामेलाई पनि प्रलोभनको डोरीले बाँधेर आफ्नो समूहमा प्रवेश गराइसकेका थिए । रामले स्वार्थको डोको बोकेर मेरो साथ छोडेपछि म नितान्त एक्लो भएँ । अरू साना मान्छेहरूलाई सम्झाउनु सामान्य कुरा थिएन । उनीहरू मृत चेतनाको आदिम ओछ्यानमा मस्त निदाइरहेका थिए । उनीहरूलाई सम्झाउनु भन्दा त पहाड फोडेर समतल बनाउन सजिलो थियो । त्यसैले त यस गाउँमा सदियौंदेखि ठूला मान्छेहरूले एकछत्र शासन गर्दै आएका थिए । मलाई अब ठूला मान्छेहरूले पटक पटक धम्क्याउन थालेका थिए । उनीहरूको समर्थनमा उभिएर दासताको झन्डा उचालेदेखि गाउँमा बस्न दिने उनीहरूले मलाई पठाएको धम्कीको सन्देश थियो । दलालीको पङ्खा हम्कँदै रामे ठूला मान्छेहरूको पछि लागेपछि उनीहरूको लागि बाँकी खतरा म मात्रै थिएँ ।

देश गणतन्त्रमय भएको निकै वर्ष भइसके पनि म जस्ताले अमनचैन पाउनु आकाशको फल जस्तै भइरहेको थियो । अझसम्म म जस्ता साना मान्छेहरू उनै ठूला मान्छेहरूको पैताला मुनि थियौं । जुनसुकै सरकार आए पनि उनीहरूको धन्दामा कुनै छेकबार थिएन । जुनसुकै पार्टी सत्तामा पुगे पनि गाउँमा खासै फरक थिएन । म जस्ताको जीवन पद्धति एकै थियो । मजस्ता मान्छेहरू बकाइदा सार्वभौमसत्ता सम्पन्न भएका छौं तर हाम्रा मौलिक हकहरू उनै ठूला मान्छेहरूको दया मायामा निहित छन् ।

त्यसो त चुनाव अघि केन्द्रका ठूला मान्छेहरू कुशल र सुनौला योजना

लिएर गाउँघर सम्म आइपुग्थे। विकासको फल सर्वप्रथम निम्न वर्गका जनतालाई खुवाउने कुरा गर्थे। बडा शिष्ट, नम्र भएर भोट माग्थे। बेरोजगारी र गरिबी हटाएर समुन्नत समाज निर्माण गरी देश विकास गर्छौं भनेर कसम खान्थे अनि एकपटक हामीलाई सत्तामा पुऱ्याएर हेर्नोस् भन्थे अनि सबै जनतालाई आश्वासनको चेक बाँडेर ठूला मान्छेहरू चुनाव जिती राजधानी फर्कन्थे तर चुनावपछि फेरि गाउँ जस्ताको त्यस्तै रहन्थ्यो।

अन्तत ठूला मान्छेहरूको गाउँको बाटो जिर्णोद्वार भयो। साना मान्छेहरू ज्यान माया मारेर श्रमदान गरी भोकको तापले बाफिएर घरतिर फर्के अनि उही अभावको गाँस निलेर निद्राको अंगालोमा गुटमुटिएर उन्नत समाजको सपना देख्न थाले। पछि त ठूला मान्छेहरूले बाटो निर्माण गर्न पाँच सय जना कामदार लागेको कागज बनाए। भरपाई कागजअनुसार श्रमिकहरूले दैनिक सात सय रुपैयाँका दरले ज्याला पाए। विचरा गाउँलेहरूले आफूले दिनको सात सय ज्याला पाएको थाहै पाएनन्। कागजी व्यवहार थियो। भरपाईमा सहिछाप ठूला मान्छेहरूले नै गरिदिएका थिए। गाउँ पालिकाको यस वर्षको विकास बजेट पनि बाँकी रहेन।

उनीहरू अर्को आर्थिक वर्षको बजेट खर्च तथा योजना तर्जुमा गर्न फेरि जुटिसकेका थिए। म भने आफू सार्वभौमसत्ता सम्पन्न भएको र गणतन्त्रको घाम लागेकोमा खुसीले गद्गद् भएको थिएँ अनि मेरो गाउँमा रहेको अन्यायको झार उखेल्नका लागि गाउँलेहरूलाई उत्साहित बनाउँदै थिएँ।

मैले गाउँलेहरूलाई जगाउन जागृतिको शङ्ख जति बजाए पनि उनीहरू अझै ब्यूँझिसकेका छैनन् तैपनि मैले हार खाइसकेको छैन।

एकदिन पक्कै साना मान्छेको झुपडीमा पनि खुसीको दियालो बल्नेछ। त्यो दिन अब धेरै टाढा छैन।

वागमती ११, कर्मैया, सर्लाही।

ä ã

**शब्दार्थ प्रकाशनको वेबसाइटमा**

**वैजयन्तीका सबै अङ्क, हाम्रा सबै गतिविधि,**

**शब्दकोशहरूको सफ्टवेयर र कार्यक्रमका तस्वीर, फिलिम तपाईंका लागि उपलब्धिपूर्ण हुन सक्छन्।**

**web : www . shabdarthaprakashan . com/**
**www . nepalipublisher . com**



# पागलकी जोई

**शिवप्रसाद जैशी**

उमेर नै प्रश्न गर्ने जिज्ञासु बेला। भरखर पाँच पुग्दैको बाल मस्तिष्कले आमालाई सोध्यो- 'आमा नाम भनेको केहो ? आमाले नामको अर्थ अर्थ्याउनु भयो जाने जति। बुझाउन पनि सकेसम्म प्रयत्न गरेकै हुन्। कति बुझ्यो बुझ्यो तर मनले मानेको चाहिँ थिएन। आमाले पार्वती भनेर आफूभन्दा अलि दुई चार महिना फर्काइलीलाई बोलाउनुभयो जसलाई उसले दिदी भन्नु भनेर सिकाइएको थियो। फेरि सोध्यो- 'मेरो दिदी हजुरको पार्वती कसरी ? आमाले पार्वती नाम हो र दिदी साइनो हो। तिम्रो नाम राम भए जस्तै उसको पार्वती। तिमीभन्दा जेठी भएको र तेरा जेठा बाबाकी छोरी भएकीले दिदी। 'अरूको छोरी भएको भए के हुन्थ्यो ?' फेरि प्रश्न थपिहाल्यो। अरूसँग पर्ने साइनो अनुसार हुन्छ।

छोराका अनगिन्ती प्रश्नले जतिसुकै अप्ठ्यारो बनाए पनि आमाले भने सम्झाउने बुझाउने कर्तव्य ठानेर झिँजो नमानी उत्तर दिनुपर्थ्यो नै। प्रत्येक घटना र व्यवहारमा उसका प्रश्नले झिँजो त लाग्थ्यो नै तर पनि केही न केही जवाफ उसले पाउनै नै पर्थ्यो। उसको हक थियो अधिकार थियो। यो कुरो आमालाई थाहा नहुने कुरै भएन किनभने आमाबाहेक को पो हुन्थ्यो र एउटा बच्चाका लागि उसका जिज्ञासाहरू मेटाइदिने ?

'धमीनी, मास्टरनी, मुख्यनी, बैदार्नी पनि नाम हुन्छ र आमा ?' भन्दै खेल्दै उफ्रिँदै आयो। आमालाई अलिकति झन्झट लागेको जस्तो भएकोले यस पटक भने झर्किनुभयो। ठूलो हो न आफै सिक्छस्। मलाई कहाँ फुर्सद छ र तिमीले सोधे जति भन्ने। सबै कुरा आमाले भनेर हुन्छ कति कुरा आमाले नजानेका होलान्। छोरो मान्छे भएर हुर्किंदै जाने देश परदेश गर्ने आफै सिकेर आमालाई सिकाउने छोरो पो बन्ने त खाली आमाको पुच्छर निमोठेर पनि छोरो मान्छेको जिन्दगी चल्छ र ? जा उता जा आफै खेल आफै बुझ र आफै सिकेर आइज। फेरि सोध्यो- 'यो जिन्दगी भनेको के हो ? हजुरले भरखरै जिन्दगी भनेको होइन आफै भन्ने अनि मैले सोध्यो भनेर रिसाउने ? प्रतिप्रश्न थपिहाल्यो। जिन्दगी लामो हुन्छ बुझिस् ? सबैको आफ्नो आफ्नो हुन्छ, कसैको राम्रो हुन्छ, कसैको नराम्रो हुन्छ। कसैको लामो कसैको छोटो। फरक फरक

हुन्छ । तिमी बढ्दै जाँदा तिमीलाई सुख दुख के के आइलाग्छ त्यो नै जिन्दगी हो ।

'भनेपछि यो जिन्दगी था पाउन अहिले सक्दिन है ?' भन्दै बसिराखेकी आमाको काखमा मुन्टो राख्यो देब्रे खुट्टा खुम्च्याएर घुँडा ठाडो पर्‍यो त्यो घुँडामाथि दाहिने गोडाको कुरकुच्चा राखेर खुट्टा ठाडो पारेर हल्लाउँदै पल्टियो । उसको बसाइ पल्टाइ देख्दा लाग्थ्यो ऊ संसारकै ठूलो ठाउँमा बसेको ठूलो मान्छे हो । ऊ स्वर्गमा बसेको छ । ऊ आनन्दित मुद्रामा छ । ऊ त्योभन्दा उत्तम ठाउँ कतै प्राप्त गर्न सक्ने छैन । यो नै अन्तिम सत्य हो जहाँ पल्टेर उसका सबै आकाङ्क्षाहरू पूरा हुन्छन् । सुरक्षित ठाउँ । कसैले डस्ने, आँखा लगाउने, भोको रहने सम्भावना नै छैन अर्थात् सम्भ्रान्त ठाउँ । सक्छस्, मान्छेले के के भोगी राखेका छन् त्यो देखर सुनेर बुझी हाल्छस् नि एकै चोटी सबै चीज कहाँ था हुन्छ र ? आमाले मुन्टो मुसार्दै भन्नुभयो । 'दिदीको नाम पर्वती एकै चोटी जाने जस्तो हुँदैन र ?' आमाको च्यूँडोमा दाहिने हातले अलि अलि निमोठ्दै फेरि सोध्यो । नाम जस्तो हुन्न जिन्दगी मैंले भने नि लामो हुन्छ मान्छेको भोगाइ नै जिन्दगी हो कुनै मान्छेको भोगाइ बुझ्यौ भने अनि जानिन्छ जिन्दगी क्या ।

कसको भोगाई जान्दा राम्ररी बुझिएला यो जिन्दगी भनेर मनमनै सोच्यो तर यो प्रश्न आमालाई तेर्स्याएन । आमाबाट के जवाफ आउथ्यो थाहा भएन । साइनो र नामहरू आमाले भने अनुसार नै बिस्तारै छुट्याउन थाल्यो । धनाकी बुहारी, मनाको जेठी, नरेकी भाउजु, गानेकी आमा, धन्तेकी जोई, पुनाको पोइ, बासुका आमाबा यस्तै यस्तै सुन्दै गयो बुझ्दै गयो । आमालाई भने फुर्ती लगाएर भन्न मन लाग्थ्यो र भन्थ्यो पनि जे जे सिक्यो ।

बाटगौडा, पानी पँधेरा, मेला पाततिर बढी काम आउँदा रहेछन् । यी नाम र साइना जस्तो हुदै गयो रामेलाई । ठूलो स्वरले जेठी आमाले ए रामेकी आमा भनेर बोलाको पनि सुन्ने नै भयो । भाइ र बहिनी पनि जन्मिसकेका थिए तर सबैले रामेका बाआमा भनेर बोलाउँथे । रामेलाई भने बाआमा त यो भाइ र बिहिनीका पनि हुन तर मान्छेहरू रामेका बाआमा मात्र भन्छन् जस्तो कताकता मनमा लाग्थ्यो तर विवाद चाहिँ गर्दैनथ्यो ।

बौलाहकी जोई आई छिटो छिटो हिंड् । देख्नुपर्ने भयो ठेस लाग्न सक्छ भन्दै सबै पधेर्नीहरूले आफ्नो आफ्नो पानीको गाग्री उचाले मुन्टोमाथि पटुकाको गोलो सिरूडो बनाएर राखेको ठाउँमा राखे । गाग्री ठूलो भएर उचाल्न गाह्रो भएकालाई एक अर्काले सघाए कुलेलम ठोके आफ्ना आफ्ना घरतिर । सँगै घर परेकाहरूले जारी राखे तिनका अन्तहीन गफहरू । छुट्टिनेहरूले भोलिलाई साँचे होलान् ।

बहुलाकी जोई आई अरूले जस्तै उसको कुच्चिएको गाग्री धारोमा राखी अलिअलि पानी राखेर हातले धोई गाग्रीको मुख तलतिर पारेर पानि फाली । धारामा थापी । पानिको धारा गाग्रीभित्र पर्दा आउने आवाज परबाट सुनिँदै थियो । गाग्री भरियो र जुरुक्क उचाली । माथितिर बढी भएको पानी दाहिने हातले छप्ल्याक छप्ल्याक गर्दै दुई तीन पटक फ्याँकी । जुरुक्क उचाली दाहिनेतिर उसको कम्मरको पटुकामाथि राखेर दाहिने हातले गाग्रीको मुखतिर हात बेरी शरीर देब्रेतिर ढल्यो ऊ लमक लमक हिँडी । सायद उसको घर नजिक भएर कपालमा नबोकेको हुनुपर्छ भनेर रामेले धाराबाट अलिकति माथिको तिनुको रूखको बीचको हाँगाबाट अनुमान लगायो ।

राम्ररी तलदेखि माथि उनको जीउमा आँखा गाडेर हेऱ्यो । मान्छे अघि पानी बोकेर जाने पधेर्नी जस्तै देख्यो । अनुहार आँखा, नाक, कान, गोडा, जीउ, हात, कपाल, कपालमा भएका रौं उस्तै दुरुस्तै । अघि पानी बोकेर जानेमध्ये धेरै अलि अदुराना बुढिन लागेका जस्ता त्यो त बैंसालु जस्ती, भरखरकी जस्ती, त्यति हो फरक । शरीरबाहेक अरू थोक पनि हेर्न थाल्यो । अघिल्ला पँधेर्नीले बोक्ने गाग्री तामाका गोला गोला एकै आकारका सग्ला नकुच्चिएका । लुगा पनि सग्ला नच्यातिएका । फुली, खण्टो, बाली, चाप्की दुई जनीका ढुङ्ग्री पनि । कपालमा घुता भएका डोरी पनि तर यिनका भने गहनाको नाउमा नाकमा झुन्ड्याएको त्यो पनि सेतो खालको देख्यो । कपाल नकोरेको जिङ्रिङ परेको चुल्ठो नपारेको । खैरो बटौलिको गुन्यूँमा विभिन्न ठाउँमा टालो लगाएर सेतो धागोले टामेको । पटक पटक च्यातिएर अर्को कपडा गाँसेर सिलाएको दुरुस्त । चोलोको हालत पनि त्यस्तै । गाग्री उस्तै । गाला भने अलि पोटिला । बैंस नसकिएका जस्ता ।

धारामा मान्छे कोही थिएनन् । रामे रूखबाट ओर्ल्यो । उबडखाबड ढुङ्ग्यान बाटोमा हिँड्दै घरतिर लाग्यो । पानीविनाको खोल्सोमा ढुङ्गैढुङ्गामा टेक्दै अघि बढ्यो । खोल्सो सकिने बेला मान्छेबाहेक अरू गाईबस्तु नजाउन् भनेर चिनिएको बान्नु माथि उक्लिँदै थियो । रामेको आँखा एउटा अलग्गै मान्छे माथि पऱ्यो । कहिल्यै नदेखेको । अरूभन्दा फरक । एउटा पुरानो थोत्रो लुगा काँधमा झुन्ड्याएको । नाङ्गो जीउ । तलतिर थोत्रो कछाड लगाएर लाज छोपेको मान्छे घरको आँगनदेखि पर गराको डिलमा एकोहोरो बसेको छुट्टै । ऊ बसेको नजिकैको घरभित्र पस्दै थिइन् ती अघि देखिएकी एक्ली पँधेर्नी अर्थात् अरूले भन्ने बौलाहाकी जोई ।

रामे आफ्नो बाटो अघि बढ्यो । मनमनै आफै के के बोल्दै गयो । यो साइनो यो नाम पनि कसरी भएको होला । आज फेरि नौलो साइनो बौलाहाकी

जोई भन्ने सुनियो। फरक फरक के होला जस्तो मनमनै गुन्दै थियो।

'रामे' भन्ने डाँको लगाएको सुन्यो। आमाको डाँको दुरुस्तै पहिचान्ने नै भयो। 'हजुर' भनेर ऊ पनि कुर्ल्यो। हतारहतार कुद्यो नजिकै भएको दशी पेश गर्न। आमाको बोलावट रोकिएको थिएन। नजिक पुग्नै लाग्दा उसले आमालाई देख्यो आमाले आँखामाथि दाहिने हातको छानो बनाएर आँखालाई तिखार्दै उसैलाई हेरिरहनुभएको देख्यो।

घर पुग्ने बित्तिकै आमालाई कुनै कुरा सोध्न आँट गरेन। मनमनै आफू टाढा गएकोले दोषीजस्तो हो सोचेकै थियो। टोलाए जस्तो टुक्रुक्क बसिरह्यो। आमाले अनुमतिविना भागेको रिस पोख्दै उसको मुन्टो म'सार्न थालिन्। अर्काकी आमाले दूधभात दिएको र आफ्नी आमाले मुन्टो मुसारेको एउटै हो बुझिस् आमाले भनिन्। उसको शरीरभित्र आमाको माया सरर पसेको अनुभूति गऱ्यो। केटौले चञ्चलता त छँदै थियो। त्यो भन्दा पनि रामेले भरखरै देखेको दृश्यको कुतूहलता मेटाउनु थियो। कौतूहल मेटाउने आमाबाहेक को थियो र ?

उसले जिज्ञाशा राख्यो- 'आमा पागल साइनो हो कि नाम हो ?'

किन ?

भन्नु न, नभन्ने ?

कहाँ सुनेर आइस् ?

जदिका धारामा।

कसले भन्यो ?

धारामा पानी भर्नेहरूले।

कसलाई ?

एउटी आइमाईलाई धारामा पानी भर्ने पँधेर्नीहरूले बौलाहकी जोई आई छिटो छिटो जाऔँ भनेर उसलाई टाढाबाट आएको देख्ने बित्तिकै आफ्ना गाग्री उचालेर हिँडे।

भगेकी जोई होली त्यसो भए।

भगेकी जोईलाई भगेकी जोई नभनी बौलाहकी जोई किन भनेको ?

भगे पागल भएको छ बाबु। लामो सुस्केरा हाल्दै त्यसको पोइ भगे पागल भएदेखि त्यसको जिन्दगी बिग्र्यो दुःख पाएकी छ। ती साना छोरा पाल्न त्यो आइमाईलाई कम दुख छ ? कसैको ओखल जाँतो गर्छे। कसैका मेलापात। कसैको घाँसदाउरा गर्दै दुई लालाबाला पालेकी छे। उसका दुःखमा अरूले नुनचुक छर्केर झन् दुःख दिन्छन्। बाबै यस्तै हो मानिसको जिन्दगी। कसैलाई हाइसुख कसैलाई हाइदुःख। दुखारी हो विचारी। नपाउने दुःख पाई। सद्दे लोग्ने भएको भए कसले हेला गर्थ्यो र ? लोग्ने देश परदेश गर्दो हो। लुगाभोटो गुन्युँ

चोलो ल्याउँदो हो । कसैको खेतबारीमा काम गरेर कमाई ल्याउँदो हो ।

बिगार्नु त कसैको बिगारेको छैन । गाली बेइजती पनि गर्दैन, नराम्रो केही बोल्दैन चुपचाप एकोहोरो बस्छ । अरू बौलाहाजस्तो आइलाग्ने जाइलाग्ने केही पनि गर्दैन । झैँझगडा पनि गर्दैन भगे तर के भयो के भयो ? शरीरमा लुगा लगाउने, काम गर्ने, केही थाहा पाउँदैन । खुबै राम्रो थियो त्यसको ज्यान । काममा पनि त्यस्तै, जे अह्रायो त्यही गर्ने । कसैका मुख नलाग्ने सोझो । बहुत सोझो, भनेको मान्ने । दैव पनि कति निष्ठुरी त्यस्तैलाई पागल बनाउने । देउता पनि कस्ता जो राम्रो उसकै जिन्दगी लुटेजस्तो । परजुनीको पाप पो थियो कि ? त्यसका ती लालाबाल कसरी पाल्ली खै भन्दै आमा सबै काम बिर्सेर एकोहोरो बोल्न थाल्नुभयो ।

पागल कसरी हुन्छ आमा ?

दिमाग बिग्रेपछि पागल हुन्छ ?

पागल हुनु पनि जिन्दगी हो ?

हो । पागल हुनु पनि जिन्दगी हो । मान्छेको जीवनमा आईपर्ने कठिनाइ, भोगाइ, सुख दुःखको समग्र कथा नै कुनै पनि मानिसको जिन्दगी हो । त्यो जिन्दगीलाई बुझेर मानिसको सम्मान इज्जत गर्नु, हेला नगर्नु नै सच्चा मानवको काम हो । त्यस्तो राम्रो कामले नै मानिसलाई असल बनाउँछ ।

अस्ति नै मलाई ज्वरो आएर म बिरामी हुँदा बुवाले मलाई मङ्गलसेन लिएर सुई लगाएर मेरो ज्वरो निको भए जस्तै त्यो भगेको बौलाहा रोग निको हुदैन ?

थाहा छैन । ज्वरो जस्तो गोली खाएर सुई लगाएर के निको होला बाबै, त्यो ज्वरो आउने त रोग हो । बौलाउने त रोग कहाँ होला र ? यो त दिमाग बिग्रेर हुने हो । त्यसको ओखतीमूलो हुँदैन होला । देवी देउताको छल वा परजुनीको पाप केही हुन सक्छ । त्यसै बहुलाको हुन्थ्यो र ? आमा रोकिनुभएन- त्यो भर्खर हाम्रा धान कुटेर गएकी हो । मैले अलिकति धान दिएर तिम्रै घरमा कुटेर छोरालाई भात खुवाउनु भनेकी थिएँ । उसले भात पकायो भने धरै खाइदिन्छन् पुग्दैन बरु मकै दिनु मकैको रागा पकाएर खुवाउछु भन्थी । आज भातै खुवाउ भनेर पठाएँ । दुई चार ढिका नुन, दुई मुठी दाल, दुई चार ढिँडा खुर्सानी पनि दिएकी थिएँ । आज भगे र छोराहरूलाई भात पकाएर खुवाउली भोलि कसका दाउरा जानु छ भन्थी । पर्सि हाम्रामा आइज खर काट्नु छ भनेको छु, आउली ।

आमा खाना पकाउन थाल्नुभयो । भाइ र बहिनीलाई पालैपालो भात आफ्नै हातले खुवाउनुभयो । रामेलाई भने थालमा हालेर आफै खाउ भन्नुभयो । भात खाँदाखादै अध्यारो भयो । अगेनोको आगोमा भाइ र बहिनीलाई सधैँ जसो

तेल तताएर आगोमा हात ताप्दै सेकाउनुभयो। रामे भने ओछ्यानमा पल्टिसकेको थियो। पल्टेर कस्तो होला त्यो दुखारीको घर, आमाले भनेको दुखारीको घर हेर्न कसरी जानेहोला भन्ने कुरा सोच्दासोच्दै रामे निदायो।

रामे सुटुक्क घरबाट बिहानै उठेर हिँड्यो। पागलकी जोईको घर कस्तो होला भन्ने कुतूहलताले उसलाई सोच मग्न बनाएको थियो। ऊ बिस्तारै घर भित्र छिऱ्यो। ठूलो मान्छे भए निहुँरिएर छिर्नुपर्ने उसको घरमा रामे निहुरिनु परेन। ढोका साँगुरो लाग्यो। यो साँगुरो ढोकामा ठूला मानिसहरू कसरी छिर्दा होलान् जस्तो भयो उसलाई। कोठा पनि साँगुरो नै थियो। उसको आफ्नो घरको उज्यालो जस्तो। सानो अगेनो थियो। अगेनोको छेउमा उनका दुई छोरा एउटा ऊ भन्दा ठूलो र एक ऊ जत्रै सानो पूरै रङ बदलिएको झुत्रा निस्किएको दरीमा पूरै टाउको घुँडाभित्र पारेर र कुकुर सुतेजस्तै बेरिएर सुतेका थिए। ओडेको केही थिएन। च्यातिएका झुत्रा झुत्रा भएका लुगामा धेरै ठाउँमा प्वाल परेका र फेरि जतन साथ अर्को टालो लगाएर टालेका देखिन्थे। कान्छोको पिठ्युँ पूरै देखिन्थ्यो उसले लगाएको जाँघे चिने जस्तो भयो रामेलाई।

रामेले नियालेर हेऱ्यो, त्यो त आफ्नै थियो। पुरानो भयो फाटो भनेर आमाले अर्को फेरेपछि कता गयो भनेर सोचिरहेको त्यता पो पुगेको रहेछ। जाँघे च्यातिएको मात्र थिएन। च्यातिएको भागबाट उसका पछाडिको केन्द्र भागबाहेक अरू सबै देखिन्थ्यो। केन्द्र भागमा भने लामो सुर्को धोती जस्तो बचेकोले लाज छोपिएको थियो। उसले पूरै कोठा नियाल्यो। कोठामा केही सामान थिएन। एउटा झुत्रो लुगा अलि पर थियो सायद यो उनीहरूकी आमाको थियो। अलि अलि भाँडाकुँडा, ताउलो, डिबे, डाडुपन्यु, कच्याककुचुक परेका खुराका दुई थाल र दुई पुराना बटुकाबाहेक अरू केही थिएन। पूरै नियाल्न नपाउँदै तिनीहरूकी आमा आइपुगी र भनी- 'अहो ! तिमी ह्याँ किन आएको ? यो घरमा तिमी पस्न हुन्न नि अरूले थाहा पाए के भन्लान् ? यो घर त छुई हुने घर हो, तल्लो जातको घर हो र तिमीहरू माथ्लो जातको मान्छे यहाँ पस्यौ भने जात जान्छ। जाऊ जाऊ छिटो कसैले नदेख्ने गरी घर गइहाल। कसैलाई पनि यो घरमा पसेको नभन्नु। यहाँको पानी खाएको भए के हुन्थ्यो। जात गइहाल्थ्यो, किन आएको ?' उनले एकोहोरो बोलिन्। म तुले र गोरेलाई भेट्न आको भन्यो रामेले। घरमा नभेट्नु बाहिर भेट्नु भनिन् उनले।

रामेले सोच्यो यो तल्लो जात र माथ्लो जात भनेको के होला ? कसैको पानी खान हन्नु भनेको के होला ? आमालाई सोध्न पनि कति सोध्नु ? नसोधी कसरी जान्नु ? आमा जिन्दगी जान्नुपर्छ भन्नुहुन्छ। मेले कहिले जिन्दगी जानी सक्ने होला ? रामे मनमनै सोच्दै घरतिर लाग्यो।

आमा मेरो त्यो पुरानो लुगा कता छ खै ? रामेले सोध्यो

किन, के चाहियो तँलाई ? नौलो लुगा भए पुगेन, आमाले भन्नुभयो । त्यत्तिकै सोधेको रामेले भन्यो ।

तिम्रो पुरानो लुगा त्यो तुले र गोरेलाई दिएको । विचरा नाङ्गै थियो । यसो टालेर लगाउला भनेर उसकी आमालाई दिएँ । तिमीलाई त तिम्रा बाले नयाँ पठाइहाल्छन् नि के को चिन्ता ? आमाले फेरि थप्नुभयो ।

रामेको कुतूहलता भने पागलकी जोईतिर नै मोडियो । जता पागलकी जोई जान्छ रामे त्यतै हिँड्न थाल्यो । पागलकी जोईले थाहा नपाउने गरी रामे उसको चियो चर्चो गर्न थाल्यो । रामेलाई उसको जिन्दगी पढ्न मन लाग्यो ।

पागलकी जोई र हर्केकी जोईसँगै जङ्गलतिर रामेकै घरबाट गइरहेका देख्यो रामेले । रामे पछि पछि लाग्यो उनीहरूले नदेख्ने गरी । रामेले थुप्रै प्रश्नको जवाफ खोज्नु थियो । लाग्यो पछि पछि ।

उकालो उक्लँदै पागलकी जोईले भनी कठै मेरा जसो दुःख अरू कसैको नहोस् । बहिनी तिम्रा त लोग्ने सद्दे छन्, देश प्रदेश गर्छन् । छोराछोरीको लुगा भोटोको चिन्ता छैन । म राँडलाई यी दुख कताबाट आइलागे । भर्खर चौध पन्ध्र वर्षकी थिएँ, बैंसले समात्यो । अरू सबैका जसो खेलतिर लागेँ । यो पागल कति राम्रो ज्यान भएको थियो । मनमा कुतकुती लागे जस्तो हुन्थ्यो । श्रीमान् पनि रात आधारात मेरा माइततिर धाउन थाल्यो । उसलाई जति देख्यो त्यति माया बस्न थाल्यो । बिस्तारै मलाई उसैको मात्र यादले सताउन थाल्यो । बाआमालाई भन्ने कुरा पनि थिएन । त्यतिबेला म यसको जिउडाल बोली वचन हेराई रूपरङसँग लठ्ठिएँ । उसलाई नदेख्दा मलाई खान पनि मन नलाग्ने भयो ।

राती समय मिलाएर ऊ राजाको कोटनेर आउँथ्यो । म घरको बाहिर सुत्छु भनेर अड्डी लिन्थे । ओछ्यानमा मान्छे जस्तै काठको मुडो सुताएर ओड्ने ओडाएर हिँड्थेँ । आमा बाले त्यही मुडोलाई छोरी सुतेको ठान्थे । हामी दुवै मायामा हराउँथ्यौँ । राती नै ऊ ओरालो लाग्थ्यो । म सुट्क्क घरमा गएर मुडो हटाएर सुत्थेँ कसैले पत्तै पाउँदैन थिए । दिउँसो पनि भेट हुन्थ्यो ।

एक दिन अब यसरी कति दिन लुक्नु भनेर त्यो मुडो सुताएर म यिनको साथ लागेर यिनको घर भित्रिएँ । तिनले खोजखबर गर्नु अगाडि नै मेरा ससुराले मेरो छोराले हजुरको छोरी भगाएर ल्याएछ भनेर खबर पडाइदिए । माइतीबाट पानी चल्नेकै छोराले भगाएको । केटो पनि राम्रो 'दूध केमा भातमा' भन्दै खुसी मनाए । नाइँ नास्ती भएन, घरजम राम्रै चल्यो ।

रामे पछि पछि सबै कुरा सुन्दै थियो । हर्केकी जोईले केही बोल्न पाएकी थिइन । बेला बेला ऊ कुरा राख्न चाहन्थी तर पागलकी जोईको कुरा बढी

चाखलाग्दो गरी सुनेको सुन्यै हुन्थी । उनीहरू घाँस काट्ने मेला नजिकको चाक्लो ढुङ्गामा बसे । मेरा त भगावान्‌का प्रतापले अहिलेसम्म ठिकै छ, हर्केकी जोईले भनी ।

यो सुनेर पागलकी जोईले लामो सुस्केरा हाली र आफ्नो कथा फेरि सुरु गरी । म आएको एक वर्षमा मेरो गर्भमा तुले आयो । खुसी छायो । तुलेलाई पाएपछि मेरा पोइले राम्रै स्याहार सुसार गरे । आफैले तेले भात पकाएर खुवाए । भाले काटेर पनि खुवाए ।

छोरो दुई वर्षको हुने बेलासम्म सँगै हाँस खेल गरेर बसियो । अरूका मेलापात गरेर भए पनि अन्नपातको समस्या भएन । हलिया बसेर भए पनि सुख सयलमा बित्यो जिन्दगी । भगे भनेपछि सबै गाउँले माया गर्ने । कामिलो केटो भन्थे । सबैको सहयोगी भगे मेरो लोग्ने नै थियो ।

लामो सुस्केरा हाली भगेकी जोईले र भनी एक दिन मेरो जिन्दगीमा ठूलो झड्का लाग्यो । त्यो पनि मन अलि गह्रौं भएका बेला, वाकवाक लाग्दै थियो । कताकता अर्को पनि पेटमा आयो कि जस्तो हुँदै थियो । अचानक मेरो लोग्नेले म पनि परदेश जान्छु । बर्खामा बालीनाली लगाउने बेला कसैको खेतिपाती गर्ने काम त छँदै छ । हिँउदमा भने अरूजस्तै म पनि परदेश गएर लुगाभोटो कमाएर ल्याउँछु । सबैले भन्दै छन्- लोग्नेको जात भएर कमाई धमाई केही छैन घरमा बसेको छ । मलाई पनि केही यसो कमाउन मनलाग्यो । फागुनसम्म आउँछु त्यति बेलासम्म तिमीले दुःख गर्नु । अनाज पानी तिमी आमाछोरालाई पुग्ने छँदै छ । अरू दुःखको बेला छैन ।

मलाई पनि लोग्नेको कुरा ठिकै लाग्यो मनले नमान्दानमान्दै लोग्नेको जात कति घर बस्नु एकजोर भए पनि नौलो लुगा लगाउन पाइएला जस्तो भयो । हुन्छ भनी दिएँ । त्यो दिन नै मेरो जिन्दगीमा भूइँचालो भएर आयो । पहिरो भएर आयो । खहरे खोला भयो र सबै थोक बगायो, भत्कायो । मेरो जिन्दगी उजाड बनाएर गयो । खडेरी पारेर गयो । मेरो जिन्दगीलाई कर्नालीको भाउरे कुनु बनायो, कहिल्यै तर्न नसक्ने । घुमाएको घुमाएकै मात्र गऱ्यो । फनफनी घुमाउँदै छ अझै । चैत वैशाखको हुरीढाँडो, हुरी बाबियो बनेर फनफनी घुमाउँछ तर उडाउँदैन । अब आउने हुरीले मलाई नघुमाइकन उडाएर लिई जाओस् भनेर कति पटक भाकल गरेँ अहँ तर भएन । जिन्दगी आशमा होइन सासमा झुन्डिएको छ ।

मेरा लागि जुन हराए, तारा हराए । औंसीबाहेक पूर्णिमा कहिल्यै आएन । उजेलो पक्ष हरायो मात्र अँधेरो पक्ष आयो । घाम लागेन । दिन अस्ताए र कहिल्यै उदाएनन् ।

हर्केकी जोई चनाखी भएर सोधी अनि के भयो ?

के हुनु आज जे छ त्यही भयो । फागुनमा लोग्नेको शरीर फर्क्यो, अरू केही आएन । उनी होस् हराएर आए, आफ्नो शरीर सम्हालन् नसक्ने भएर आए । छोरो नचिन्ने भएर आए, जोई नचिन्ने भएर आए । लुगा नलगाउने भएर आए । दिमागले काम नगर्ने भयो । दिमागले काम नगर्दा शरीरले कसरी काम गर्थ्यो । उनी पागल भएर आए । बौलाहा भएर आए । म पागलकी जोई भएँ । छोरो पागलको छोरो भयो । मेरा पेटमा भएको बाहिर ननिस्केको बच्चालाई पागलको के जन्मिन्छ होला भनेर गाउँलेहरू भन्न थाले । हामी पागलको कविला भयौं । भगे नाम मेटियो । मेरो नाम त कहिल्ये थियो र ? ऊ डाँको छोडेर रूँन थाली हर्केकी जोई सम्झाइराखेकी थिई तर ऊ कसरी सम्झिन्थी र ?

रामे भने यति सुनिसकेपछि हिँड्यो । जुनबाटो आएको थियो त्यही बाटो फर्कियो । उसका पनि मसिना आँसु आँखाबाट झरे । पागलकी जोईको जिन्दगी सुनेर । बाटोभरि यादमा हरायो । अब रामेलाई थप चियो चर्चो गर्नु थिएन । धेरै जान्नु पनि थिएन ।

रामे पागलकी जोईको जिन्दगीको कथा सम्झिँदै आफ्नो काममा अघि बढ्यो । उसका बाआमाले भने झौ पढ्यो । पढ्दा पढ्दै स्कुलको पढाई सकिएपछि बाको बम्बैबाट आको रैवार अनुसार झोला बोकेर लाग्यो राजधानीतिर ।

आमाको आशीर्वाद लिएर रामे काठमाडौं पुग्छ । नेपाल कमर्श क्याम्पसमा भर्ना भएर पढ्न थाल्यो । शङ्खमूलको डेराबाट आउजाउ नजिकै थियो । काठमाडौंको रमझममा बिताउदै घुम्दै फिर्दै थियो । नौलो अनुभव हुँदै थियो । एक दिन घुम्ने क्रममा ऊ लगनखेल पुग्छ बसपार्कमा बसबाट ओर्लेर र यताउता हेर्दै गर्दा मानिसक अस्पताले लेखेको देख्छ । विभिन्न नाराहरूजस्ता लेखिएका भित्तामा मानसिक रोग कुनै पाप देवी देउताको कारणले नभई समान्य रोग हुनसक्छ उपचार गरी नियमित औषधी सेवनबाट यसको उपचार सम्भव छ लेखेको देख्छ ।

उसलाई भगेको सम्झनाले छोडेको त कहिल्यै थिएन तर आज झन् मानसिक अस्पतालले सम्झायो । उसलाई भगेसँगै सम्पूर्ण गाउलेहरूलाई सम्झ्यो । भगेकी जोई, उसका छोरा, सम्पूर्ण गाउलेहरू सम्झ्यो । बिर्सन सकेन । आमालाई चिठी लेख्न थाल्यो ।

पुजनीय आमा साष्टाङ्ग दण्डवत् !

हजुरको आशीर्वादले आराम छु । हजुरहरू लगायत सम्पूर्ण गाउँलेहरू पनि सन्चै हुनुहुन्छ भन्ने आशा छ । म काठमाडौंमा राम्रैसँग साथीहरूसँग मिलेर बसेको छु । पढाइ पनि राम्रै चल्दै छ । खर्चपर्च पनि छँदै छ । अहिलेलाई चल्छ ।

चाहिएमा खबर पठाउला। अहिले भने अर्कै कामले चिठी लेख्दै छु।

आमा हाम्रो गाउँको भगे काका हुनुहुन्छ नि तिनको उपचार हुँदो रहेछ। ललितपुरको लगनखेलमा पागल भएका मान्छेको पनि उपचार हुँदो रहेछ आज म घुम्दै जाँदा अस्पताल देखें अनि हजुरलाई चिठी लेखेको हो। भगे काकालाई कसैसँग तुरुन्त यो चिठी पाउने बित्तिकै पठाइदिनुहोला उनको उपचार गर्नुपर्छ। अहिलेलाई बिदा पाउँ।

हजुरको प्यारो छोरा रामे

रामेले चिठी लेखेर सुनधारा पुग्यो। हतार हतार ऊ बस चढेर पुगेको थियो। रजिष्ट्री गरेर चिठी पठायो। फर्कन हतार थिएन, ऊ लुखुक लुखुक हिँड्दै गयो अलिकति आशा बोकेर भगे काकाको उपचार हुने सम्भवना बोकेर।

रामे पर्खिरह्यो। अर्को कुनै माध्यम नभएकोले चिठीको जवाफ आउला वा भगे काकालाई ल्याएर उसको जेठो छोरो तुले आउला जस्तो सोच्दै थियो। दिनहरू बित्दै गए, महिना पनि बिते। भाद्र ५ गते नेपाल कमर्श क्याम्पसमा रामेको घरबाट चिठी आइपुग्यो। चिठीमा लेखिएको थियो।

प्यारो छोरा शुभ आशीर्वाद

हामी सबै ठिकै छौं। गाउँघर परिवार सबै ठिकै छ। तेरा बा बम्बैबाट आएका छैनन्। पहिलेको बजारमा रातभरि डण्डा हानेर मानिस जगाउने चोर भगाउने नौकरी चोरहरूले लात हानेर भकुरेपछि डरले छुट्यो रे! अर्को एक धनीको ठूलो गेटमा चौकीदारकै नौकरी गर्दै छु भनेर चिठी आएको थियो। अब खर्च थोरै गर्नु पहिलेको बजारको जस्तो एक धनीको नोकरीमा हुँदैन। पगार कम छ भनेर बिन्ताल्लाका मान्छेहरूसँग रैवार पठाउनुभएको थियो। बाबै खर्चमा कटौती गर्नु। काहीँ मिल्छ भने सानो तिनो नौकरी गरी आफ्नो गुजारा आफै चलाउनु यता भाइ र बहिनीको पनि खर्च बढेकै छ।

तिमीले माघ १६ गते पठाएको चिठी मैले आज जेठ १८ गते पाएँ। तिमीले चिठी लेखेका दिनसम्म ठिकै थियो। अरू विराम केही थिएन। पहिलेको जस्तै उस्तै टोलाएर बस्थ्यो लुगा काँधमा पहिलेको जस्तै झुन्ड्याउँथ्यो। फागुन १६ गते तिमीले चिठीलेखेको ठीक एक महिनापछि अकस्मात एकाबिहानै भगे बाउखोल्लेका धारामाथिको चौरको ढुङ्गोमा आधार लागेकै ठाउँमा मरेको भेटियो। दाह संस्कार गाउलेले गरे। जेठो तुले कता बम्बैतिर छ रे! ऊ आएन। कान्छो गोरे पाँच वर्ष अघि मनेश काला पहाडतिर गएको फर्केको छैन। भगेकी जोई भगे मरेको पैँतालिस दिनसम्म काजक्रियामा बसी। सकेको सबै गरी। आज पन्ध्रदिन भयो कता गई कता केही थाहा छैन। गाउँलेहरू कसैलाई केही नभनेर हिँडेकी हो रे! घरको ढोकामा ताल्चा पनि नलगाई हिँडी भनेर उसका पल्ला

घरकाले भनेका खोज खबर गर्ने कोही छैन । फर्केर आउली कि नआउली थाहा छैन । यस्तै हो सबका जिन्दगी पढेर कहाँ सम्भव छ । आफ्नो परानीको ख्याल गर्नु । सबैका परानिको ख्याल गर्न त राजा हुनुपर्‍यो । मन्त्री हुनुपर्‍यो । राजाले प्रजाको ख्याल गर्ने हो मान्छेले त कहाँ सक्छ ?

सबै मान्छेले आफ्नो आफ्नो ख्याल गर्न सके अरूको के सहायता चाहिन्थ्यो र ? नसकेरै राजा चाहियो, सरकार, एम पि चाहियो भन्या होला । मलाई यस्तो कुरा के थाह छ र ? थाहा पाउलास् कि भनेर तँलाई राजधानी पढ्न पठाको हो । गाउँ घरको खैखबर गरिस् । राम्रै गरिस्, फेरि पनि गर्नु । नभुल्नु । परार साल हाम्रा अछामबाट चुनाव जितेर गएका दुईजना एम पीमध्ये एउटा त फलफूल मन्त्री भएका छन् रे ! यो कुरा आफै सक्ने भए राजालाई आफै भन्नु नसक्ने भए ती एम पि र मन्त्री मार्फत राजालाई भन्न नबिर्सनु । तिम्रा राज्यमा मान्छेहरू ओखती मूलो नपाई पागल भई ज्यान फाल्न बाध्य छन् । काजक्रिया गर्न पैसा नपाएर भौंतारिँदै भाग्छन् । गाउँघरमा आम्दानीको स्रोत नभएर काला पहाडको पखान फोरेर बाटो बनाउँछन् । बम्बै गएर चौकिदारी गर्छन् भनेर भन्नु । यति भन्न नसक्ने भए तँ पाजीलाई तेरा बाले बम्बैको नौकरी गरी राजधानी पठाको के काम ?

आजकाल हाम्रा गाउँमै स्कुल खुलेकोले ह्याँ चिठी लेख्ने र उपचार गर्ने मान्छेको कमी छैन ।

राम्ररी बस्नु, झैंझगडा नगर्नु । सबैलाई आफ्नो बनाउनु कसैको केही नबिगार्नु ।

२०४६ जेठ १८ गते तेरी आमा ।

आमाको चिठी पढेपछि रामे टोलायो । आमाले लेखेको अरू सबै कुरा बिर्सेर उसको मनमा एउटै कुरा खेल्यो । तिनी पागलकी जोई भन्ने नाम पाएकी काकी कता गई होलिन् । तिनको वास्तविक नाम के होला ? कतै अन्त गएपछि पनि उनलाई पागलकी जोई भनेर बोलाए भने तिनको हालत के होला ? मनमा सोच्दै सुस्तायो ।

ä ã

**गीत, गजल, म्युजिक भिडियो, विवाह, कार्यक्रम आदिको लागि**

हामीलाई सम्झनुहोस्

Four Cube Entertainment
9860660925/9841466812



# आहट

**हंसा कुर्मी**

त्यो दिन धेरै दिनपछि काम गर्दागर्दै आमा र हजुरआमालाई सम्झेँ । घरका सबै जना निदाएपछि मात्र सुत्नुहुन्थ्यो ।

दिनभरिको थकानले खाना खाएपछि शरीर शिथिल हुँदै गयो । त्यसैले होला रातीको खाना खाएपछि धन्दा सकाएर ओछ्यानमा जाने बित्तिकै भुसुक्क निदाएँछु ।

राती छिट्टै निदाएकोले होला मध्यरातमा आँखा खुल्यो । त्यो पनि एउटा अनौठो आहटले । त्यो आहट गाढा नीलो रङ्गको प्रकाशबाट आएको थियो । बन्द ढोकाबाटै ऊ भित्र पस्यो । किन आएको ? को हौ तिमी ? सोध्ने आँट पनि मलाई भएन... अवाक् ...अनभिज्ञ थिएँ ।

घरका अन्य सदस्य मस्त निद्रामा थिए । कसैलाई उठाउन पनि मन लागेन । कोही भित्र पसेको आहट मात्र भइरह्यो । व्यक्ति हो या अन्य कुनै जीव आँखाले देखिनँ.... गाढा नीलो प्रकाश चलिरहेको मात्र देखियो । जिज्ञासा र कुतूहलता बढ्दै गयो । यत्तिकैमा आवाज सुनियो- 'तयार होऊ, समय कम छ....तिमीलाई यात्रामा जानु छ ।'

यति बेला प्रश्न गर्ने साहस गरेँ- 'कस्तो यात्रा, कहाँको यात्रा ...कति दिनको यात्रा ?'

ऊ चिढियो- 'यात्रा भनेपछि यात्रा ।'

यसपछि कुनै सवाल जबाफ गर्ने साहस भएन । आत्मसमर्पण गरेँ त्यो गाढा नीलो प्रकाशको आहटका अगाडि एउटा हारेको सिपाहीजस्तै । अरू बेलामा गर्ने तयारी झैँ यसपालि पनि मैले यात्राको लागि तयारी गर्न थालेँ । आफूलाई यात्रामा सजिलो हुने लुगाकपडा झोलामा हाल्न थालेँ ।

'त्यो सब केही आवश्यक पर्दैन, लुगा कपडाको चिन्ता लिनुपर्दैन ।' उसले यताउता नियाल्दै भन्यो ।

एकछिन घोरिएँ, त्यसो भए के राखौँ ? यात्रा लामो होला जस्तो छ । आफूलाई मन पर्ने दुई चारवटा किताब राख्नुपऱ्यो । किताबको आलमारी खोलेँ । झोलामा किताब राख्न खोज्दै थिएँ । फेरि उही आवाज सुनियो- 'यो सब केही

पर्दैन, त्यो यात्रामा त्यसको आवश्यकता हुँदैन ...पढ्न पनि भ्याइँदैन ।'

उसको अवरोधले मलाई झर्को पनि लाग्यो र अर्को कुरा सोच्न बाध्य बनायो । यात्रा रमाइलो होस् । नौला कुरा टिप्न पनि हुन्छ, मनमा लागेका केही कुरा लेख्न पनि हुन्छ । एउटा डायरी र दुई वटा कलम राख्नका लागि उठाएँ । अघिकै आहटबाट फेरि सुनियो- 'त्यहाँ लेख्ने काम पर्दैन, त्यो सब लैजानु पर्दैन् ...किन समय खेर फालेको ?'

फेरि मेरो हात रोकियो । कुनै सवाल गर्न सकिन् । ठिकै छ त नि ...त्यसो भए नित्य कर्मको लागि चाहिने समान नै राख्नुपर्‍यो भन्दै ती सामानहरू जम्मा गर्न थालें । त्यो आहट यताउता गरे जस्तै लाग्यो । घरको कुना कुनामा पुग्यो । म भनें आफ्नै धुनमा सामानहरू झोलामा राख्दै ... घरका कोही उठे भने के भन्ने होला ...मनमनै सोच्दै थिएँ । फेरि त्यही निरस आवाज आयो- 'ती सामानहरू कुनै पनि नराख्नु, त्यहाँ त्यसको कुनै आवश्यकता पर्दैन ।'

अब म केही बेर मौन र स्थिर भएँ । विचार गरें, केही लैजान पाइँदैन भने छोराहरू र श्रीमान्लाई म यात्रामा जाँदै छु भनिदिन्छु । पालैपालो उठाउन खोजें तर उसले उठाउन पनि दिएन । यसपालि मैले आफूलाई निकै कमजोर पाएँ । उताबाट आवाज आयो- 'भोलि बिहान उज्यालो भएपछि, आफै जानकारी भइहाल्छ....उठेपछि थाहा पाइहाल्छन् तिमी यात्रामा गएको कुरा....किन अहिले नै सुनाउनुपर्‍यो ।' यसपालि उसले 'तिमी' सम्बोधन गर्‍यो । 'को होला यो ?' भनेर जान्ने जिज्ञासा बढेर आयो तर प्रश्न गर्ने अनि परिचय सोध्ने आँट भएन ।

एकसाथ मनमा थेरै कुराहरू आए । कामहरू थेरै बाँकी रहे जस्तो लाग्यो । यताउता गरिरहें । सही अर्थमा भनौं भने म अलमलिएँ...अगाडि बढौं प्रतिवाद गरौं या उसको हरेक प्रस्ताव स्वीकार गरौं कुनै निर्णय लिन सकिनँ । हुन त अल्मलिनु स्वाभाविक पनि थियो । मेरो ठाउँ अरू भएको भए के गर्थे होला ? प्रश्न उब्ज्यो तर क्षण भरमै हरायो । उसले सबै कुरामा रोक लगाइरहेको थियो । सधैं प्रश्न, प्रतिप्रश्न गर्न रुचाउने म...आज उसको अगाडि निरही प्राणीजस्तै थिएँ । प्रश्न र छलफलबाट नै ठोस तथा सकारात्मक निष्कर्ष निकाल्न सकिन्छ । यो मान्यता थियो तर आफैले बनाएको मान्यताबाट पछाडि हट्न बाध्य थिएँ । समस्यादेखि जति पर जान खोज्यो त्यति नै पछ्याउँछ । यो मेरो बुझाइ थियो तर आज वर्षौंदेखि स्थापित मेरो बुझाइ गलत साबित हुँदै थियो....यस्तै अरू मान्यता र विचार पनि.....त्यो अमूर्त आहटको अगाडि कमजोर थियो ...अर्थहीन बन्दै गइरहेको थियो ।

त्यति बेला मलाई आफैसँग एक साथ थेरै सवाल गर्न मन लाग्यो । सायद उसले मेरो भावलाई नियालिरहेको थियो ...आफ्नै गति, यति, लय र मात्रा पढ्दै

थियो । त्यसैले फेरि दोहऱ्यायो ,'मैले सुरुमैं भनेको हो, तिमीलाई यात्रामा जानु छ । यो दुनियाँको दुनियाँपनमा नलाग... छिटोभन्दा छिटो यात्राको तयारी गर ।'

यसपालि पनि म जबाफविहीन भएँ । आज्ञाकारी छात्राजस्तै अचलित ...अविचलित सुनिरहें, 'त्यो यात्राको लागि त तिमी जे जस्तो जुन हालतमा छौ । त्यसैमा जानका लागि तयार हुनुपर्छ । यसमा केही कुरा, चीज वस्तुको आवश्यकता पर्दैन...त्यो गर्ने, लैजाने...भन्ने...सुन्ने र सुनाउने कुचेष्टा नगर ।'

उसको यो निर्देशन भनौं या सुझाव कानमा पर्दासम्म विचार गरें 'त्यसो भए अब मसँग कुनै उपाय छैन....मैले आफूलाई उसको निर्देशनको बन्दी जस्ती पाएँ । उताउता गरिरहेको त्यो गाढा नीलो प्रकाशको आहट टक्क रोकियो । सँगै सुतेका बच्चाहरू नियाले जस्तो लाग्यो । पल्लो खाटमा सुत्नुभएका मेरा श्रीमान्‌लाई केही बेर घोरिएर हेरे जस्तो लाग्यो तर कसैलाई केही निर्देश गरेन ।

'यात्रा गर्ने बाटो थाहा छैन । पुग्ने गन्तव्य थाहा छैन । कति दिन या समय लाग्ने लामो यात्रा हो ...त्यो पनि थाहा छैन । एउटा अन्जान अमूर्त आहटको निर्देशनमा यात्राको लागि तमतयार हुँदै छु ।' मनमनै गुनगुनाएँ तर यो पनि उसले सुनेछ क्यारे ।'

फेरि पहिले जस्तै बुझाउँदै भन्न सुरु गऱ्यो- 'तिमीले आजसम्म गरेका सबै कामको विवरण मसँग छ अनि तिमीबाट हुन बाँकी रहेका कामका पनि लामो सूची पनि मसँग छ ... यो यात्रापछि तिमीलाई के गर्न लगाउने हो त्यसको तालिका पनि मसँग छ ।'

अब त म झन् जिज्ञासु भएँ तर अब मनमा एक किसिमको डरले डेरा जमाउँदै गयो अनि सोच्न थालें, आखिर यो आहट हो कसको ? जसलाई मेरो विगत, वर्तमान र भविष्य सबै थाहा छ । ती सबैको विवरण उसँग छ ...मिथकमा वर्णित कुनै दानव या दैत्य....या अरू कुनै पराशक्ति त होइन ?'

यति सबै कुरा मनमा खेले पनि, अलिअलि डर लागे पनि ऊ को हो ? अलिकति पनि आभास गर्न सकेको थिइन् ।

आफूसँग केही लैजान नमिल्ने भएपछि । घरकै केही काम गरिदिन्छु । बच्चाहरू बिहान उठेपछि अलि सजिलो हुन्छ । श्रीमान्‌लाई कार्यालय जान अलिक सहयोग पुग्छ । यही सोच्दै काम गर्न सुरु गरें ।

आहटबाट फेरि आवाज सुनियो- 'यात्राको लागि छिटो गर ...छिटो गर ...पटकपटक भनिरहेको छु तर तिमी कहिले केमा...कहिले केमा अलमलिइरहेकी छ्यौ । .....कति भन्नु, अब तिमीले यहाँबाट केही लैजान पाउने छैनौं । यति मात्र होइन, अब उपरान्त केही काम पनि गर्नुपर्दैन ...समय बर्वाद नगर....मेरो पनि...आफ्नो पनि.....निमेष निमेषको अन्तरालमा मलाई धेरै ठाउँ

पुग्नुपर्ने हुन्छ....खै किन हो तिमी कहाँ यति अलमलिएँ ।'

ऊ पनि म कहाँ केही कमजोर बनेको रहेको रहस्य उसले आफै खोल्यो । यति भएपछि के चाहियो । मेरो लहडी बानीले आफ्नो रूप देखायो । मलाई उसको यो अङ्कुश कत्ति मन परिरहेको थिएन् । जे पर्ला, पर्ला...जे होला, होला भन्दै, प्रश्न सोध्ने आँट गरेँ 'मलाई हरेक काम...कुरामा रोक लगाउने... अङ्कुश लगाउने तपाईं को....? कसले ? यो अधिकार....यसरी मध्यरातमा आएर .....मेरो चर्यामा अवरोध गर्न ?'

मेरो प्रश्न सुनेपछि ऊ केही बेर स्थिर भयो अनि लामो हाँसो हाँस्यो ।

उसको हाँसोले झन् उत्सुक बनायो । मनमा अनेक प्रश्नहरू उब्जियो । उसको त्यो गाढा नीलो प्रकाशको आहट भएतिर आज्ञाकारी छात्रा जस्तो हेरिरहेँ । यसपालि उसले कुटिल मुस्कान छोड्दै जबाफ फर्कायो- 'म मृत्यु । तिमीलाई यो धरातलबाट लैजान आएको ।'

उसको जबाफ सुनेर झसङ्ग भएँ । आँखा खुल्यो ... यताउता हेरेँ ....सबै उस्तै ...तर त्यो गाढा नीलो प्रकाश कतै देखिएन । झ्यालबाट बाहिर अम्बाको रूखमा चराहरू चिरबिरचिरबिर गर्दै आफ्नै लयमा केही गाउँदै थिए ।

ä ã


# के तपाईंलाई थाहा छ ?

**हामी २०७९ र २०८० को**
**वर्ष साहित्य पुस्तकमा**
**जुटिसकेका छौं ।**
**प्रत्येक वैशाखदेखि चैत्रसम्म निस्केका**
**पुस्तकहरूको हामी टिप्पणीसहित**
**परिचय प्रकाशन गर्दछौं ।**
**त्यसको लागि**
**हामीलाई पुस्तक उपलब्ध गराउनुहोस् ।**

**साहित्य संवर्द्धन केन्द्र / शब्दार्थ प्रकाशन**

चाबेल, काठमाडौं **०१-४४९७३५१/९८४११४४५१०/९८४१४९६१०३**



# प्रायश्चित

**अरुण नदी खत्री**

एकराज एउटा साधारण परिवारमा जन्मेको थियो। उसको बुवा महेन्द्रप्रसाद क्यान्सर रोगबाट पीडित थिए। क्यान्सर रोग लागेको थाहा पाएपछि उपचार गर्न दुई लाख रुपैंया घटीले नपुग्ने भएकोले उनको घरको आर्थिक स्थिति कम भएर उनलाई उपचार गर्न धौ धौ परेको थियो। छरछिमेकीसँग आफ्नो उपचारको लागि महेन्द्रप्रसादले ऋण माग्दा हामीसँग मागेर लिएको पैसा उसले फिर्ता गर्न सक्दैन भनेर दिन गाह्रो मान्दथे। त्यसैले उनको राम्रोसँग उपचार हुन सकेन। राम्ररी उपचार हुन नसकेपछि चालिस वर्षकै उमेरमा एकराजको बुवा महेन्द्रप्रसादको निधन भयो। महेन्द्रप्रसादको निधन हुँदा एकराज आठ कक्षामा पढ्दै थियो। एकराजकी आमाले निकै दुःख कष्ट गरेर एकराजलाई गाउँकै स्कूलमा दश कक्षासम्म पढाइदिएपछि एकराज एस.एल.सी. परीक्षा उत्तीर्ण भयो र आफ्नो गाउँ छाडेर काठमाडौंमा उच्च शिक्षा हासिल गर्न पुग्यो।

काठमाडौंमा पुगेपछि उसले एउटा सानो कोठा लिएर महिनाको पन्ध्र सय भाडा तिरेर दुःखकष्ट गरेर बस्यो र बिहानको क्याम्पसमा भर्ना भएर दिउँसो सानोतिनो जागिर खान थाल्यो। आफू बसेको घरधनीकी छोरी रमा र उसको एक आपसमा प्रेम सम्बन्ध बाँधिन पुग्यो। प्रेम सम्बन्धमा बाँधिन थालेपछि कहिलेकाहीँ उनीहरूसँगै बाहिर घुम्न निस्कन्थे। कहिले चिडियाखाना, कहिले सिनेमा हेर्न, कहिले गोदावरी, कहिले बालाजुपार्कतिर पुग्दथे। त्यही घरमा बसेर उसले स्नातक तहसम्म उत्तीर्ण गऱ्यो। एकराज स्नातक उत्तीर्ण भएपछि रमालाई भन्यो- 'हाम्रो देशमा म जस्तो बाहिर जिल्लामा घर भएर काठमाडौंमा डेरा लिई बस्नेले राम्रो ठाउँमा जागिर पाउन निकै गाह्रो पर्छ। त्यसैले म बाहिर देश कमाउन जान्छु पाँच वर्ष बसेर आएपछि तिमीसँग विवाह गर्छु।' रमाले 'किन विदेश जान्छौ तिमी लोकसेवा आयोगको तयारी गरेर विज्ञापन भएपछि दरखास्त फाराम भरेर जाँच दिने नि' भनिन्।'लोकसेवा आयोगमा परीक्षा दिएर नाम निकाल्न धेरै गाह्रो पर्छ त्यत्तिकै नाम निस्कन सक्दैन' एकराजले भने। 'आफूले जागिर खान मेहनतसाथ पढेर तयारी गर्दै विभिन्न बैंक तथा संस्थानहरूमा पनि आवश्यकताको विज्ञापन निस्कँदा फाराम भर्ने नि' रमाले भनिन्।

'हाम्रो देशमा शिक्षित व्यक्तिहरूको सङ्ख्या बढेर बेरोजगारी भएर धेरै बसेका छन्, बेरोजगारीहरूको सङ्ख्या दिनहुँ बढ्दै गइरहेको छ, जुन ठाउँको विज्ञापन भए पनि दरखास्त दिनेहरूको भिड हुन्छ, नाम निकाल्न त्यत्तिकै सकिँदैन, म त विदेश जान नै कोसिस गर्छु' एकराजले भने । रमाले- 'हुन्छ नि म तिमी नआएसम्म तिमीलाई कुरेर तिम्रै प्रतीक्षामा विवाह नगरिकन बस्छु नि' भनिन् । एकराज आफ्नो गाउँको डेढ रोपनी जग्गा बेचेर पैसा कमाउन दुबई पुग्यो । दुबई पुगेपछि एकराजले रमाको मोबाइलमा फोन गऱ्यो । रमाको मोबाइल सेट हराएकोले स्वीच अफ थियो । त्यसैले रमाको मोबाइलमा जति पटक फोन गरे पनि तपाईंले सम्पर्क गर्न खोज्नुभएको मोबाइल स्वीच अफ गरिएको छ भन्थ्यो । रमाको मोबाइल स्वीच अफ भएकोले रमा र एकराजबीच सम्पर्क हुन सकेन । रमा हरपल एकराजलाई सम्झन पुग्थिन् । एकराजलाई पनि रमाको यादले सताइरहन्थ्यो । कहिलेकाहीँ रमाले सपनामा एकराजलाई देख्न पुग्थिन् भने एकराजले रमालाई देख्न पुग्थ्यो ।

विदेश पुगेको एक वर्ष हुन नपाउँदै एकराज एउटी विदेशी महिलासँग धनको लोभले वैवाहिक जीवनमा बाँधिन पुग्यो । वैवाहिक जीवनमा बाँधिन पुगेको छ महिना हुन नपाउँदै केटाकेटीबीच मनमुटाव भएर पारपाचुकेका साथ सम्बन्ध विच्छेद हुन पुग्यो । पारपाचुकेका साथ सम्बन्ध विच्छेद हुन पुगेपछि एकराजलाई आत्मग्लानी भयो । उता रमा एकराज विदेश गएको पाँच वर्ष कहिले बित्ला र नेपाल फर्केपछि हाम्रो विवाह हुन सक्ला भनेर सोच्दै बस्थिन् ।

रमाले पनि स्नातक तह उत्तीर्ण भएपछि काठमाडौंमा एउटा बैंकमा नाम निकालेर जागिर खान थालिन् । जागिर खाँदै डिग्री पूरा गरिन् । डिग्री पूरा गरेपछि रमाकी आमाले 'अब रमाको एउटा राम्रो केटा खोजेर विवाह गरिदिनुपऱ्यो' भनी रमाको बुवासँग भनिन् । उनले 'हुन्छ नि' भने । रमाको लागि केटा खोज्न आफ्नो नजिककासँग कुरा गर्दा रमाको बुवाको सँगै काम गरेको साथी प्रमिलाले एकजना राष्ट्र बैंकको अधिकृतलाई कुरा चलाइन् । राष्ट्र बैंकको अधिकृतको घर सङ्खुवासभामा थियो र उसले काठमाडौंमा एउटा घरमा दुई कोठा भाडा तिरेर बसेको थियो । एक दिन घरमा बेलुकाको खाना खाएर सकेपछि रमाकी आमाले रमालाई बोलाएर भनिन्- 'छोरी अब तेरो विवाह गर्ने उमेर ढल्कन लाग्यो एउटा राम्रै बैंकमा काम गरेको अधिकृत केटा हामीले भेट्टाएका छौं तेरो विचार के छ नि ?' रमा केहीबेर बोल्न सकिनन् । रमाकी आमाले फेरि दोहोऱ्याएर भनिन्- 'भन् तेरो विचार के छ ?'

रमाले 'म एकराज विदेशबाट स्वदेश आएपछि उसँगै विवाह गर्छु, मेरो

एकराजसँग प्रेम भएको छ' भन्न साह्रै गाह्रो मानिन् । जेसुकै होस् आफ्नो मनको कुरा आफ्नै आमालाई किन भन्न गाह्रो मानेर लुकाइराख्ने भनेर रमाले 'आमा हाम्रै घरमा भाडामा बस्ने एकराजसँग मेरो प्रेम भएको थियो । उसले मलाई साह्रै मन पराउँछ, मैले पनि उसलाई साह्रै मन पराउँछु । ऊ दुबई काम गर्न गएको चार वर्ष बितिसक्यो, अब एक वर्षसम्म ऊ स्वदेश फर्केपछि म उसँगै विवाह गर्छु' भनिन् । 'हुन्छ नि त तेरो उसँग सम्बन्ध गाँसिएको भए उसैलाई कुरेर बसौंला नि त' आमाले भनिन् ।

पाँच वर्ष बितेपछि एकराज आफ्नो विवाह गर्न भनेर डेढ महिना जति बिदा स्वीकृत गराएर स्वदेश फर्कियो । स्वदेश फर्केपछि उसले काठमाडौंमा पढ्न बस्दा मन पराएकी केटी रमालाई काठमाडौं आइपुगेकै दिनमा सम्पर्क गर्न खोज्यो । रमासँग उसको सम्पर्क हुन सकेन । त्यसैले काठमाडौं आइपुगेको भोलिपल्टै ऊ आफ्नो गाउँमा गयो । आफ्नो गाउँमा पुगेपछि आमाको खुट्टामा ढोग्यो । आमाले 'कति छुट्टी लिएर आइस् त छोरा' भनिन् । 'डेढ महिना जतिको छुट्टी मागेर आएको हुँ' एकराजले भन्यो । 'डेढ महिना बस्ने गरी आएको भए यो गाउँको समाजसेवी मानबहादुरकी छोरी रविना राम्रो केटा पाउन नसकेर विवाह नगरी बसेकी छे, उनीसँगै तेरो विवाहको कुरा चलाएर विवाह गरेर विदेश फर्के भइहाल्छ नि' भनिन् । मानबहादुरकी छोरी रविनासँग कुरा चलाएपछि केटाकेटीबीच दुवैले विवाहको लागि स्वीकार गरे । दुवैजनाले स्वीकारेपछि गाउँकै एउटा मन्दिरमा गएर एकराज र मानबहादुरकी छोरीको विवाह कार्यक्रम सम्पन्न भयो ।

एकराजसँग प्रेममा बाँधिन पुगेकी रमा- पाँच वर्ष त बित्यो एकराज किन विदेशबाट आइपुगेन होला भनेर उसलाई झलझली सम्झिँदै दिक्क भइन् । एकराजलाई सम्झिँदै बस्दा रातमा निद्रा लाग्न पनि गाह्रो पर्थ्यो खाना पनि त्यति रुच्दैनथ्यो । एक दिनको कुरा हो, एकराजसँगै क्याम्पसमा पढ्दा ताकाको साथी माधवसँग रमाको भेट हुन पुग्यो । माधवसँग रमाको भेट भएर गफ गर्दै जाँदा रमाले- 'अब त एकराज पनि नेपाल फर्किनुपर्ने हो किन नफर्केको होला ?' भनिन् । माधवले 'एकराज नेपाल फर्केर डेढ महिनाजति बसेर आफ्नै गाउँकी केटीसँग विवाह गरेर विदेश फर्केको एक महिना भइसक्यो नि' भने । माधवको यो भनाइ सुन्दै गर्दा रमा अकस्मात् आँखाबाट आँसु झार्दै भुइँमा ढलिन् । रमालाई के भयो होला भनेर माधव आत्तियो । माधवले आत्तिएर रमालाई भूइँबाट उठाई उनको घरसम्म पुऱ्याइदियो । घरमा पुगेपछि रमाको आँखाबाट आँसु झरेको देखेर रमाकी आमाले- 'छोरी तँलाई के भयो ?' भनिन् । रमाले आमा यो घरमा भाडामा बसेर बाहिर देशमा पैसा कमाउन गएको मसँग प्रेम गरेको केटाले

नेपाल आएर आफ्नै गाउँकी केटीसँग विवाह गरेर फेरि बाहिर देश फर्किसकेछ नि ! मलाई त्यसले ठूलो धोका दियो रुँदै भनिन् । 'जे भयो भइहाल्यो अब किन रुन्छेस् छोरी, त्यसले तँलाई धोका दिए पनि त्योभन्दा राम्रो केटा विवाह गर्न खोज्यौं भने पाइहालिन्छ नि' आमाले भनिन् । रमाले 'मलाई झुक्याएर विवाह गर्ने त्यसलाई भविष्यमा के राम्रो होला र ?' भनिन् । 'अगाडि कुरा चलेको राष्ट्र बैंकको अधिकृतले विवाह नगरेको भए उसँगै कुरा चलाएर तेरो विवाह गरिदिउँला नि त' रमाको आमाले भनिन् । राष्ट्र बैंकको अधिकृतको कुरा ल्याउने प्रमिलालाई रमाको बुवाले मोबाइलमा फोन गरेर त्यो मेरी छोरीसँग विवाहको कुरा चल्ने राष्ट्र बैंकको अधिकृतको विवाह भयो त ?' भन्दै प्रश्न गऱ्यो । 'त्यो केटाको विवाह भइसक्यो नि' प्रमिलाले भनिन् । त्यसपछि रमाको बुवाले 'मेरी छोरीको विवाह गर्न कुरेर बसेको केटाले अर्कै केटीसँग विवाह गरेर विदेश फर्किसकेछ त्यस्तै स्थायी जागिर खाएको अधिकृत स्तरको असल चरित्र भएको केटा कतै छैन ?' भने । 'बुझ्नुपर्ला म बुझेर हजुरलाई खबर गर्छु नि' प्रमिलाले भनिन् ।

केही दिन लगत्तै प्रमिला आफ्नो माइत पुगिन् । माइतमा पुगेर दाजुसँग कुराकानी चल्दै गर्दा– 'अब जेठो छोरा प्रकाशको विवाह गर्नुपर्ने भयो प्रकाशको लागि कुनै सुहाउँदी केटी कतै छ कि ?' दाजुले भने । 'त्यसो भए मसँगै काम गरेको साथीले आफ्नी छोरीको लागि केटा कतै छैन भनेर एक हप्ता अगाडि सोधेका थिए उसँगै कुरा चलाउँला नि त' प्रमिलाले भनिन् । 'केटी कति पढेकी छे नि ?' प्रमिलाको दाजुले सोधे । 'केटीले डिग्रीसम्म पढाइ पूरा गरेकी छे' प्रमिलाले भनिन् । 'त्यसो भए त्यो केटीसँग कुरा चलाएर केटाकेटीबीच देखाउने काम गरौं न त' दाजुले भने । 'हुन्छ नि त म मेरो साथीको घरमा भोलि नै गएर यस बारेमा कुरा गर्छु नि' प्रमिलाले भनिन् । प्रमिला माइतबाट आफ्नो घर फर्किन् र घर पुगेको भोलिपल्टै आफूसँग काम गरेको साथी रमाको बुवालाई भेट्न रमाको घरमा पुगिन् । 'म हिजो आफ्नो माइत गएको थिएँ, माइतमा मेरो आफ्नै दाजुको छोरा मेरो भदाको पनि विवाह गर्ने भनेका छन्, हजुरकी छोरीसँग कुरा चलाउँदा कस्तो होला ?' प्रमिलाले सोधिन् । 'तपाईंको भदा कति वर्षको भयो के काम गर्छ नि ?' रमाका बुवाले सोधे । 'मेरो भदा सत्ताइस वर्षको भयो उसले डिग्री सकेर आफ्नो पढाइ पूरा गरेको छ । मिलेसम्म स्वदेशमै अवसर पाएमा जागिर खाने यहाँ अवसर नपाए विदेशमा जाने विचार गरेको छ' प्रमिलाले भनिन् । रमाको बुवाले 'उसो भए तपाईको भदासँग मेरी छोरीको विवाहको लागि कुरा तुरुन्तै गरौं न त' भने ।

रमाले तुरुन्तै माइतमा आफ्नो दाजुलाई फोन गरिन् । फोनमा दाजुसँग 'प्रकाशको विवाहको लागि त्यो मैले हिजो माइतमा आउँदा कुरा गरेको केटीको

बुवाले कुरा गरौँ भनेका छन्, उनीहरू दुवैजनालाई भेटेर कुनै ठाउँमा देखाउने काम गरौँ न त' भनिन्। रमा र प्रकाशलाई अर्को दिन दिउँसो बालाजुपार्कमा भेट गराएर देखाए। दुवैजनाले हेराहेर गरेपछि विवाहको लागि स्वीकारे। उनीहरूबीच वैवाहिक जीवन राम्ररी बाँधिन पुग्यो। वैवाहिक जीवन बाँधिएपछि रमाको नयाँ दुलाहा प्रकाश नेपालमा राम्रो जागिर पाउन नसकेर विवाह गरेको डेढ वर्षपछि दुबईमा नै काम गर्न पुग्यो। दुबईमा ऊ रमासँग प्रेम गरेको केटा एकराजले काम गरेकै अफिसमा काम गर्न पुग्यो। उनीहरू दुवैजना फेसबुकमा पनि साथी भए। फेसबुकमा साथी भएपछि प्रकाशले आफ्नो दुलहीसँगको फोटो राखेको हुँदा एकराजले- 'तपाईंको श्रीमतीलाई त मैले कतै देखेको हुनुपर्छ' भने। 'कता देख्नु भयो त मेरी श्रीमतीलाई ?' प्रकाशले भने। 'पहिला तपाईको श्रीमतीको नाम के हो भन्नुस् त' एकराजले भने। 'मेरी श्रीमतीको नाम रमा हो' प्रकाशले भने।'त्यसो भए म तपाईको श्रीमती रमाको घरमा नै काठमाडौँमा बस्दा उनकै घरमा भाडामा बसेको थिएँ नि त' एकराजले भने। 'विवाह कहिले भएको थियो नि तपाईंहरूको ?' एकराजले सोधे। 'हाम्रो विवाह भएको करिब दुई वर्ष पूरा हुन लाग्यो' प्रकाशले भने। 'मेरी प्रेमिका रमाले निक्कै दिनसम्म विवाह नगरीकन मलाई कुरेर बसेकी रहिछे मैले ठूलो गल्ती गरेर उनीलाई धोका दिन पुगेँ छु धिक्कार छ, धिक्कार छ' भन्दै एकराजले दुःख माने।

एकराज विवाह गरेर आफ्नो रोजगारको लागि फेरि विदेश फर्केपछि दश वर्षसम्म पनि नेपालमा आउन पाएन र उसले आफ्नो घरमा विदेशमा कमाएको पैसा पनि पठाउन सकेन। एकराजको आमा र श्रीमती रविनालाई खान लाउन साह्रै धौ धौ पर्‍यो। खान र लाउन धौ धौ परेपछि एकराजकी श्रीमती रविना म यस्तो घरमा बस्न सक्दिनँ भनेर आफ्नो घर छाडेर आफ्ना लुगा र गरगहनाहरू बोकेर सासुसँग बिदा माग्दै माइत पुगिन्। माइत पुगेको एक महिना हुन नपाउँदै अर्को केटासँग मन्दिरमा गएर वैवाहिक जीवनमा बाँधिन पुगिन्। केही वर्षपछि एकराज फेरि बिदा लिएर स्वदेश फर्कियो। काठमाडौँबाट आफ्नो गाउँको घरमा पुग्नासाथ आमाको खुट्टामा ढोग्दै रविना खै त आमा ? भन्न नपाउँदै आमाले- 'तेरो रविनाले यस घरलाई छाडेर आफ्नै माइत घर कहिल्यै नफर्कने गरी गइहाली नि' भनिन्। आमाको यो भनाइ सुन्न नपाउँदै एकराजलाई आत्मग्लानी भयो।

सामाखुसी मार्ग, काठमाडौँ।

ä ã

**के तपाईंले शब्दार्थका शब्दकोशहरू पढ्नुभएको छ ?**



पुछारको पातो

# कथाको सैद्धान्तिक स्वरूप

प्रा.डा. भागवत ढकाल

## १.१ कथाको व्युत्पत्ति र परम्परा

आधुनिक साहित्यको लोकप्रिय नव विधाका रूपमा परिचित **कथा** शब्दको अर्थ पूर्वीय तथा पाश्चात्य विद्वान्‌हरूले आ-आफ्नै किसिमले दिँदै आएका छन् । यहाँ कथा शब्दको व्युत्पत्तिमूलक अर्थ र कथाको पूर्वीय तथा पाश्चात्य परम्परालाई देखाउने प्रयास गरिएको छ ।

### १.१.१ कथा सम्बन्धी पूर्वीय दृष्टिकोण एवं परम्परा

पूर्वीय संस्कृत काव्य साहित्यमा **कथा** शब्दको प्रयोग प्राचीन कालदेखि नै हुँदै आएको पाइन्छ । **कथा** शब्द **कथ्** धातुमा **ण्यासश्रन्थो युच्** सूत्रले **युच्** प्रत्यय प्राप्त हुँदा **चर्चश्च** सूत्रले **युच्**को निषेध गरी **अङ्** प्रत्ययको आदेश र **टाप्**को आगमन भई **कथ्+अङ्+टाप्-** कथा शब्द बनेको हो । **कथ्** धातुको अर्थ कुनै कुरा भन्नु, समाचार दिनु आदि मानिएको छ ।

आख्यान, आख्यायिका जस्ता नामबाट पनि प्रचलित रहेको कथा शब्दको अर्थ कल्पित वा मनगढन्त कहानी गद्यमा लेखिएको आख्यानयुक्त यथाशक्य छोटो रूप, कहानी गल्प, लघुकथा आदि गरिएको छ, यिनै अर्थलाई वहन गर्ने क्रममा काव्य साहित्यमा कथा शब्दको प्रयोग ईशापूर्वदेखि नै यस प्रकार प्रचलित रहेको पाइन्छ । **इत्याख्यायिकाम्यो बहुले लुब्वक्तव्यम्** (आख्यायिकाहरूमा लुब्‌को बहुलता हुन्छ ।) **अनन्तरस्यापि प्रश्नाख्यानयो** (आख्यानलाई प्रश्नोत्तरका रूपमा पनि लिन सकिन्छ) आख्यानका पाँच लक्षणका रूपमा प्रबन्ध, कल्पना, कथा, प्रवल्लिका, प्रहेलिका रहेका छन् ।

त्यसैगरी राजाको दिनचर्याका रूपमा इतिहास पुराणका इतिवृत्त आख्यायिका सुन्नु पनि रहेको देखिन्छ । कथा र आख्यायिकाको विभाजन गरी आख्यायिकालाई सत्य ऐतिहासिक घटनायुक्त रचनाका रूपमा र कथालाई कल्पना प्रस्तुत रचना मानी यिनको स्वरूपगत एवं विधागत पार्थक्य देखाइएको छ । त्यस्तै कथालाई सत्य घटनामा आधारित संस्कृत, प्राकृत अथवा जुनसुकै अपभ्रंश भाषामा लेख्न सकिने छन्दहीन भए तापनि उच्छ्वासद्वारा कथावस्तुको विभाजन तथा चरित्र चित्रण तृतीय पुरुष शैलीमा वर्णन गरिने विधा विशेष र आख्यायिकालाई संस्कृत

भाषा, सुमधुर शब्दावली, परिच्छेद विभाजन, उदात्त विषयवस्तुको नायकद्वारा प्रस्तुति आदि आवश्यकता देखाउँदै विधागत पार्थक्य गरिएको पाइन्छ। यस कुरालाई खण्डन गर्दै आख्यायिका, कथा, खण्डकथा, परिकथा आदिलाई गद्य जातिका एक भेदका रूपमा लिँदै भाषाका दृष्टिले पनि संस्कृत भाषा एवं मृत भाषा दुवैलाई उत्तिकै महत्त्व दिइएको छ । यस्तै बौद्ध आचार्यहरूले पनि कथा तथा परिकथाको चर्चा गरेका छन् । कथालाई कामिनी स्त्रीसँग तुलना गर्दै यसको उपयोगिता बलिरहेको दीपक झैँ हुन्छ, अतः यसमा अलङ्कारको प्रयोग, कुतूहलताको निर्वाह, सुमधुर भाषाशैली जस्ता वैशिष्ट्य देखाइएको छ । कथा आख्यायिका खण्ड कथा, परिकथा, कथालिका जस्ता गद्य साहित्यका भेदका रूपमा पनि कथालाई लिइएको छ । त्यसैगरी महाकाव्यको कथावस्तुको परिचय दिने क्रममा कथाको चर्चा बाणभट्टका कृतिलाई आधार मानेर गरिएको छ। यस्तैगरी आख्यानलाई तीन भाग गरी कादम्वरीलाई कथा, हर्षचरितलाई आख्यायिका र पञ्चतन्त्रलाई आख्यानका रूपमा लिई कथा सरस विषयका काव्यात्मक श्लोकहरूमा अभिव्यक्त हुन्छ, परिच्छेद, छन्द, प्रारम्भ, आदि पक्षमा आख्यायिकाभन्दा कथा भिन्न हुन्छ भन्ने धारणा पनि पाइन्छ । आख्यानलाई बोल्नु, घोषणा गर्नु समाचार दिनु, कुनै प्राचीन कहानीको निर्देशन गर्नु जस्ता अर्थमा पनि प्रस्तुत गरिएको छ। काल्पनिक या पौराणिक आख्यानका रूपमा पनि अभिव्यक्ति दिइएको छ । आख्यानकलाई कथा र पौराणिकलाई कथानकमा पनि विभाजन गरेको देखिन्छ । समाचार अथवा यस्तै कुनै कुरा भन्ने अर्थमा पनि कथालाई लिइएको छ। त्यस्तैगरी घोषणा र उल्लङ्घनको अर्थमा कथालाई लिइएको पाइन्छ । सङ्केत गर्नु निर्देश गर्नु, मनगढन्त, कपोककल्पित, वृत्तान्त या सन्दर्भ उल्लेखका, रूपमा पनि कथालाई चिन्ने र चिनाउने प्रयास गरेको देखिन्छ । त्यसैगरी सामान्य आख्यानका कथन, निवेदन, उक्ति, कथा, कहानी आदि र विशेषअन्तर्गत भेदक धर्म, पुरावृत्तकथन जस्ता कुराहरूको पनि चर्चा गरेको पाइन्छ । हिन्दीमा कथा, कहानी शब्द प्रायः प्राचीन कथानक या वृत्तान्तको अर्थमा प्रयोग भएको देखिन्छ। त्यसैगरी आख्यानका पयार्यका रूपमा कथा, कथानक, आख्यायिका, वृत्तान्त आदिलाई लिइएको छ । यसरी विकसित भई परम्परामा प्रचलित रहेको कथालाई नेपाली साहित्यमा गद्यमा लेखिएको आख्यानयुक्त यथाशक्य छोटो रूप भन्दै कहानी, गल्प, लघुकथा, जस्ता पयार्यवाची शब्द दिइएको छ। यसैले नेपाली कथाको प्रारम्भमा आख्यान, गल्प, कहानी आदि भनिएको भए पनि अचेल नेपाली साहित्यमा यस विधाको लागि कथा नै सर्वाधिक रूपमा प्रचलित भएको छ ।

